ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २३, अङ्क २, पूर्णाङ्क २६५, २०८३ जेठ



मूल्य रु. ५०/–

विशेष संवाद

पार्वती आग्री

# शुभारम्भ



## प्रा. डा. दयाराम श्रेष्ठ

पूर्णबहादुर श्रेष्ठ 'व्यथित' (वि.सं.१९६९-२००४) आधुनिक नेपाली साहित्यको शारदाकालीन (वि.सं.१९९१-२०१८) गद्यशिल्पी हुन् । यसकालका गद्यशिल्पीहरू क्रूर राणाशासनको कठोर शासनव्यवस्थाद्वारा अत्यन्त त्रसित र प्रताडित भएका हुँदा आफ्नो साहित्यिक सिर्जनाकार्यमा अत्यन्त सचेत र सजग थिए। पूर्णबहादुरका गद्यरचनाहरूमा दुइटा आख्यान र बाँकी निबन्धहरू रहेका छन्। निबन्धहरू विषयगत दृष्टिले वस्तुपरक भए पनि तिनमा साहित्यिक विशेषताहरू यथास्थान झल्किएको हामी पाउँदछौँ जसले गर्दा ती गद्यरचनाहरू शैल्पिक सौन्दर्यद्वारा अलङ्कृत भएका छन् । उनको गद्यशैलीमा शब्दचयनदेखि आलङ्कारिक अभिव्यक्ति, लयात्मकता, विम्बात्मक पदपदावली र विषयगत प्रक्षेपणको विधि नितान्त निबन्धात्मक छ जसमा आत्मपरक शिल्पकारिता भरपुर छ। उनले निबन्धका बारेमा गरेको परिभाषा पूर्णतः शास्त्रीय सिद्धान्तमा आधारित छ । यस्तो परिभाषालाई निबन्धको स्वरूप प्रदान गर्न एकातिर ज्ञान वा बौद्धिकताको आवश्यकता पर्दछ नै साथै अर्कातिर प्रतिभाको पनि त्यत्तिकै आवश्यकता पर्दछ। विचारलाई निबन्धको संरचनाभित्र राख्न निबन्धकला नजानी हुन्छ र ? उनका निबन्धहरू निजात्मक जति छन्, ज्ञानबर्धक पनि त्यत्ति नै छन् ।

यसरी ८०/९० वर्षअघि लेखिएका निबन्धहरू त्यति शक्तिशाली हुनु, त्यस समयको सापेक्षतामा हेर्दा बेजोड देखिन्छ। आधुनिक नेपाली निबन्धको इतिहासमा उनको नाम लेखिनुपर्दछ, लेखिने छ। यस सङ्ग्रहमा परेका दुइटा आख्यान पनि कलात्मक छन् तर निबन्ध विधामा उनको जुन वैशिष्ट्य मुखरित भएको छ, त्यो आख्यान विधामा कमै छ तर उनको गद्यशैलीको चमत्कार भने देख्नसकिन्छ।

*-प्रा.डा.दयाराम श्रेष्ठ (नरेन्द्रबहादुर श्रेष्ठद्वारा सम्पादित 'पूर्णबहादुर श्रेष्ठ 'व्यथित'का गद्यरचनाहरू' सङ्ग्रहमा समाविष्ट भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# विकास तथा व्यवस्थापनका नामको आतङ्क र सुशासनको लक्ष्य !

जेनजी आन्दोलनको आवरणमा अन्तर्य जेसुकै भए पनि बाहिरी रूपमा सुशासनको बर्कोले छोपेर गरिएको आन्दोलनले मुलुकको आवधिक निर्वाचनलाई करिब दुई वर्ष अगाडि सार्‍यो । निर्वाचनताका जनतासमक्ष गएका परीक्षण भएकै कथित नयाँ भनाउँदाहरूले राम्रै भ्रम छर्न सफल भए कि पुराना भनेका वा करिब तीन दशकदेखि नेपाली राजनीतिमा शासनसत्ता सम्हालेर बसेकाहरूले फगत भ्रष्टाचार गरे, मुलुकको विकासमा योगदान गरेनन्; नातावाद, कृपावाद, आसेपासेवाद, भ्रष्टाचार, घुस, कमिसन, डनवादमा लिप्त भए त्यसैले यिनीहरूलाई विस्थापन गर्नु आवश्यक छ । लगभग विगत देखिइसकेकै भए पनि जनताले त्यसरी छरिएको भ्रम पत्याइदिए र जनमतकै माध्यमबाट बलियो सरकार मुलुकमा स्थापित भएको छ।

बलियो सरकार र दिगो विकास, नियम कानुनको स्थिरता र प्रभावकारी कार्यान्वयन, निष्पक्ष एवम् निःस्वार्थ शासनशैली, झन्झटमुक्त र सहज सरकारी सेवाको प्राप्ति आदि नै जनअपेक्षा पहिला पनि थिए र अहिले पनि छन् । नभन्दै बलियो सरकारले एक महिनाको कार्यकाल पूरा पनि गरिसकेको छ। तर सरकारमै अहिले द्विविधा देखिएको छ ! एकातिर सरकार हिजो सम्पूर्ण गलतै गलत मात्र थियो, सरकारले सुशासन दिनसकेकै थिएन, हुनुपर्ने कुरा केही पनि भएकै थिएन भनेर डङ्क पिटिरहेको छ भने अर्कातिर त्यही सरकारका अर्थमन्त्रीले जारी गरेको स्वेतपत्रमा मुलुकमा लोकतन्त्र स्थापनापछिको यो अवधिमा यी यी र यति यति काम भएका छन्, मुलुकको आर्थिक अवस्थामा यसरी यसरी सुधार र रूपान्तरण भएको छ, यो तहमा गरिबी न्यूनीकरण भएको छ, विकासका पूर्वाधार पनि पर्याप्त बनेका छन् भनेर कैयौँ सकारात्मक विवरण नै उल्लेख गरेका छन्, जुन यथार्थपरक छ !

भए गरेका राम्रा र सकारात्मक पक्षलाई यथार्थपरक ढङ्गले चित्रण गर्नु र हुनुपर्ने तर हुननसकेका वा गरिनुपर्ने तर ध्यान नपुगेका क्षेत्रहरूमा ध्यान दिई समानुपातिक विकासको अवधारणा ल्याउनु र जनताको जीवनस्तर उकास्न, रोजगारीका अवसर सिर्जना गर्न, कहालीलाग्दो रूपमा भइरहेको युवापलायन रोक्न, मुलुकको अस्वभाविक बसाइँसराइ रोक्न हरसम्भव इमानदार प्रयत्न गर्नु अहिलेको सरकारको दायित्व हो, कर्तव्य हो। हिजो जुन जुन क्षेत्रमा जहाँ जहाँ विकृति विसङ्गति मौलाएका थिए, ती ती क्षेत्र र स्थानमा सुधारका इमानदार प्रयत्न गर्नु र जनतामा भरोसा जगाउनु यो सरकारको दायित्व हो, कर्तव्य हो तर हिजो भएकाजति चैं सबै सबै गलतै मात्र हुन् भन्नु वा हिजोकाले यति धेरै कमीकमजोरी गरेका थिए तर हामीले यति थोरै मात्र कमीकमजोरी गरेका हौं भन्नु चाहिँ सर्वथा गलत हो । थोरै गल्ती कमजोरी गर्नु चाहिँ असल हुनु वा राम्रो हुनु किमार्थ होइन। बेलगाम बोल्नु, हुलहुज्जतलाई प्राथमिकतामा राख्नु, गालीगलोज नै एक मात्र उद्देश्य होजस्तो देखाउनु चाहिँ अर्को अतिवाद हो । हिजो यो मुलुकमा विद्यमान

रहेका ऐन, कानुन, नियमबमोजिम भए/गरेका कामकारवाहीलाई आग्रहपूर्ण तरिकाले उल्टाउनु वा हिजो कानुनबमोजिम गरिएका नियुक्ति वा अन्य कामकारवाहीलाई राजनीतिक मात्र देख्नु, आफूबाहेक सबै सबैलाई अयोग्य मात्र देख्नु चाहिँ 'भदौमा आँखा फुटेको डिँगोले सधैँ हरियो देख्छ' भनेजस्तै हो।

लोकतन्त्रमा हरेक व्यक्तिले विचार बोक्न पाउँछ, बोक्छ । अन्य राजनीतिक दलको विचार बोक्नेहरू सबै झोले भइहाल्ने हो भने सत्तारुढ दलका विचार बोक्ने वा सहयोग गर्नेहरू चाहिँ के आकाशबाट खसेका पात्र हुन् ? त्यसो भए ती चाहिँ झोले हुँदैनन् ? यो तहको हुल्लडबाजी सङ्कीर्णता पालियो भने मुलुकका समस्याको निकास वर्तमान राजनीतिले पनि किमार्थ गर्नसक्तैन । आग्रह र प्रतिशोध कुनै पनि हालतमा सुशासन हुनसक्तैन। विवेकमा बिर्को लगाएर गरिने गालीगलोज र हुल्लडबाजी फेसबुके प्रवृत्ति पनि सुशासनको मानक हुनसक्तैन । अयोग्यतालाई योग्यताले छपक्क छोपेर; त्रास, हुलहुज्जत, आक्रोशले होइन शिष्ट र शालीन व्यवहारका माध्यमबाट; नीतिनिर्माणका माध्यमबाट र रहेभएका कानुनको पनि प्रभावकारी कार्यान्वयनका माध्यमबाट आफूलाई श्रेष्ठ साबित गर्नसकियो भने मात्र देख्खल रूपमा सुशासनको प्रत्याभूति गर्नसकिन्छ। हामी नै सर्वेसर्वा हौँ, हामी मात्र जानकार छौँ अरू कोही पनि काम लाग्दैनन् भनेर अरूको क्षममताको अवमूल्यन गरियो भने पनि सुशासन 'आकाशको फल आँखा तरी मर' भनेझैँ हुनजान्छ। चौतर्फी रूपमा आतङ्क मात्र सिर्जना गर्ने प्रवृत्ति नै सुशासनको अस्त्र ठान्ने हो भने त्यो भ्रमको पर्दा पनि निकै छिटो च्यातिन्छ, धुजा धुजा हुन्छ।

परिवर्तन र रूपान्तरण सम्पूर्ण नेपाली नागरिकको चाहना हो तर त्यो विधिसम्मत चाहिँ हुनै पर्छ। सरकारले परिवर्तन गर्नखोजेका हरेक क्षेत्रमा नियत असल हुँदासम्म सबै नागरिकको साथ र सहयोग रहन्छ तर के सरकार सबैको साथ र सहयोग चाहिरहेको छ त ? शिक्षाक्षेत्रमा विद्यमान प्रचलनलाई सरकारले रूपान्तरण गर्नखोज्यो तर के सरोकारवालासँग सरकारले सामान्य परामर्श गऱ्यो ? संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ तर सङ्घीय सरकारले विद्यमान प्रचलनमा सुधार गर्दा प्रदेश तथा स्थानीय सरकारसँग परामर्श गर्नुपर्दैनथ्यो ? त्यही अहमूले सरकारको निर्णयलाई स्थानीय सरकारकै तहबाट चुनौती दिइयो, दिइँदै छ। सरकार विश्वविद्यालयका विद्यार्थी सङ्गठन खारेज गर्ने आफूखुसी निर्णय गरिरहेको छ, उसले सरोकारवालासँग छलफल बहसको आवश्यकता त देखेन नै तर संविधान र कानुनमा भएको व्यवस्थालाई सोझै चुनौती दिन सरकारले सक्ने हो त ? त्यसैगरी कर्मचारी तथा श्रमिकका ट्रेड युनियन खारेज गर्ने र प्रचलित संविधान र कानुनले दिएको सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हक खोस्ने निर्णय पनि सरकारको तहबाट भएको छ! के सरकारले विद्यमान संविधान, ऐन, कानुनको पालना गर्नुपर्दैन ?

सरकारले हक, अधिकार खोस्नखोजेका उल्लिखित क्षेत्रमा पर्याप्त विकृति, विसङ्गति छन्। वास्तवमै विद्यार्थीका, कर्मचारीका, मजदुरका सङ्घसङ्गठनले आफ्नो सीमा नाघेर काम गरेका छन्, गरिरहेका छन् । उनीहरूले विकृति, विसङ्गति फैलाएका मात्र छैनन्, अराजकतासमेत सिर्जना गरेका छन् । व्यक्तिगत स्वार्थमा, वैभवमा, सुखसयलपूर्ण र विलासी जीवनशैली जिउनमा सङ्घसङ्गठनको दुरुपयोगसमेत गरेका छन् ! ती क्षेत्रमा सुधार र

रूपान्तरण अत्यावश्यक छ तर सरोकारवालासँग छलफल नै नगरी, विद्यमान ऐन तथा कानुनमा परिमार्जन नै नगरी 'हामी त आफैँ जान्ने हौँ' भन्ने शैलीमा काम गर्नखोज्नु मूर्खतापूर्ण अतिवाद हो । यो मैमत्त शैली लोकतान्त्रिक हुँदै होइन, अधिनायकवाद हो । सरकारसँग सुविधाजनाक बहुमत रहेको वर्तमानमा सरकारले कुन कुन क्षेत्रमा सुधार तथा रूपान्तरण गर्नखोजेको हो र ती क्षेत्रमा परिवर्तनका पक्षमा काम गर्नका लागि कुन कुन कानुनहरू बाधक छन् भन्ने पहिचान गरी तिनमा संशोधन गर्ने, कम्तीमा पनि सरोकारवालासँग संवाद गर्ने अनि परिवर्तनको बाटोमा सरकार अगाडि बढ्ने भइदिएको भए विधिसम्मत बाटो हुन्थ्यो र सबै सबैको सहयोग पनि प्राप्त हुन्थ्यो । वास्तवमै अहिलेको वर्तमान हरेक क्षेत्रमा हुर्किएको विकृति, विसङ्गति, गुन्डागर्दीका कारण निराशाजनक रहेको छ र यी सबै पक्षमा रूपान्तरणका लागि सरकारले चाल्ने विधिसम्मत बाटोमा हरेक नागरिकको साथ र सहयोग रहन्छ । जनताको आशा र अपेक्षा पनि यही थियो तर सरकार जनअपेक्षा होइन आफ्नो अहम्को प्रदर्शनमा लागेको र उसको शैली लोकतान्त्रिक होइन जबरजस्तीको हुने छ भन्ने देखाउन खोजिरहेको छ ! जुन जनअपेक्षाविपरीत छ ।

करिब तीन दशकदेखि समाधान हनुनसकेको वा समाधानका प्रयत्न गरेजस्तो गर्ने तर स्थायीरूपमा समाधान गर्ने प्रयत्न चाहिँ भित्रैदेखि नगरिएको सुकुमवासी समस्यामा अहिले सरकारले धावा बोलेको छ । मुलुकका प्रायःजसो सहरी क्षेत्रमा, उपत्यकाको नदीकिनारमा वा सार्वजनिक जग्गामा अव्यवस्थित र असुरक्षित बसोवास गर्दै हामी सुकुमवासी हौँ भनेर कब्जा गर्ने प्रवृत्ति दीर्घरोगका रूपमा रहेको थियो । मुलुकभरि कहीँ कतै आफ्नो वा आफ्ना परिवारका नाममा तीनपुस्तासम्म जग्गाजमिन नभएका, बसोवास गर्ने ठाउँ नभएका जनता सुकुमवासी हुन् । उनीहरूलाई राज्यले आआफ्नै क्षेत्रमा बसोवासको व्यवस्था मिलाइदिनु दायित्व हो । जनताको बाँच्नपाउने हक सुरक्षित गरिदिनु सरकारको कर्तव्य पनि हो ।

वेला वेलामा सरकारले सुकुमवासी हौँ भन्नेलाई पहिचान गरी आआफ्नै क्षेत्रमा वा तोकिएको क्षेत्रमा बसोवास गराउँछौँ भन्दा 'जहाँ बसेका छौँ त्यहीँ चाहिन्छ, अन्यत्र जाँदैनौँ' भनेर सुकुमवासीले भन्ने गरेको पनि सुनिएको हो र त्यस्तो अभिव्यक्ति बेठिक हो । नहुनेलाई दिनुपर्नेले दिन्छु भन्नु दायित्व हो भने पाएको ठाउँमा बसिदिनु पाउनेको कर्तव्य हो । राज्यले मानवअधिकारका अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरेको छ र त्यसको पालना गर्नु उसको कर्तव्य हुनजान्छ । 'सुकुमवासी बसेका भनिएका बस्तीमा वास्तविक सुकुमवासीभन्दा दश गुणाभन्दा बढी हुकुमवासीको हस्तक्षेप छ र यिनीहरूका कारण कुनै न कुनै दिन राज्यले हस्तक्षेप गर्ने बाध्यता आउँछ र त्यो दिनमा वास्तविक सुकुमवासी अन्यायमा, मर्कामा पर्ने छन्' भनेर सरोकारवाला विज्ञहरूले निकै पहिलेदेखि नै चेतावनीसमेत दिइरहेकै थिए । नभन्दै नयाँ सरकारद्वारा अत्यन्त छोटो सूचना दिएर, न्यूनतम मानवअधिकारको पनि ख्याल नगरी सम्पूर्ण सुरक्षाबल प्रयोग गरी सुकुमवासी बस्ती मटियामेट पारिएको छ ! अर्थात् यहाँ पनि सरकारले आतङ्ककै शैलीको प्रयोग गरेको छ ! व्यवस्थित पार्छु भन्नु राम्रो कुरा हो तर हरेक ठाउँमा जबरजस्ती चाहिँ सुशासन होइन है सरकार !

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

गरिबहरू...- *पार्वती आग्री/१०*

**कविता**

गुलेली- *गोपालकुमार मैनाली/२१*

पुराना.. - *पदम दाहाल/५१*

भगवान... - *आर.एल.श्रमजीवी/५४*

बैगुनी... - *कणाद महर्षि/५५*

विद्रोह - *ध्रुवकृष्ण ताम्राकार/५६*

**अनुवाद/कविता**

केही ... - *नितिश जयपाल /१८*

**लघुकथा**

प्रश्नशुल्क - *कुसुम ज्ञवाली/५०*

लकिरको... - *कात्यायन/५२*

सम्पदा संरक्षण/सम्पदा - *कुमार काफ्ले/५३*

**यसपटक**

*चेवन बस्नेत 'ठुलाघरे'/७*

**नियात्रा/संस्मरण/समालोचना**

क्रान्तिदूत...- *डा. गोविन्दप्रसाद आचार्य/१९*

लमतन्त...- *रञ्जुश्री पराजुली/२७*

साहित्यमा...- *प्रा.डा बन्धु कोइराला 'खेकोब'/३०*

'फ्ल्यासब्याक'...- *उपप्राध्यापक महेन्द्र भण्डारी/३६*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

महाकवि सिद्धिदास अमात्य/६

**निरन्तर**

वासुदेव अधिकारी/५७

**समाचार**/६१

**अनूभूति**

*प्रा.डा.रमेशप्रसाद भट्टराई/६३*



शब्द संयोजन
मासिक

# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २३ अङ्क २ पूर्णाङ्क २६५/२०८३ जेठ
जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल
**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार
**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे
**वेब संयोजन**: प्रशान्त खरेल
**कला**: गणेशकुमार जी.सी.
**आवरण चित्र**: गुगल
**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# महाकवि सिद्धिदास अमात्य

नेपाली साहित्याकाशमा आफ्ना साहित्यिक सिर्जनामार्फत आफ्नो नाम, यश, कीर्तिलाई जन्मजन्मान्तरसम्म फैलाउन सफल अनेकौँ साहित्यकारको उदय भएको छ। त्यस्तै नेपालभाषा साहित्यमा पनि नेपाल भाषामा साहित्य सिर्जना गरी आफ्नो मान, सम्मान, प्रतिष्ठाको वर्चस्वलाई प्रख्यात बनाउन सफल महाकविका रूपमा स्थापित नाम हो- सिद्धिदास आमात्य। वि.सं. १९२४ मा जन्मिएका अमात्यले नेपाल भाषा र नेपाल भाषासाहित्यको क्षेत्रमा अतुलनीय योगदान दिएका छन्।

माता हर्षलक्ष्मी र पिता लक्ष्मीनारायण अमात्यका सुपुत्रका रूपमा जन्मिएका अमात्यले ५ वर्षको उमेरबाट नै अक्षरारभ्भ गरेका थिए। बाल्यावस्थादेखि नै अमात्यले भाषा, साहित्यप्रति रुचि राख्दै आएका थिए। राणाकालीन समयमा पनि आफ्नो ज्यान जोखिममा राखेर भए पनि साहित्य र भाषाको विकासमा उनी निरन्तर लागिरहे। नेपाल भाषामा ५० भन्दा बढी किताब उनले लेखेका छन्। सानै उमेरदेखि साहित्यिक चेतना भएका अमात्यले भाषिक जागरणका गीत पनि लेखेको पाइन्छ। उनका रचनाहरूमा उद्योग, नैतिक शिक्षा, नारीशिक्षा आदि विषयले स्थान पाएको पाइन्छ। उनले नेपाल भाषाको विकास र समृद्धिका निमित्त भाषा सिकाउने विधि, व्याकरण पनि लेखेका छन्।

साहित्यमा निरन्तर लाग्दै गर्दा दोहा चौपाइ लेख्दै छन्दमा खण्डकाव्य, महाकाव्य, नीतिकथा, आधुनिक कथा, संवाद, छन्दपरिचय आदि उनले लेखेका छन्। वास्तवमा अमात्यको समयमा साहित्यरचना गर्नुभन्दा पनि साहित्यलाई बचाउन मुस्किल थियो। साहित्य यदि राणाहरूले भेटे भने लेख्ने मान्छे दण्डको भागिदार हुन्थ्यो त्यसकारण कैयौँ साहित्यकारहरू आफ्नो रचना अरूलाई सुनाइसकेपछि आफैँ च्यातेर फ्याँक्थे।

अमात्यले आफ्नो साहित्यिक जीवनकालमा लेखेका उत्कृष्ट रचनाहरूमा प्रेमसागर, सिद्धिनारायण, सत्य ऋण, सरल श्रुतबोध, साधारण धर्म, सर्वभक्ति, सप्त विवाद, सर्वबन्धु, शिवपिनास, शिव विलास आदि रहेका छन्। अमात्यलाई नेपाल भाषा पुनर्जागरण कालका प्रमुख हस्ती र चार स्तम्भहरूमध्ये एक मानिन्छ। उनले आफ्नो सम्पूर्ण जीवन नेपाल भाषा र साहित्यको विकासमा समर्पण गरेका छन्। व्यक्तिगत स्वार्थभन्दा माथि उठेर उनले नेपाल भाषा र यसको साहित्यमा दिएको योगदान अत्यन्त अविस्मरणीय बनेको छ। नेपाल भाषाको उन्नयनमा लाग्दालाग्दै वि.सं.१९८६ मा उनी यस संसारबाट सदा सदाका लागि बिदा भए पनि उनले गरेको योगदान युगयुगान्तरसम्म रहिरहने छ।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ चेवन बस्नेत 'ठुलाघरे'

वि.सं.२०१२ चैत्र २९ गते सङ्खुवासभा जिल्लाको धर्मदेवी नगरपालिका वडा नं.९ पुर्पाँगुमा माता झङ्कमाया बस्नेत र पिता बुद्धिबहादुर बस्नेतका सुपुत्रका रूपमा जन्मिएका चेवनचन्द्र बस्नेत साहित्यमा चेवन बस्नेत ठुलाघरेका नामबाट कलम चलाउँछन्। दन्तचिकित्सकका रूपमा सेवारत बस्नेतले भारत, चीन, बङ्गलादेश, बेल्जियम, नर्वे, स्विडेन, पोर्चुगल, फ्रान्स, स्पेन, बेलायत, डेनमार्कलगायतका देशको भ्रमण गरेका छन्। सामाजिक सेवा, साहित्यिक जागरणका माध्यमबाट सभ्य समाज निर्माणको अपेक्षा राख्ने बस्नेतले विभिन्न दर्जनौँ तालिम तथा सेमिनारमा भाग लिएका छन् भने राजनीतिक चेतनाका माध्यमबाट सामाजिक रूपान्तरण अभियानमा पनि आफूलाई समाहित गरेका छन्। थुप्रै सामाजिक तथा व्यवसायिक सङ्घसंस्थाको स्थापनादेखि नेतृत्वसम्मको भूमिका पनि बस्नेतले निर्वाह गरेका छन्। शिक्षक, दन्तचिकित्सक, मेकानिक्स, सहजकर्ता, व्यवसायी, पत्रकार, मानवअधिकारकर्मीलगायत दर्जनौँ भूमिकामा बस्नेतले आफूलाई उभ्याएका छन्। पौने एक दर्जन विभिन्न संस्थामा आजीवन सदस्यका रूपमा क्रियाशील रहेका बस्नेतको यो सक्रियताका लागि झण्डै डेढ दर्जन सम्मान, पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ। 'नजलेको चिता' उपन्यास २०७७, 'जात मरेको वेला' कवितासङ्ग्रह २०७७, 'कौशिकी' कवितासङ्ग्रह २०८२ जस्ता कृति बस्नेतले प्रकाशित गरेका छन् भने हास्यव्यङ्ग्य, कविता, सुसेली, संस्मरण, गजल तथा नियात्राका आधादर्जन कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन्। जीवनमा धेरै आरोह–अवरोह भोगेका बस्नेत नेपाली समाजको जीवन्त चित्रण गर्ने र पर्यावरणको वकालत गर्ने अनि सर्वजनहिताय तथा सामाजिक रूपान्तरणका पक्षमा चेतना सम्प्रेषण गर्ने स्रष्टा हुन्। असाध्यै छिरोलिएको जीवन भोगेका अहिलेको समयका निकै धेरै सक्रिय यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

शिखरिणी छन्दको 'जे छ सबै यहीँ छ' शीर्षकको कवितामा प्रकृतिको सुरम्य यो मुलुक छाडेर पराया भूमिमा पसिना बगाइरहेका नेपालीलाई आफ्नै धरामा फर्कन र यही पावनभूमिलाई स्वर्ग पारौँ भन्ने राष्ट्रवादी स्वर अभिव्यक्त भएको छ। शार्दूलविक्रीडित छन्दको 'हामी रहन्छौँ कहाँ !' शीर्षकको कवितामा वातावरण विनाश भइरहेको, विषादीले युक्त खानेकुरा मात्र खानुपरेको हुँदा हाम्रा बारी बाँझा नराख्न, फलफूलका बिरुवा लगाएर आत्मनिर्भर बन्न, पर्यावरण जोगाउन र मुलुक मात्र होइन भोलिसम्मको हाम्रो जीवनसमेतलाई सुरक्षित पारौँ भन्ने सन्देश सम्प्रेषण गरिएको छ। मालिनी छन्दको 'जिन्दगी' शीर्षकको कवितामा धर्म र जातका आधारमा समाजलाई विभक्त गर्न प्रयास गर्ने कमसल र स्वार्थी मान्छेहरूले राष्ट्रलाई हानि गरेका, अवसरको अभावमा नागरिक पराया हुनुपरेकोले असल, निडर भएर सत्कर्मको बाटो समात्ने हो भने मुलुकलाई स्वर्ग बनाउनसकिन्छ भन्ने राष्ट्रवादी स्वर नै मुखरित गरिएको छ।

## जे छ सबै यहीँ छ

सुनौला पाखा छन् वन विटप छन् खेत र गरा
अनेकौँ पीडाले मनमगजमा खेल्दछ कुरा
यिनैको चिन्ताले हरदिन रुदै बाँच्नु छ सधैँ
नदेख्यो टाठोले न त समयले देख्दछ कतै ॥१॥

नलागौँ अर्काको जमिन भरिलो पार्न र रुन
बचेको ऊर्जा यो मधु वचनमा बेच्नु र किन
पखेरा खोपौँला रगत पसिना अर्पित गरी
खुसीले बाँचौँला घरभरि सधैँ टन्न नगदी ॥२॥

यहीँ छन् पैसाका नगद बिरुवा रोप्नु छ सधैँ
खडेरी लागेमा मलजल गरी ढाक्नु छ यतै
खलामा झारौँला वरिपरि घुमी आर्जित फल
कुटीमा रम्ने छन् धन मन भरी दौलत ढल ॥३॥

यहीँको माटोमा अति फल मिठा उम्रिन सकून्
हिमाली पानीले तन मन सधैँ तङ्ग्रिन सकून्
अनाजै थुन्चेमा खुब भरिरहून् खेत घरमा
धनीका निर्धाका सब दिन रहोस् हर्ष मनमा ॥४॥

पहाडी पाखामा सब समयमा फुट्दछ जल
यसैको छिर्काले तब जमिनमा फल्दछ फल
धरामा देखिन्छन् हरतरहका धातु र अरू
हिरा छन् मोती छन् जगमग यतै खोज्नु छ बरू ॥५॥

बुढाको बच्चाको हरदिन भलो सोच्नु छ बरु
खुवाए वेलैमा जरुरत सबै औषधिहरू
विधाता जानौँला जब धुकधुकी बच्दछ कठै
यिनैको सेवामा हरतरहले लाग्नु छ सधैँ ॥६॥

## जिन्दगी

सकल भुवनका ती जिन्दगी पातमा छन्
सब अलमल पर्दै धर्म वा जातमा छन्
अब कमसल फ्याँक्दै श्रेष्ठता छान्नु पर्दा
मन सब खुस हुन्छन् जिन्दगीले सपार्दा ॥१॥

अनुज अबुझ देख्दा राज्यले आस मार्छ
दिन सकुशल देख्दा भाग्यले दाउ पार्छ
अवसर कति टुट्छन् कर्ममा खोट जाग्दा
वरपर सब टाढा जिन्दगी दूर भाग्दा ॥२॥

अबुझ कपट मान्छे राज्यका लागि घात
हरपल निहुँ खोज्दै राष्ट्रको गर्छ नाश
असल सबल किल्ला बिर्सिँदै हिँड्छ पाजी
कमसल पथ रोज्दै जिन्दगी मार्छ बाजी ॥३॥

घर कमसल बन्दा रोजियो दूर बाटो
हरपल परदेशी बिर्सियो देश माटो
प्रिय छटपट गर्दै बस्दछन् मार्ग हेरी
झटपट सब खोस्यो जिन्दगीले नटेरी ॥४॥

असल निडर मान्छे कर्ममा लाग्छ ज्ञानी
सकल घरघरैमा छोड्छ आफ्नो निसानी
निशिदिन गर भन्दै सर्वको ध्यान तान्छ
तन मन धन मिल्दा जिन्दगी ईश मान्छ ॥५॥

# हामी रहन्छौँ कहाँ !

यो वातावरणीय सन्तुलनमा बाधा कतै देखिए
हामीले पनि बुझ्नुपर्दछ सबै सम्भावना मेटिए
यस्तै दुर्घटना घटे निकटमा बच्ला र धर्ती यहाँ !
भन्ने ताप सधैँ रहन्छ मनमा हामी रहन्छौँ कहाँ ? १

गर्दै छन् जलमा धरा र नभमा विस्फोट एका थरी
खाने वस्तु जताततै जहरिला बेच्दै छ अर्को थरी
यस्तै कारण गाउँमा सहरमा रोगी बढे झन् यहाँ
उम्दा चिन्तन माथमा नघुलिए हामी रहन्छौँ कहाँ ? २

बाँझो खेत उजाड फाँट सिममा सल्लो चुवा सुन्तला
नास्पाती उखु कागती डगरमा रोपौँ धुपी मुन्तला
पाखा झाँझर ढाँड छेउ पहरा खाली नराखौँ यहाँ
ताजा स्वच्छ मिठा खुराक नमिले हामी रहन्छौँ कहाँ ? ३

रोपौँ उत्तम जातका फल दिने साना मझौला तरु
सम्हालौँ सब जीवजन्तु वनका पन्छी र चारोहरू
जोगाएन भने वनस्पति बुटी पर्दैन पानी यहाँ
माटो जङ्गल वायु सिन्धु नभए हामी रहन्छौँ कहाँ ? ४

खोला गाउँ दलान खोर घरमा पारौँ सफा सुग्घर
पीडा ती सब भाग्दछन् मुलुकका दुष्कालको चक्कर
हावा स्वच्छ भए सदा अमरता भेटिन्छ भूलोकमा
धर्तीमाझ दिगो मिलाप नभए हामी रहन्छौँ कहाँ ? ५

आफ्नै चिन्तन सोचमा गहकिला ऊर्जा भरौँ माथमा
प्राणी वायु धरा र जङ्गल नदी बाँची रहोस् साथमा
माटो चट्ट निधारमा कसमको टीका लगाऔँ यहाँ
आत्मा शुद्ध सफा पुनीत नभए हामी रहन्छौँ कहाँ ? ६

राख्नै पर्दछ दीर्घ सोच मनमा लामो दिगो जिन्दगी
कोसेली अनमोल रत्न लहरी आरोग्यता ताजगी
वेलैमा अब सोच्नु पर्दछ सखी हामी रहन्छौँ जहाँ
जोगाऔँ धरणी वनस्पति नदी हावा र चोटी यहाँ ॥७॥

# गरिबहरू हरिप हुन्छन् भन्ने लोकोक्ति गलत, विभेदकारी र असंवेदनशील छ

❖ पार्वती आग्री

**वि.सं.२०३६ असोज २२ गते बुबा थोले आग्री र आमा हिरादेवी आग्रीकी सुपुत्रीका रूपमा कैलालीको धनगढी उपमहानगरपालिका वडा नम्बर १२ धनगढीमा जन्मिएकी पार्वती आग्री नेपाली महिला आन्दोलन, राजनीतिक आन्दोलन र मानवअधिकार आन्दोलनको एक परिचित नाम हो । त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहसम्मको अध्ययन पूरा गरेकी पार्वतीले समयसुहाउँदो कम्प्युटरको ज्ञानका साथै महिला, दलित तथा मानवअधिकार आन्दोलनमा विशेष योगदान गरेकी छिन् । अध्ययनकै सिलसिलामा ब्राजिल, कतार, थाइल्यान्ड, भारत तथा नेपालका ५० भन्दा बढी जिल्लाको भ्रमण गरेकी पार्वती आग्रीसँग 'दलित महिलाको अवस्था' विषयक लघुअनुसन्धानका निम्ति वरिष्ठ साहित्यकार शान्ता मानवीद्वारा गरिएको संवाद हामीले यहाँ समावेश गरेका छौँ ।**

***मानवीः मानिसलाई किन 'दलित' भनी सम्बोधन गरिएको हो ?***

***पार्वतीः*** नेपाली समाजमा जात, पेसा र वंशका आधारमा पानी अचल पारिएका अछुत, अजात, तल्लो जात, निम्न जात, उत्पीडित समुदायलाई दलित भनेर संबोधन गरिएको हो । दलित शब्दले अछुतको होइन प्रतिकारको प्रतिनिधित्व गर्दछ । दलित शब्द भारतमा सन् १९३० पछि प्रयोग भएको हो भने नेपालमा वि.सं.२०२४ सालदेखि प्रयोगमा आएको हो । जब जातका आधारमा पानी अचल पार्ने चलनको अन्त्य हुन्छ तब दलित शब्द पनि स्वतः अन्त्य हुने छ ।

***मानवीः दलित शब्दको औचित्य के हो ?***

***पार्वतीः*** दलित शब्द संस्कृत शब्द हो । यसको अर्थ पिल्सिएको, दलिएको आदि हुन्छ तर दलित अछुत शब्दको प्रतिकार गर्न प्रयोग गरिएको हुनाले अन्यायमा परेको शब्दका रूपमा बुझिन्छ । दलित शब्द उत्पीडितहरूलाई हेपेर प्रयोग भएको शब्द नभई दलित आन्दोलनको साझा शब्द हो । नेपालको पहाडी, मधेसी र नेवार फरक फरक समुदाय, फरक फरक भाषिक समुदाय भए पनि दलित शब्दको प्रयोगले एउटै साझा परिचय बन्नपुग्छ । जसले आफूविरुद्ध विभेद स्वीकार गर्छ त्यो अछुत हो । जो त्यसका विरुद्ध लड्न तयार हुन्छ त्यो दलित हो त्यसैले दलित प्रतिकारको नाम हो, सङ्घर्षको नाम हो त्यसैले नेपालका सबैजसो राजनीतिक दलहरूले दलित भातृसङ्गठन बनाउनु र नेपालको संविधानले प्रस्तावना, मौलिक हक तथा राष्ट्रिय दलित आयोगसमेत गठन गरिसकेको सन्दर्भमा यसको औचित्य रहेको छ ।

***मानवीः शूद्र र दलित एकै हुन् त ?***

***पार्वतीः*** पहिले पहिले शूद्र भनेको श्रमको विभाजन थियो। पछि यो श्रमिकको विभाजनका रूपमा बदलियो । जब पेसाहरू अपमानित हुने र सम्मानित हुने आधारमा विभेद गर्नथालियो तब तत्कालीन शूद्रहरूलाई अछुतको व्यवहार गर्नथालियो। शूद्र भनेको वर्ण व्यवस्थाभित्रको चौथो श्रेणी हो तर दलित भने वर्ण व्यवस्थाबाट बाहिर राखिएका, ऐतिहासिक रूपमा अस्पृश्य र उत्पीडित समुदाय हो । आजको सन्दर्भमा 'दलित' एक सामाजिक, राजनीतिक र कानुनी पहिचान हो, जब कि "शूद्र" धार्मिक ऐतिहासिक अवधारणा हो। शूद्रभित्र कतिपय जनजातिसमेत पर्दछन् तर दलितमा केवल दलित मात्र पर्दछन्।

***मानवीः किन शूद्रलाई अछुत मानिएको होला ?***

***पार्वतीः*** जब शूद्रलाई श्रमको आधारमा विभाजन गरियो । सबैभन्दा अपमानित हुनेखालका श्रमहरू शूद्रलाई गर्न बाध्य पारियो। उनीहरू त्यही श्रमका आधारमा अछुतको व्यवहारको सिकार बन्न बाध्य भए तबदेखि नै शूद्रलाई अछुत भन्न थालियो।

***मानवीः दलितभित्र शूद्र पर्छन् कि शूद्रभित्र दलित ?***

***पार्वतीः*** तत्कालीन शूद्र जब तल्लो जात, अजात, कुजात आदि अपमानित शब्दबाट चिनिन थाले त्यसको प्रतिकारमा निर्माण भएको शब्द दलित हो त्यसैले तत्कालीन शूद्रभित्र दलित पर्दछन्। आज कतिपय शूद्रको समूहमा पारिएका उपजातिहरू दलितको रूपमा छैनन्। उनीहरू वैश्य या अन्य समूहमा पर्दछन् त्यसैले सबै शूद्र दलित होइनन् तर सबै दलित भने शूद्र हुन्।

***मानवीः वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षत्री र वैश्यलाई चाहिँ किन दलित नभनिएको होला ?***

**पार्वतीः** श्रम विभाजनअनुसार ब्राह्मण, क्षेत्री र वैश्यलाई ठुलो जात, पानी चल्ने जात भनेर परिभाषित गरिएको छ। साथै ब्राह्मणले पूजा गर्ने, क्षेत्रीले लडाइँ लड्ने, वैश्यले व्यापार गर्ने र शूद्रले ती तीनवटा समुदायको सेवा गर्ने भन्ने शास्त्रमै उल्लेख गरेको हुनाले र पानी अचल नपारिएको हुनाले दलित भनिएन । हिन्दु वर्ण व्यवस्थाको चौथो अर्थात् अन्तिम वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्यपछि) वर्ण व्यवस्थाबाहिर पर्ने "अवर्ण" भनिने भूमिका परम्परागत रूपमा सेवक, श्रमिक, हस्तकला, कृषि श्रमिकजस्ता भूमिका दिइएको 'अस्पृश्य' मानिने समाजका 'निम्नतम' तहमा राखिने समुदायको पात्रका रूपमा दलित बुझिन्छ।

***मानवीः हिमाल, पहाड र तराईमा कुन कुन जातिलाई दलित शब्दले सम्बोधन गरेको छ ?***

***पार्वतीः*** हिमाल तथा पहाडमा कामी, दमाईं, सार्की, वादी गाइने हुन् भने तराई-मधेसमा चमार (दास, रविदास, महरा राम, अम्बेडकर, कोरी, रंजन, मोची, हरिजन आदि) मुसहर समुदायअन्तर्गत ऋषि, ऋषिवंशी, ऋषिदेव, ऋषिकुल, कहरिया, तिरासक, भूइया, माझी,

सदा, मुसहर, ढोलबाजा रहेका छन् भने नेवार दलितअन्तरगत पोडे, देउला, पुजारी, जलारी, जालन्धर, कुचीकार, च्यमखल आदि रहेका छन् ।

***मानवीः विशेष गरेर दलितहरूले कुन धर्म मान्ने गर्छन् ?***

***पार्वतीः*** अधिकांश दलितहरू हिन्दु धर्ममा विश्वास गर्दछन् । त्यसमा पनि दलितहरूको यही धर्म भन्ने हुन्न । मधेसका दलितहरूको मधेसीले मान्ने धर्म, उपत्यकाका नेवार दलितहरू नेवारले मान्ने धर्म र पहाडी दलितहरू अधिकांश हिन्दुधर्म मान्ने भए पनि पछिल्लो समय हिन्दु धर्मले जातीय छुवाछुत तथा भेदभावलाई संस्थागत गरेको हुनाले त्यसबाट मुक्त हुनका लागि क्रिस्चियन र बुद्ध धर्ममा आकर्षित हुनथालेको देखिन्छ । यीबाहेक मानिसहरू धर्मबाट स्वतन्त्रसमेत हुनथालेको देखिन्छ ।

***मानवीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ, के यो साँचो हो ? हो भने किन ?***

***पार्वतीः*** दलितभित्र दलित छन् भन्ने सत्य होइन तर दलित दलितबिचमा पनि विभेद र छुवाछुत छ भन्ने कुरा सत्य हो । यसको कारण के हो भने जब धर्म र श्रम विभाजनले मानव मानवका बिचमा ठुलो र सानो जातमा विभाजन गरियो तब हरेक जातजातिले आफूलाई अरूभन्दा ठुलो हुँ भन्ने अहम् विकसित हुनपुग्यो । अर्थात् सामन्तवादको प्रभाव हरेक समुदायमा विकास हुनथाल्यो । सुरुमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रमा विभाजन भएको श्रम विभाजन हरेक जाति समुदायमा संस्थागत हुनपुग्यो । यो स्वयम् ब्राह्मण, क्षेत्री, वैश्यमा पनि विद्यमान छ भने स्वाभाविक रूपमा दलित समुदायमा पनि यो विभाजन संस्थागत हुनपुग्यो । जसका कारण कामी दमाईँभन्दा ठुलो, दमाईँ सार्कीभन्दा ठुलो, सार्की सबैभन्दा ठुलो भन्ने घमण्ड संस्थागत हुनपुगेको छ । यसको मूल कारण अन्य ठुला भनिएका समुदायबाट सिको गरिएको हो भनेर दावा गर्नसकिन्छ ।

***मानवीः दलितहरू कहाँ, कसरी, के व्यवसाय गरेर बसेका छन् ?***

***पार्वतीः*** मधेसका दलितहरू मधेसमा सञ्चालित परम्परागत पेसामा थिए । नेवार दलितहरू नेवारका पेसामा थिए भने पहाडका दलितहरू फलाम बनाउने, लुगा सिलाउने, छालाको काम गर्ने, माटाको काम गर्ने आदि काममा भूगोलका आधारमा आफ्नो आफ्नो परम्परागत पेसामा संलग्न भई बसेका थिए । हिजो जब दलितका पेसाहरू सेवाका रूपमा प्रयोग हुन्थे त्यस वेला बालीघरे भए । जब ती पेसाहरू उद्योगका रूपमा परिणत भए तब ती पेसाहरू पुँजीवादले दलितबाट खोसेर गैरदलितहरूको हातमा फर्काइदियो ।

***मानवीः दलित समुदामा धर्म संस्कारको पालना गराउने पुरोहितका रूपमा को रहन्छ ?***

***पार्वतीः*** दलित समुदायमा सामान्यतया ज्वाइँ तथा भान्जाहरूले पुरोहितको रूपमा काम गरेको पाइन्छ तर कतिपय स्थानमा दलितहरूका आफ्नै पुजारी (पुरोहित) पनि तोकिएका देखिन्छ भने

पछिल्लो समय बाहुनहरूले पनि पुरोहितको काम गरिदिएको पाइन्छ।

***मानवीः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

***पार्वतीः*** पहिले पहिले जब मन्दिरमा बलि चढाउने चलन थियो त्यस वेला श्रम विभाजनका कारण राँगा खुवाउने काम दलितहरूलाई गरिन्थ्यो। बोका खाने काम बाहुनक्षेत्रीलाई दिने चलन थियो । पछि यही चलनको निरन्तरताले दलितहरूलाई हेपेर मरेका जनावरहरू पनि दलितलाई खुवाउन थाले । एवम् रीतले उनीहरूलाई हरेक क्षेत्रबाट बहिष्करणमा पारियो। फलस्वरूप दलितहरू गरिब हुँदै जाँदा गरिबीका कारण सिनो खान बाध्य भए।

***मानवीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरूले एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

***पार्वतीः*** दलितहरूमाथि अन्यायको शृङ्खला निकै लामो छ । यति लामो करिब ३५०० वर्ष पुरानो उत्पीडन संस्कृतिजस्तो बनिसकेको अवस्था छ। पछिल्लो समय वाम तथा लोकतान्त्रिक प्रक्रियाहरू अघि बढेपछि दलितहरूपनि सङ्गठित हुनथाले र अन्यायविरुद्ध प्रतिकार गर्नथालेका छन् । करिब ७ दशक लामो प्रतिकारको आन्दोलन आजपर्यन्त जारी छ तर समाजको ठुलो हिस्सा धर्म र संस्कृतिसँग जोडिएको हुनाले अझै समस्या राम्ररी समाप्त भइसकेको छैन। विशेष गरी कम्युनिस्ट पार्टीले दलित समस्याविरुद्ध निर्णायक अभियान सञ्चालन गर्नुपर्ने हो, हुनसकेको छैन। यसको मूल कारणमा धर्मअन्धता तथा परम्परागत धारणा जिम्मेवार भएको मानिन्छ।

***मानवीः के दलितहरूले गैरदलितहरूसँग नाताकुटुम्ब कायम गरेका छन् ?***

***पार्वतीः*** दलित र गैरदलितहरूबिच अन्तरजातीय विवाह भएको झन्डै ८ दशक बढी समय भएको देखिन्छ। अहिले व्यापक रूपमा अन्तरजातीय विवाह अभियानकै रूपमा अघि बढेको छ । नेपाल सरकारबाट समेत अन्तरजातीय विवाह प्रोत्साहन कार्यक्रम अघि सारिएको छ। कतिपय स्थानमा त दलित-गैरदलितबिच मागी विवाह हुने प्रचलनसमेत अघि बढिसकेको देखिन्छ।

***मानवीः दलित परिवार वा समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? प्रायः दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

***पार्वतीः*** दलित महिला वर्गीय, जातीय र लैङ्गिक हिसाबले तेहोरो शोषणमा रहेका छन् । समग्र महिलामा दलित महिला जातीय उत्पीडनमा रहेका छन् । अरू त परै जाओस् गैरदलित महिला महिनावारी हुँदा दलित महिला महिनावारी भएका छैनन् भने पनि महिनावारी भएका गैरदलित महिलाबाट जातीय कारणले दलित महिलाले विभेद खेप्नुपर्ने हुन्छ । राजनीतिक, आर्थिक तथा सामाजिक हिसाबमा पनि यही नियम लागू हुन्छ। दलित महिलाहरू दलित परिवारमा समेत ठुलो हिंसा तथा शोषणमा रहेको पाइन्छ । उनीहरूका पारिवारिक निर्णय प्रक्रियामा शून्यको भूमिका रहेको हुन्छ। उनीहरूलाई कुखुरा बेच्नसमेत हक हुँदैन। मधेसमा दाइजो प्रथा, पहाडमा अप्रत्यक्ष

रूपमा भोग्नुपर्ने शोषण तथा अपमानहरू हुन्छन् । उनीहरूले आफ्नो र गैरदलितहरूको काम गर्नुपर्ने बाध्यता रहेको छ । दलित महिलाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका हिसाबले कुनै निर्णय प्रक्रियामा सहभागी नगराइँने हुनाले उनीहरूमा निरीहता प्रदर्शन गरेर बस्नुको विकल्प छैन।

***मानवीः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

***पार्वतीः*** दलित महिलाहरू पछाडि पर्नुका प्रमुख कारणहरू मुख्यतया ४ वटा रहेका छन्। पहिलो राजनीतिक कारण हो । राजनीतिक प्रक्रियामा दलित महिलाहरूको निर्णायक भूमिका देखिँदैन । राजनीतिअन्तर्गत राजनीतिक दल, कर्मचारीतन्त्र र जनप्रतिनीधिमूलक क्षेत्रमा दलित महिलाहरूको भूमिका केवल पुरुषहरूले निर्धारण गरेअनुसार हुन्छ । दोस्रो आर्थिक कारण हो । जसमा भूमिहीनता, बेरोजगारी तथा विभिन्न शोषणमूलक कामहरू बालीघरे प्रथा आदिको मार दलित महिलाहरूले खेप्नुपर्ने हुन्छ । जसका कारण उनीहरू आर्थिक रूपमा निरीह हुन्छन्। तेस्रो सामाजिक कारण हो । जसमा दलित पुरुषको तुलनामा दलित महिलाहरू अशिक्षित हुन्छन् । जातीय छुवाछुतका कारण पुरुषको तुलनामा महिलाहरू बढी मारमा पर्दछन्। जस्तै-धारापानी, मेलापात, विवाह, व्रत आदिमा । दलित महिलाहरूलाई मनोवैज्ञानिक कारणले अवहेलना गर्ने, हतोत्साही पार्ने, बलात्कार, बहुविवाह आदिको मारमा पर्ने अवस्था छ। चौथो कारण हो वातावरणीय कारण जसमा दलित महिलाहरूमाथि जलवायु परिवर्तनको ठुलो असर परेको छ। असुरक्षित काम गर्नुपर्ने, मेलापात, पहिरो, बाढी आदिमा दलित महिलाले समस्या भोग्नुपर्ने बहुआयामिक समस्या छन् । यी राजनीतिक, आर्थिक, सामाजिक तथा वातावरणीय कारणले गर्दा दलित महिला पछाडि पारिएका हुन्। समग्रमा सामाजिक जीवनमा असमान व्यवहार, सामाजिक बहिष्कार, रोजगार र शिक्षा सीमित हुनेदेखि आम जीवनका अङ्गहरूमा आधुनिक पहुँचको अभाव रहिरहेकै छ। पछिल्लो समयमा अन्तरजातीय विवाहको सबैभन्दा ठुलो मार दलित महिलाहरूले भोग्नुपरेको अवस्था पनि छ।

***मानवीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच रहेको छ ?***

***पार्वतीः*** नेपालको कुल साक्षरता दर ७६.२ प्रतिशत छ, जसमा महिलाको ६३.३ प्रतिशत रहेको छ भने दलितको साक्षरता दर ६७.४ प्रतिशत रहेको छ। दलित महिलाको साक्षरता दर त्यो भन्दा ९ प्रतिशत कम रहेको मानिन्छ। त्यसमा पनि मधेसका दलितहरूको साक्षरता दर ५१ प्रतिशत छ भने मधेसी दलित महिलाहरूको अवस्था ३८.७ प्रतिशत छ । त्यसैगरी स्वास्थ्यको अवस्था अझ भयावह छ। खाद्यान्न असुरक्षा समग्र महिलामा करिब ५६ प्रतिशत छ भने दलित महिलाहरूमा ७६ प्रतिशत छ। जसको मूल कारण गरीबी, भूमिहीनता, जातीय अस्पृश्यता र आर्थिक अवसरको अभाव हो। गैरदलित महिलाहरूको तुलनामा स्वास्थ्य चेकअप गर्न आएका दलित महिला ३६ प्रतिशत थिए जब कि राष्ट्रिय औसत ५६ प्रतिशत थियो।

हालै छाउपडी गोठमा कञ्चनपुरकी २८ वर्षीया दलित महिलाको मृत्यु भएको घटना ताजै छ।

***मानवीः वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

***पार्वतीः*** नेपालको संविधानको धारा १८ मा (समानता) जात, लिङ्ग, वर्ग, जातीयता, समुदाय, पेसा आदिका आधारमा विभेद निषेध गरिएको छ। धारा ४० मा (दलितको हक) दलितहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, भूमिमा प्रगतिशील आरक्षणको व्यवस्था, विशेष अधिकारको व्यवस्था, धारा ३८ मा (महिला हक) महिलाहरूलाई सुरक्षित मातृत्व, सम्पत्ति, रोजगारी, सामाजिक सुरक्षा अधिकार, धारा २० मा राष्ट्रिय दलित आयोगको व्यवस्था छ। धारा ५१ मा (राज्यका निर्देशक सिद्धान्त) दलितको सशक्तीकरणका लागि विशेष व्यवस्था गर्ने संवैधानिक व्यवस्था रहेको छ। कानुनी हिसाबले अस्पृश्यता (कसुर र सजाय) ऐन, २०६८ मा छुवाछुतलाई आपराधिक कार्यको रूपमा दण्डनीय बनाउने, गृहहिंसा निवारण ऐन, २०६६ घरेलु हिंसाबाट महिलाहरूको संरक्षण, मातृत्व सुरक्षा ऐन, २०७५ सबै महिलालाई सुरक्षित मातृत्व सेवा सुनिश्चित गर्ने, समानताको हक ऐन, २०७५ सार्वजनिक सेवामा समान पहुँच सुनिश्चित गर्ने, जातीय विभेद तथा छुवाछुत कसुर र सजाय ऐन २०६८ (पहिलो संशोधन २०७४), लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, निर्वाचन ऐनमा हरेक वडामा दलित महिला आरक्षण, राष्ट्रिय सभामा हरेक प्रदेशबाट कम्तीमा एकजना दलितको आरक्षण, अनिवार्य प्रतिनिधित्व, स्वरोजगार कार्यक्रम, दलित छात्रवृति कार्यक्रम आदि रहेका छन् तर कार्यान्वयन प्रभावकारी देखिँदैन।

***मानवीः नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

***पार्वतीः*** यो प्राकृतिक कुरा हो अर्थात् समाज जस्तो छ त्यसको प्रभाव हरेक क्षेत्रमा अनिवार्य रूपमा पर्दछ। जसरी अन्य समुदायमा पुरुषसत्ता हाबी छ स्वभाविक रूपमा दलितहरूमा पनि पुरुषसत्ता हाबी रहेको छ। यो प्रभाव राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा तीव्र रूपमा देखिन्छ। दलितहरूमा अहिले पनि सामन्तवादी सोच तथा त्यसका प्रभावहरू यथावत रहेका छन्।

***मानवीः दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

***पार्वतीः*** आम रूपमा यो एउटै खालको हुने गरेको छ। यसलाई विश्लेषण गर्दा दलितहरूले आफूलाई चरम विभेदबाट मुक्त गर्नका लागि विभिन्न उपायहरू अवलम्बन गरिए पनि आम रूपमा एउटै देखिन्छ। हिन्दु दलितहरू हिन्दु गैरदलितझैँ, क्रिस्चियन दलितहरू गैरदलित क्रिस्चियनझैँ र बुद्धिष्ट दलितहरू गैरदलित बुद्धिष्टझैँ अर्थात् मधेसी दलितहरू मधेसीझैँ, गैरदलित पहाडी दलितहरू पहाडी गैरदलित र

नेवार दलित गैरदलित नेवारझैँ कर्मकाण्ड तथा तीर्थव्रत गर्ने गरेको देखिन्छ।

***मानवीः के तपाईँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

***पार्वतीः*** हो, म दलित शब्दप्रति पूर्ण सहमत छु। दलित शब्द कुनै अपमानबोधक शब्द नभई दलित आन्दोलनको साझा मनोभावना जनाउने शब्द हो। हामीले बुझ्ने कुरा के हो भने दलित र अछुत एउटै हो भन्ने भ्रमबाट मुक्त हुनुपर्दछ। 'अछुत' शासकहरूले स्थापित गरेको शब्द हो भने 'दलित' दलितमुक्ति आन्दोलनले स्थापित गरेको शब्द हो । अहिले दलितहरूबिचको एकता भत्काउन र दलित आन्दोलनलाई कमजोर बनाउन शिल्पी, श्रमिक, उत्पीडित, सीमान्तकृतजस्ता शब्द विकल्पमा ल्याएको देखिन्छ। भारतमा दलित अपमानित शब्द भयो भनेर गान्धीले हरिजन भन्ने शब्द प्रयोग गराएका थिए तर विभेद नहटाएर शब्दको विकल्प मात्र खोजिँदा हरिजन भारतीय समाजमा सबैभन्दा अपमानित शब्द बनेको जगजाहेरै छ।

***मानवीः 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्ति पाइन्छ, के गरिब मात्र हरिप हुन्छन् भन्ने छ ? किन यसरी हेपेर भनिएको हो ?***

***पार्वतीः*** यो सरासर गलत भाष्य हो । यो विभेदकारी मानसिकता भएका शासकहरूले स्थापित गरेको गलत भाष्य हो । राजनीतिक भाषामा भन्दा यो सामन्तवादी मानसिकताले स्थापित गरेको भाष्य हो । गरिबी व्यक्तिगत गल्ती होइन यो सामाजिक, राजनीतिक, आर्थिक संरचनाको परिणाम हो। यस्तो भनाइले जातीय तथा वर्गीय विभेदलाई स्वीकार गर्छ र परिवर्तनको चाहनालाई कमजोर बनाउँछ । यस्तो विचारले गरिबहरूको सङ्घर्ष र श्रमको अवमूल्यन गर्छ । सामाजिक परिवर्तनका अवरोधक यस्ता लोकोक्तिले यथास्थिति जोगाउन सहयोग पुऱ्याउँछन् । सामाजिक न्यायको पक्षमा बाधा पुऱ्याउँछ । त्यसैले गरिबहरू हरिप हुन्छन् भन्ने लोकोक्ति गलत, विभेदकारी र असंवेदनशील छ।

***मानवीः दलित शब्दले सुन्दैमा जो कोहीलाई मनोसामाजिक प्रभाव पार्छ भने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

***पार्वतीः*** दलित शब्द सुन्नेबितिकै नाक खुम्च्याउनेहरू दलितभन्दा गैरदलितहरू अर्थात् दलितमाथि विभेद गर्नेहरूको सङ्ख्या ठुलो छ। दलित आन्दोलन दलित शब्दविरोधी छैन। बरु दलित आन्दोलन दलित शब्दप्रति गौरवबोध गर्दछ । नेपालको संविधान लेख्दाका बखत पहिलो संविधानसभा र दोस्रो संविधानसभामा रहेका दलित सभासदहरू दलित शब्दका पक्षधर थिए। सडकको आन्दोलन पनि दलित शब्दप्रति गौरवबोध गर्दथ्यो। नेपालका प्रमुख राजनीतिक दलहरूका भातृ सङ्गठनका नाम पनि दलित शब्द प्रयोग गरेर बनेका छन् त्यसैले राजनीतिक दलहरू र स्वयम् दलित नेताहरू दलित शब्दका पक्षधर भएका हुनाले राष्ट्रिय दलित आयोग अनिवार्य बनेको हो। जुन वेला दलितहरूमाथि जातीय छुवाछुत र भेदभावको अन्त्य हुन्छ त्यस वेला दलित शब्द स्वतः

अन्त्य हुन्छ र दलित आयोगको औचित्य पनि समाप्त हुने छ।

***मानवीः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

***पार्वतीः*** सर्वप्रथम दलित र गैरदलितहरूबिच कुनै फरक छैन भन्ने भावना विकास हुनुपर्‍यो। दलितहरू नेपाली समाजका सबैभन्दा सतहमा पारिएका समुदाय भएकाले दलितहरूलाई राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा एकसाथ अगाडि ल्याउन आगामी दश वर्षलाई दलित अधिकार दशक घोषणा गरेर एकीकृत प्याकेज बनाउनुपर्दछ । दलित र गैरदलितहरूबिच अन्तरजातीय विवाहलाई अनुमति मात्र होइन प्रोत्साहन गर्नुपर्दछ। ठाउँ ठाउँमा सहभोज, विवाहभोज तथा सार्वजनिक कार्यक्रमहरू, मठमन्दिरहरूमा पूजापाठलाई ऐच्छिक बनाइनुपर्दछ । जातीय छुवाछुत र भेदभाव गर्नेलाई गम्भीर सामाजिक अपराधका रूपमा लिई कानुनी व्यवस्था गर्नुपर्दछ। साथै जातीय उत्पीडन, विभेद र छुवाछुतको गम्भीर विश्लेषण गर्दै यसको अन्त्यका लागि कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गरिने र जाति, भाषा, भेषभूषामा रहेका सबै एकाधिकार र विशेषाधिकारको अन्त्य गरी सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको सुनिश्चित गरिनुपर्दछ।

***मानवीः दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

***पार्वतीः*** दलित समस्याको जड मूलतः वर्गीय समाजमै अन्तरनिहित हुन्छ र वर्गीय शोषणलाई समाप्त नगरिकन दलित जातीय उत्पीडनको समस्यालाई वास्तविक अर्थमा समाधान गर्नसकिदैन भन्ने यथार्थपरक क्रान्तिकारी मान्यतामा हामी सहमत हुनै पर्दछ। पुस्तौँदेखि अछुतको दर्जामा राखिएका, पछाडि पर्न बाध्य पारिएका दलितहरूमाथिको उत्पीडिनको मुआब्जा वा क्षतिपूर्तिवापत विशेष कार्यक्रमका रूपमा आरक्षणलाई लिइनुपर्दछ। आरक्षण भनेको भारतीय दलित आन्दोलनले बेहोरेको शास्त्रीय प्रयोगको सिकाइका आधारमा एक्काइसौँ शताब्दीको विकासको गतिलाई पक्डनसक्ने मोडलका रूपमा प्रयोग गरिएको अवधारणा हो । यो अवधारणा सबैलाई बराबर बाँडेर दलितहरूमा समेत विभेद ल्याउने कार्यक्रम नभई दलितहरूमध्ये सबैभन्दा उत्पीडितहरूलाई दिइने समतावादी कार्यक्रम हो। समानुपातिक पद्धति भन्नाले असमान हैसियत भएकाहरूलाई जनसङ्ख्याका आधारमा दिइने समानतामा आधारित थप कार्यक्रमलाई बुझाउँछ भने आरक्षण भनेको मानिसहरूसँग भएको स्थितिको आँकलन गरी अपुग भएकाहरूलाई बाँडिने विशेष कार्यक्रम हो। यसर्थ गरीबभित्रका गरिबहरूलाई आरक्षणभित्र आरक्षणको सिद्धान्तका आधारमा वितरण गरिने प्रकृया आरक्षणको अन्तरवस्तु हुनुपर्दछ र दलित समस्याको समाधान नहुन्जेलसम्मका लागि आरक्षण अनिवार्य गरिनुपर्दछ।

*सम्पर्क नम्बर : ९८४८४३००८५*



❖ **नितिश जयपाल**
*राजस्थान, भारत*


# केही किस्सा

केही किस्सा
जन्म लिन्छन्
वृक्षको छायाँमा लुकेर
गवाह हुन्छन् उनीहरूको भेटघाटको
फूल अनि पातहरू ...
केही किस्सा
हुर्किन्छन्
रेलका बोगीहरूमा
गवाह हुन्छन् उनीहरूको मुलाकातको
इन्जिन र पटरीहरू ...
केही किस्सा
जन्म लिन्छन्
खाली भएको दिलको खन्डहरबाट
साक्षी हुन्छन् उनीहरूको रोमाञ्चित अवस्थाको
दुख्ने नसनाडी र छायाँ ...
केही किस्सा अधुरा नै रहेर
सपना बन्छन् आँखामा
अनि उतारिन्छन् पानाहरूमा
गवाह बन्छन् आफैँ
बनेर अमर लेख ...।

*Nitishjaypal1999@gmail.com*

*(हिन्दीबाट अनुवादः सुमी लोहनी
भाटभटेनी, काठमाडौं नेपाल)*

# क्रान्तिदूत महाकाव्य : प्रकृति, राष्ट्र र क्रान्ति चेत



❖ डा.गोविन्दप्रसाद आचार्य

खेमराज निरौलाद्वारा रचित 'क्रान्तिदूत' महाकाव्य नेपाली महाकाव्य परम्परामा वैचारिक गहिराइ, दार्शनिक चेतना र सामाजिक प्रतिबद्धताको दृष्टिले महत्त्वपूर्ण कृति हो। २९ सर्ग र ५८६ पृष्ठमा विस्तारित यस महाकाव्यले नेपाली पहिचान, राष्ट्रप्रेम, प्रकृतिप्रेम, मानवता, श्रम, शान्ति, सहअस्तित्व र क्रान्तिचेतनालाई सौम्य, भावुक र दार्शनिक ढङ्गले एकीकृत गरेको छ । यो कृति केवल साहित्यिक सौन्दर्यको प्रस्तुति मात्र नभई समाज, राजनीति र मानव जीवनका आधारभूत प्रश्नहरूसँग गहिरो संवाद गर्ने वैचारिक ग्रन्थका रूपमा स्थापित हुन्छ । महाकाव्यमा प्रकृति मानव जीवनको आधार, प्रेरणा र चेतनाको स्रोतका रूपमा चित्रित छ। हिमाल, नदी, वन, खेतबारी, ऋतु र प्राकृतिक सन्तुलनमार्फत नेपाललाई केवल भौगोलिक देश होइन, आत्मिक अनुभूतिको भूमि बनाइएको छ। प्रकृति र मानवश्रमको अन्तरसम्बन्धलाई जीवन्त रूपमा प्रस्तुत गर्दै कविले प्रकृतिको शोषण र विनाशप्रति गम्भीर चेतावनी दिएका छन् । यसै सन्दर्भमा मानव चेतनाको विकास प्रकृतिसँगको समन्वयबाट मात्र सम्भव हुने दार्शनिक दृष्टिकोण महाकाव्यको केन्द्रमा रहेको छ। यस महाकाव्यको अर्को सशक्त पक्ष क्रान्तिचेत हो। यहाँ क्रान्तिलाई सशस्त्र सङ्घर्ष वा सत्ता परिवर्तनको सीमित अर्थमा नभई नैतिक विवेक, सत्कर्म र सचेत सङ्घर्षबाट उत्पन्न हुने सामाजिक रूपान्तरणका रूपमा व्याख्या गरिएको छ । कर्मवाद, श्रमको सर्वोच्चता, कर्मकाण्डीय धर्मको आलोचना, लोकप्रियतावादको विरोध र राजनीतिक चेतनाको आवश्यकताजस्ता विषयहरूले यस कृतिलाई प्रगतिशील र यथार्थवादी बनाएका छन्। यसरी क्रान्तिदूत महाकाव्य प्रकृति-मानव-श्रम-क्रान्ति-राष्ट्रप्रेमको समन्वित दार्शनिक दस्तावेजका रूपमा उभिएको छ, जसले आजको समाजलाई आत्मसमीक्षा, सङ्घर्ष र परिवर्तनतर्फ प्रेरित गर्दछ। महाकाव्यमा प्रकृति चित्रण हिमालले घेरिएकोले नेपाल हिमाल राष्ट्र हुनु स्वभाविक छ। त्यसको सुन्दरतालाई कविले अटलता, पवित्रता र उच्च आदर्शको रूपमा गहिरो रूपमा प्रस्तुत गरेका छन् । नेपाललाई शान्त र रसिलो संसारको रूपमा प्रस्तुत गरेर राष्ट्रप्रेम र प्रकृतिप्रेमलाई सुन्दर समन्वय गर्दै राष्ट्रको गौरव र महिमालाई स्थापित गर्नसक्नु कवित्व शक्तिको नमुना हो । मानवताको गहिरो सद्भाव विनिमय गरेर वैश्विक एकता र समान सम्मान प्रदान गर्ने संस्कार नेपाल भूमि हो भन्ने कविको तर्क छ। प्रकृतिको अनुपम उपस्थिति रहेको, जहाँ सम्पूर्ण ऋतुको आभाष

मात्र होइन सफा स्फटिकजस्तो पानी हुँदा जाडो ऋतु, धर्ती सफा हुँदा गर्मी वर्षादको ऋतु, अनि समशितोष्ण दुबै समान रूपमा देखिने प्राकृतिक सन्तुलनले नेपालको पहिचान बेग्लै र श्रेष्ठ बनाएको व्याख्या महाकाव्यमा सर्वत्र गरिएको छ। झुल्के घाम, सानो छटा, हिमाल चुचुरा, लेकाली तट, खोला, झर्ना, सादगीमा लुकेको सौन्दर्यजस्ता प्रकृतिको अनुपम व्याख्या गरिएका सयौँ शब्दभण्डार महाकाव्यभरि रहेका छन्। अर्कातिर मानवताको अनुपम चरित्रको सन्दर्भलाई प्रकृतिवर्णनमा अन्तरघुलित गराउँदा नेपाललाई कविले सुन्दर दृश्य मात्र होइन, आत्मिक अनुभूतिको अमर भूमिको रूपमा चित्रण गर्न सफल भएका छन्। प्रकृतिलाई अवहेलना नगर्न कविको खबरदारी रहेको छ। त्यसप्रतिको उपेक्षाबाट मानवजीवन नै शुष्क र अर्थहीन हुने हुँदा प्रकृतिसँगको समन्वयले मात्र मानव सभ्यता सन्तुलित, संवेदनशील र सुन्दर बन्न सक्छ भन्ने दार्शनिक चेतना महाकाव्यमा अन्तरनिहित गराइएको छ। मान्छेका दिलमा सधैँ प्रकृतिले शिक्षा दिएको थियो मान्छेका दिलको सुनिर्मित कला जन्मेर बढ्दै गयो (सर्ग २, श्लोक ११) महाकाव्यले प्रकृति-मानव-चेतनाको अन्तरसम्बन्धबारे गहिरो चिन्तन गर्दछ। प्रकृतिलाई केवल बाहिरी सौन्दर्यको रूपमा होइन मानव जीवनको आधार, प्रेरणा र दर्पणका रूपमा कविले हेरेका छन्। प्रकृतिको सुन्दरता, सरलता र स्वाभाविक लयसँग तुलना गर्दै मानवजीवन कति विचलित, कृत्रिम र स्वार्थकेन्द्रित बन्दै गएको छ भन्ने प्रश्न पनि गम्भीर रूपमा उठाइएको छ। प्रकृतिले मानवलाई बाँच्नको लागि सबै कुरा दिएको छ। यद्यपि मानवले प्रकृतिको त्यो महान् उपहारलाई सम्मान गर्नुको सट्टा शोषण र विनाशतर्फ उद्दत भएको यथार्थलाई महाकाव्यमा उजागर गरिएको छ। प्रकृतिको व्याख्या मानवले गर्नसक्दछ त्यसकारण मानवजीवन प्रकृतिभन्दा अलग हुनसक्दैन। प्रकृतिबाट मानवमा चेतना र विवेक हस्तान्तरित हुँदै त्यसको स्तर वृद्धिका लागि प्रकृतिले महत्त्वपूर्ण भूमिका खेल्दछ र मानवपनको विकास गराउँछ : कता लागे हाम्रा प्रकृति वन बस्ती उपवन, मजाको धर्तीमा झटपट बढ्यो मानव पन (सर्ग ३, श्लोक २) प्रकृतिको सुन्दरतामा मानवश्रम जोडिन पुगेमा त्यसले प्रकृति र मानवको प्रगाढ सम्बन्धलाई जीवन्त बनाउँछ। प्रकृति आफैँमा पुलकित भएर रङ्गीन र मनोहर हुन्छ, त्यसमाथि मानवको सिप र श्रम जोडिन पुग्यो भने त्यसले मानवजीवनको सार्थकतालाई जीवन्त र समृद्ध गराउँछ : बैँसी बैँसी विविध थरिका धानबाला झुलाई (धानबाला मानवश्रमले झुल्दछ) पाखाबारी वरिपरि सबै अन्नबाली फलाई (अन्नबाली फलाउने काम मानवश्रमले गर्दछ) यै वेलामा नव नव हुने सिर्जना खूब राम्रो (मानव सिप र श्रमको मण्डन) सारा धर्ती सुरपुरसरी देखिने स्वच्छ राम्रो (प्रकृतिको चर्चा) (सर्ग चार, श्लोक १०)। प्रकृति र मानवको सुन्दर सम्बन्धको चर्चा गरिए पनि मानवका गलत क्रियाकलापप्रति कविको आलोचनात्मक चेत स्पष्ट देख्न सकिन्छ। सुन्दरता आँखाले देखिन सक्ने वस्तु मात्र होइन जीवनप्रतिको दृष्टिकोण हो। प्रकृतिको सुन्दरतमा कृत्रिमता हुँदैन तर

मानव समाजमा देखिने सौन्दर्य प्रायः झुटो, प्रदर्शनमुखी र स्वार्थसँग गाँसिएको हुन्छ । सत्य, सरलता र स्वाभाविकताई वास्तविक सुन्दरताको रूपमा प्रस्तुत गरिएको छ।

प्रकृतिप्रति मानवको बेवास्ता, विकासको नाममा विनाश, चेतनाको ह्रास आदिलाई महाकाव्यले आलोचना गर्छ र के हामी प्रकृतिसँग मिलेर बाँचिरहेका छौँ, वा त्यसविरुद्ध भन्ने गम्भीर प्रश्नको कठघरामा उभ्याउँछ । प्रकृतिको छातीमा सुविधापूर्वक जिउनका लागि मानवले आफ्नै अस्तित्व र भविष्यबारे पुनर्विचार गरेर प्रकृतिसँग व्यवहार गर्नसिक्नुपर्छ भन्ने सन्देश महाकाव्य दिएको छ। जेहोस् महाकाव्यका प्रत्येक सर्गको सुरुवातीमा प्रकृतिको प्रशस्ति गरिएको छ। यसले कविको कवित्व शक्तिको मुहान प्रकृतिबाट उत्पन्न भएर मानव क्रियाकलापका विभिन्न क्षेत्रमा प्रवेश गर्ने प्रक्रियालाई देखाउँछ । समग्रमा यसप्रकार प्रकृति र मानवलाई जोडेर प्रस्तुत गरिनाले महाकाव्य मानव-प्रकृति सम्बन्धको दार्शनिक व्याख्याको ग्रन्थ बन्नगएको छ । महाकाव्यमा क्रान्तिचेतको दार्शनिक व्याख्या प्रस्तुत महाकाव्यमा परिवर्तनलाई सत्कर्मको परिणामको रूपमा हेरिएको छ। क्रान्ति कुनै युद्ध वा सशस्त्र सङ्घर्षको परिणामको रूपमा नभएर सद्बुद्धिबाट उत्पन्न विवेकको सत्प्रयासबाट प्राप्ति हुने उपलब्धि हो भन्ने तर्क अगाडि सारिएको छ । क्रान्तिको हतियारले विश्वको दुःखलाई हरण गरेर समृद्धि र शान्तिको बाटो खन्न सक्नुपर्दछ भन्ने ध्येयलाई स्पस्ट प्रस्तुत गरिएको छ। महाकाव्य मूलतः क्रान्तिचेतनाको काव्यात्मक-दार्शनिक अभिव्यक्ति हो । यस महाकाव्यमा क्रान्तिलाई केवल सशस्त्र सङ्घर्ष, रक्तपात वा सत्तापरिवर्तनको यान्त्रिक प्रक्रियाका रूपमा होइन, बरु मानव चेतनाको नैतिक, विवेकशील र कर्मप्रधान रूपान्तरणका रूपमा प्रस्तुत गरिएको छ । क्रान्ति यहाँ विनाशको प्रतीक होइन अन्याय, शोषण र अन्धविश्वासको अन्त्य गर्दै न्याय, समानता, मानवता र श्रमको सर्वोच्चता स्थापना गर्ने सत्कर्म हो । महाकाव्यले क्रान्तिको उत्पत्तिलाई बाह्य हतियारभन्दा पनि मानव विवेक, चेतना र सत्कर्मसँग गाँसिएको प्रक्रिया ठान्दछ । परिवर्तन कुनै आकस्मिक घटना होइन; यो दीर्घकालीन सङ्घर्ष, सही चिन्तन र सचेत कर्मको परिणाम हो । यस अर्थमा क्रान्ति नैतिक साहसबाट जन्मिन्छ र समाजको अन्तरात्मालाई झक्झक्याउने शक्ति बन्छ। कविले क्रान्तिलाई युद्धको आवेग होइन, सद्बुद्धिबाट उत्पन्न विवेकशील हस्तक्षेपका रूपमा परिभाषित गरेका छन् । महाकाव्यको क्रान्तिचेत कर्मवादसँग गहिरो रूपमा सम्बन्धित छ। यहाँ भाग्य, प्रार्थना वा सहनशीलतालाई मुक्तिको आधार मानिएको छैन। बरु अन्याय सहनु स्वयम् पाप हो भन्ने स्पष्ट सन्देश दिइएको छ । "अन्यायलाई सहनै हुँदैन/सहेर बस्दा सुख पाइँदैन" भन्ने पङ्क्तिहरूले क्रान्तिचेतको मूल आत्मा उद्घाटित गर्छन् । अन्यायको विरुद्ध नउभिनु भनेको अन्यायलाई वैधता दिनु हो भन्ने चेतना महाकाव्यमा बारम्बार दोहोरिन्छ। यसरी क्रान्तिचेत प्रतिरोध, हस्तक्षेप र सक्रियताको दर्शनका रूपमा विकसित हुन्छ।

महाकाव्यले क्रान्तिलाई व्यक्तिगत स्वार्थ वा लोकप्रियतावादी उन्मादबाट अलग राखेको छ । लोकप्रियतावाद, धनकेन्द्रित राजनीति र भीडद्वारा बनाइने 'भगवान'हरूको कठोर आलोचना गर्दै कविले चेतावनी दिन्छन् कि चेतनाविहीन क्रान्ति अन्ततः नयाँ शोषणको जन्मदाता हुन्छ। त्यसैले क्रान्तिचेत विवेकशील, योजनाबद्ध र मूल्यआधारित हुनुपर्छ। क्रान्तिको लक्ष्य सत्ता होइन, मानवीय गरिमा र सामाजिक न्याय हो । यस महाकाव्यमा क्रान्तिचेत श्रमिक वर्ग, किसान, मजदुर र उत्पीडित समुदायको पक्षधर भएर उभिन्छ। श्रमलाई धर्मको स्थानमा राख्दै कविले श्रमविहीन धर्म र कर्मकाण्डीय आस्थाको आलोचना गर्छन् । यसले क्रान्ति चेतलाई मार्क्सवादी श्रमदर्शन र प्रगतिशील मानवतावादसँग नजिक पुऱ्याउँछ । श्रम गर्ने वर्गले इतिहास र भविष्य निर्माण गर्छ भन्ने विश्वास महाकाव्यको क्रान्ति चेतको केन्द्रमा छ। अन्ततः क्रान्तिदूत महाकाव्यको क्रान्ति चेत न्यायपूर्ण भोलिको समाज निर्माण गर्ने आजको सचेत सङ्घर्ष हो। आज गरिने कर्म नै भोलिको समाजको बीज हो भन्ने दृष्टिकोणले क्रान्तिलाई निरन्तर प्रक्रिया बनाउँछ। यसरी हेर्दा महाकाव्यको क्रान्तिचेत केवल राजनीतिक नारा होइन, मानव जीवन, समाज र सभ्यतालाई रूपान्तरण गर्ने दार्शनिक मार्गदर्शन हो । यो महाकाव्यले राष्ट्रप्रेमलाई गहिरोढङ्गले चिन्तन गर्दछ। देशलाई माया गर्ने राष्ट्रवादी कहिल्यै नमर्ने (सर्ग १३, श्लोक २) महाकाव्यको तर्क छ। राष्ट्रघात देशविरुद्धको अभियोग हो। "जो राष्ट्रघाती पनि कार्य गर्दछ, त्यो दुष्टले जे पनि गर्न सक्छ" (सर्ग १३, श्लोक २२) । राष्ट्रघातीले देशलाई लिलाममा राखेर आफ्नो स्वार्थ पूरा गर्ने हो । त्यसले कुनै पनि वेला देश र जनतालाई विदेशीको गुलाम बनाउन सक्छ । आमा बेचेर पनि किञ्चन पश्चाताप नहुने त्यसलाई जनताले क्षमा दिँदैन भन्ने तर्क महाकाव्यमा प्रबल भएर आएको छ। राष्ट्रघातीका विरुद्ध देशभक्तहरू हुन्छन् जसले राष्ट्रलाई मुटुभित्र राख्ने कर्तव्यलाई कहिल्यै पनि भुल्दैनन्। उनीहरू सङ्घर्ष गर्दा पनि नथाक्ने हुन्छन् । मुटुभित्र राष्ट्र राख्ने नै वास्तविक र सच्चा देशभक्त भएको कुरा महाकाव्यले सगर्व घोषणा गर्दछ (सर्ग १३, श्लोक २९) । आस्था, त्याग र निष्ठाको महाकाव्यमा महाकाव्यभरि आस्था र निष्ठाको विशाल नदी बगेको छ। सुकर्म गर्नेको कष्टमय जीवनलाई महाकाव्यले महान यात्राको क्यानभासमा राख्छ । त्यही क्यानभासमा सम्पूर्ण धर्तीको एउटा चित्रमा सङ्घर्षको इतिहासलाई प्रस्तुत गर्दछ। प्रकाश र गोमती पात्रको त्यो चरित्रलाई ठाउँ ठाउँमा महाकाव्यले उजागर गर्दछ : खाने र बस्ने पनि ठाउँ छैन, जोगी बनेकै पनि मित्र हैन, नैराश्यताको पनि गन्ध छैन, बोली नराम्रो पनि भेटिदैन (सर्ग १३, श्लोक ३४) । उपर्युक्त हरफहरूले एकताकका कम्युनिस्ट र प्रजातन्त्रवादी नेता-कार्यकर्ताहरूको सादगी जीवनको चित्रण गर्दछन्। कुनै वेला यस्तो युग थियो, जति वेला समाज परिवर्तन गर्न लागेका मानिसहरू कम्युनिस्ट र काङ्ग्रेस थिए, उनीहरू आदर्शको विशाल इतिहास थियो। उनीहरूले अहिलेको जस्तो सस्तो लोकप्रियता प्राप्त

गर्ने चेष्टा राख्दैनथे। सहादत हुन्थ्यो, बलिदानी हुन्थ्यो, जनताको घरमा बास हुन्थ्यो र कतिपय स्थानमा जनताले लखेट्न पनि सक्दथे तर उनीहरूको आदर्शको गहिरो छाप समाजलाई निरन्तर परिरहन्थ्यो र समाज जहिले पनि उनीहरूको आदर्शलाई पछ्याएर अघि बढ्न संकल्पित हुने गर्दथ्यो। कविले त्यो युगको उक्त आदर्शलाई यहाँ प्रस्तुत गरेका छन्। यहाँ प्रस्तुत भएका आदर्श बाणीहरू तिनै ऐतिहासिक मानवहरूको सादगी जीवनको चरितार्थ हो। अहिलेको जस्तो बनावटी, जनतासित रहेको जस्तो अभिनय गरेर अनेक स्टन्टबाज गर्ने ठगहरूको जस्तो सुविधा लिने त्यति वेलाका ती ऐतिहासिक नेता र कार्यकर्ताले सोच्न पनि सक्दैनथे त्यसैले उनीहरूले त्याग र बलिदानजस्तो कष्टपूर्ण यात्रालाई आफ्नो सर्वोपरि आदर्श बनाएर समाजलाई परिवर्तनको पारख गराउन सक्दथे। यो महाकाव्यले

परिवर्तनकारी तिनै महारथीहरूको चित्रण गरेर त्याग, बलिदान, आस्था र आदर्शको महानताको गहिरो चित्रण गर्दछ। एकताको पक्षमा महाकाव्यमा मानवजातिको मजबुत एकताको आवश्यकतालाई औँल्याइएको छ। पुर्खाले एकताको बलमा सभ्यताको युग निर्माण गरेरका थिए। यदि उनीहरूबिचमा एकताको भावना हुँदैनथ्यो भने विचार र भावनाको एकीकृत बल निर्माण हुने थिएन। उनीहरूले नयाँ काम गर्न भनेर उठाएका कदमहरू एक्लाएक्लै स्वार्थका झुण्डमाथि आधारित थिएनन्। सम्पूर्ण युगको मुहार फेर्ने अभिलाषामा साझा सहमतिको साक्षात्कार भएको थियो। कवि लेख्छन् : नौला काम गरौँ भनेर पहिल्यै पुर्खा जुटेका थिए, नौलै काम गरेर विश्वभरिमा मोती छरेका थिए। (सर्ग १, श्लोक ५०)। तर अहिले के भयो ? नौलो काम गर्ने कुरा त धेरै पर छ,, पहिलो कुरा त नौलो काम गरौँ भनेर जुट्ने प्रवृत्ति नै हरायो! दोस्रो, त्यसरी काम गर्ने खोज्नेहरूको बिचमा बनेको मोर्चा पनि फुटेर भताभुङ्ग हुन्छ। आपसी घमण्ड, मात र तुषको भिड लगाएर एकतालाई ध्वस्त गरिन्छ। त्यो अवस्थामा कविले निर्मम प्रहार गर्दछन् : नौलो काम गरौँ भनेर कहिल्यै हामी न ता जुट्दछौँ, सेखीले अलिबेर जुट्न नसकी आफैँ सधैँ फुट्दछौँ (सर्ग १, श्लोक ५०)। लोकप्रियतावादको विरोध र राजनीतिक जागरणको अभिकर्ता लोकप्रियतावाद राजनीतिक, सामाजिक र सांस्कृतिक दृष्टिले अपवित्र र दुर्जन मात्र होइन दुर्भावी, दुश्परिणामी र घातक छ। लोकप्रियतावादमा एउटा सामान्य पात्र भगवानको रूपमा अगाडि आउँछ। कसरी आउँछ, कसले ल्याउँछ र किन आउँछ ? यस्ता धेरै प्रश्न समाजमा रहन्छन् तर कसरी आउँछ र कसले ल्याउँछ भन्ने प्रश्नको उत्तर प्रायः खोजिदैन। किन आउँछ ? भन्ने कारणको उत्तरमा समाजको विद्यमानतालाई सम्पूर्ण रूपले दोषी बनाइन्छ। भविष्यको क्यानभास कस्तो बन्ने हो ? त्यो कुनै योजना हुँदैन तर विद्यमानतालाई पूर्ण रूपले ध्वस्त पार्ने काम गरिन्छ। धन भएको मानिसलाई लोकप्रियतावादले पूज्य बनाइदिन्छ, उसले आफ्नो स्वार्थको लागि आयोजना गरेको भोजलाई मानिसहरूले महान यज्ञको रूपमा लैजान्छन्। त्यही विश्वासको सिँढीमा टेकेर

धनी मानिस तिनै विश्वासीहरूको टाउकोमा घन बजार्ने ठाउँमा पुगिसकेको हुन्छ तर पनि मानिसहरूले उसलाई भगवान बनाइरहन्छन् । यसरी के सही हो र के गलत हो भन्ने कुरालाई भिडले कहिल्यै पनि विचार गर्नसक्दैन । जब उनीहरू नै त्यसबाट निलिने समय आउँछ त्यसपछि मात्र उनीहरूले आफ्नो भगवानको वास्तविकता थाहा पाउँछन् तर त्यति वेलासम्म धेरै ढिलो भइसकेको हुन्छ । भगवान बनाउँदाखेरि उनीहरूमा जुन शक्ति र तागत थियो त्यो अब काम नलाग्ने भइसकेको हुन्छ र उनीहरूको विरोध र समर्थनको कुनै औचित्य हुँदैन । उनीहरूले के स्थापना गर्ने थिए पहिले कुनै उत्तर दिइएको थिएन । उनीहरूले भगवान बनाएको धनी मानिस अब उनीहरूमाथि नै शासन गर्ने भइसकेको हुन्छ । के गर्दछौ अब ? भक्त बनेर पुजा गर्दछौ वा विद्रोही ? कविले लेख्छज् : धन भए दुनियाँ पछि लाग्दछ, जन भए अनि जे पनि गर्दछ (सर्ग १४, श्लोक ६१)। धन कुनै सिद्धान्त, दर्शन वा विचार होइन तर त्यसको शक्तिको कारण ठुला ठुला व्यक्तित्वहरू पतन भएका कैयौँ उदाहरण पाइन्छन् । यसको अर्थ यो भयङ्कर शक्ति हो र यसले सत्ता र सरकार ढाल्ने र बनाउने तागत राख्दछ । पपुलिस्टहरू निर्माण गर्न सक्दछन् । लोकप्रियतावादीहरूको सस्तो लोकप्रियता र विश्वासलाई अमूल्य र चमत्कारिक बनाइदिन्छ । लोकप्रियतावाद र धनी मानिसको सम्मान उस्तै उस्तै हुन् । दुबैको कुनै दृष्टिकोण र दर्शन नभए पनि, समाजमा कुनै योगदान नभए पनि अन्धविश्वासको खेती गरेर सर्वसाधारण जनतालाई ठग्नेहरूको विरुद्धको अभियानमा यो महाकाव्य लामबद्ध भएको छ । पहिले सबैको कुभलो गर्ने अब त्यही होनाहार भएर जनको मनमा बस्ने भयो । कविले व्यङ्ग्यवाण गर्दछन् : अघि थियो कुभले धनको धनी, अब बन्यो सजिलै जनको पनि, यति छिटै पनि मित्र सबै बने अनि, त्यसै दुनियाँ नजिकै भए (सर्ग १४, श्लोक ६२)। महाकाव्यमा राजनीतिक चेतना प्रशस्त मात्रामा व्यक्त भएको छ । समाज परिवर्तनका लागि राजनीतिक कार्य हुनु अनिवार्य मानिएको छ । विकास, गैरसरकारी संस्था, कुनै धार्मिक निकाय वा नागरिक समूहजस्ता डप्फाहरूलाई यसले समाज परिवर्तनको सामान्य सहयोगीको रूपमा मात्र विचार गर्दछ । राजनीतिक शक्तिलाई नै परिवर्तनको मुख्य बाहकको रूपमा विचार गर्दछ र राजनीतिक चेतनाको प्रश्नलाई उच्च मूल्य दिन्छ श्रम र धर्मबिचको सम्बन्ध महाकाव्यले धर्म, पुजा, पाठ वा कर्मकाण्ड नभएर श्रम, इमान्दारिता र मानवीय कर्तव्यका रूपमा पारिभाषित गर्दछ । श्रम, मानवीय मूल्य र सामाजिक न्यायप्रति गम्भीर चिन्तन गर्दै महाकाव्यले श्रम र धर्मको सम्बन्धबारे दृष्टिकोण प्रस्तुत गर्दछ । धान, खेत, बिउ, पसिनाजस्ता शब्दहरू महाकाव्यमा प्रशस्त प्रयोग हुनुको अर्थ श्रमको परिणामलाई सर्वोपरि राख्नु हो । श्रमविना धर्म सम्भव छैन र श्रम नै साँचो धर्म हो भन्ने मूल्यलाई महाकाव्यले स्थापित गर्दछ । "बोकेर धान भरिया घर ल्याउँदै छन्" (सर्ग पाँच, श्लोक ४१) जस्ता विभिन्न पङ्क्तिले श्रमिकको श्रमलाई नै पवित्र

कर्मको रूपमा उभ्याउँछन् र त्यसलाई जोडदार समर्थन गरेर महाकाव्यको चिन्तन मिहिनेतकश जनताको पक्षमा गएर उभिन्छ । धर्मको कुरा गर्दै गर्दा सेवा, कल्याणकारी काम, मानवीय कर्मलाई धर्मको रूपमा विचार गरिए पनि महाकाव्य कर्मकाण्डीय धर्मको आलोचना गर्न अगाडि सर्दछ । यसले भन्छ कि कर्मकाण्डीय धर्मले गरिबी सहन सिकाउँछ, अन्यायलाई भाग्य भनी स्वीकार गराउँछ र श्रमिकलाई शोषणमा नै राख्दछ, अन्धविश्वासमा बाँच्न बाध्य तुल्याउँछ ।

यसरी कर्मकाण्डीय धर्मको गम्भीर आलोचना गरिसकेपछि सामाजिक यथार्थ र वर्गीय चेतनातर्फ यसले यात्रा गराउँछ । किसान, मजदुर, भरिया, गरिब वर्ग, उनीहरूको दुःख, श्रम र आशाजस्ता प्रसङ्गलाई महाकाव्यमा यत्रतत्र र उच्च स्थान प्रदान गरिएकोले यसले वर्गीय पक्षधरताको सुवासलाई फैलाएको स्पष्ट हुन्छ । श्रमिक वर्गले श्रम गर्दा धनी वर्गले श्रम नगरी फल खान्छ । त्यो अवस्थामा श्रम गर्ने श्रमिक वर्ग पसिना बगाएर पनि भोक र अभावमा पर्दछ । यस दृष्टिकोणले मार्क्सवादी श्रम दर्शनसँग यो महाकाव्यले आफूलाई एकाकार बनाउन प्रयास गर्दछ । भोलिको समाजलाई यसले विम्बात्मक रूपबाट हेर्दछ र यसलाई आजको सङ्घर्ष र प्रेरणाको फलको रूपमा प्रस्तुत गर्दछ । आजको समाजमा गरिने सङ्घर्ष र प्रेरणालाई यसले बीजको रूपमा औंल्याउँछ । आजको सङ्घर्ष र प्रेरणा सही भए त्यसले भोलिको समाजलाई न्यायपूर्ण बनाउँछ तर आजको सङ्घर्ष र प्रेरणा गलत भए त्यसले भोलिको समाज शोषण र अन्यायले भरिएको बनाउँछ । श्रमले कर्म सिकाउँछ र धर्मको परिभाषालाई श्रम र मानवताको आँखाबाट प्रस्तुत गर्दछ । धर्म अलौकिक नभएर मानवीय व्यवहार हो, ईश्वरभन्दा ठुलो श्रम र मानवता हो । न्याय, समानता र परिश्रम नै जीवनको सार हो । यसरी महाकाव्यले श्रमको उच्च महिमा गाउँदै कर्मकाण्डीय धर्मको आलोचना गर्दछ । महाकाव्य अन्ततः किसान मजदुर वर्गको पक्षमा उभिन्छ र सामाजिक न्याय र चेतनाको लागि आव्हान गर्दछ । यसले यो महाकाव्यलाई प्रगतिशील, यथार्थवादी र मानवीय दर्शनबाट समृद्ध गरेको स्पष्ट बुझिन्छ । कर्मवादको पक्षमा महाकाव्यले कर्मको अर्थ, कर्मको परिभाषा र कर्मसँग जोडिएको मानव जीवनको यथार्थ उजागर गर्दछ । कविले मानिसको जीवन भाग्य, इच्छा वा प्रार्थनाले मात्र होइन, उसले गर्ने कर्मले नै निर्धारण हुन्छ भन्ने सन्देश दिन्छन् । कर्म बाहिरी कामको रूपमा मात्र होइन चिन्तन, व्यवहार र सामाजिक जिम्मेवारीसँग गाँसिएको गहिरो दार्शनिक तत्त्व पनि हो भन्ने कुरालाई महाकाव्यमा स्थापित गरिएको छ । मानवको मुक्ति भाग्यको भरमा आधारित हुँदैन, बरु अन्यायको विरुद्धमा सशक्त भएर खडा हुँदै सङ्घर्षको बाटो पहिल्याउनाले मुक्ति प्राप्त गर्नसकिन्छ । अन्याय सहनाले अन्यायीले झन् झन् अन्याय गर्दै जाने भएकोले त्यसलाई सहनु उपयुक्त हुँदैन । कवि लेख्छन् ः अन्यायलाई सहनै हुँदैन, सहेर बस्दा सुख पाइँदैन (सर्ग १३, श्लोक ३)। सहेर मान्छे जब बाँच्न थाल्छ, अन्याय गर्ने तब नाच्न थाल्छ (सर्ग १३ श्लोक ४)।

सत्कर्म भनेको अन्यायको सहन नगर्नु नै हो । अन्यायको विरुद्ध आबाज उठाउने स्वतन्त्रता र मुक्तिको बाटोमा हिड्ने मार्ग प्रशस्त हुन्छ । कविले सत्कर्म गर्दा "मर्नै परे पनि मर्नुपर्छ" (सर्ग १३, श्लोक १०) भन्ने हरफबाट कर्मवादलाई परिभाषित गर्दछन् । कर्म श्रेष्ठ हो, कर्मविना परिवर्तन र नयाँ संसारको परिकल्पना बेकार छ । महाकाव्यले सुखदुःखलाई आलिङ्गन गरेर जुन मानव सास्तीलाई समेत खप्न सक्छ र त्यही नै अगाडि बढ्न सक्छ (सर्ग १३, श्लोक १७) भन्ने मान्यतालाई अगाडि सारेर कर्मी पात्रहरूको अमरताको गुह्य कुरालाई स्थापित गर्दछन् ।

## निष्कर्ष

खेमराज निरौलाद्वारा रचित 'क्रान्तिदूत' महाकाव्य विषयवस्तु, दर्शन र भावनात्मक गहिराइका दृष्टिले नेपाली महाकाव्य परम्परामा एक महत्त्वपूर्ण कृति हो । २९ सर्ग र ५८६ पृष्ठमा विस्तारित यो महाकाव्यले नेपाली पहिचान, प्रकृति, राष्ट्र, श्रम, मानवता, क्रान्ति र कर्मको समग्र दार्शनिक समन्वय प्रस्तुत गरेको छ । यसले कविता मात्र होइन, समाज र जीवनप्रति जिम्मेवार वैचारिक दस्तावेजको रूप लिएको देखिन्छ । महाकाव्यमा प्रकृति केवल दृश्य सौन्दर्यको विषय नभई मानव चेतना, नैतिकता र सभ्यताको आधारका रूपमा चित्रित छ । प्रकृति-मानव-श्रमको अन्तरसम्बन्ध देखाउँदै कविले प्रकृतिको सम्मान नगर्दा मानव अस्तित्व नै संकटमा पर्ने चेतावनी दिएका छन् । राष्ट्रप्रेमको सन्दर्भमा महाकाव्य अत्यन्तै स्पष्ट र कठोर छ । राष्ट्रघातलाई गम्भीर अपराधका रूपमा व्याख्या गर्दै सच्चा देशभक्त भनेको राष्ट्रलाई मुटुभित्र राख्ने व्यक्ति हो भन्ने सन्देश दिएको छ । क्रान्तिचेत महाकाव्यको केन्द्रीय आत्मा हो । यहाँ क्रान्तिलाई हिंसा वा सत्ता परिवर्तनको साधन होइन विवेक, नैतिक साहस र सत्कर्मको परिणामका रूपमा परिभाषित गरिएको छ । अन्यायको विरुद्ध नउभिनु स्वयम् पाप हो भन्ने कर्मवादी दृष्टिकोणले पाठकलाई सक्रिय नागरिक बन्न प्रेरित गर्छ । लोकप्रियतावाद, धनकेन्द्रित राजनीति र अन्धविश्वासको तीव्र आलोचनाले महाकाव्यलाई समसामयिक र चेतनामूलक बनाएको छ । श्रम र धर्मको सम्बन्धमा महाकाव्यले कर्मकाण्डीय धर्मको खण्डन गर्दै श्रम, इमान्दारी र मानवीय कर्तव्यलाई साँचो धर्म मानेको छ । किसान, मजदुर र उत्पीडित वर्गप्रति स्पष्ट पक्षधरता देखाउँदै यसले मार्क्सवादी श्रमदर्शन र प्रगतिशील मानवतावादसँग आत्मीय सम्बन्ध स्थापित गरेको छ । समग्रमा क्रान्तिदूत महाकाव्य प्रकृति-मानव-समाज-राजनीति-दर्शनको एकीकृत दृष्टि प्रस्तुत गर्ने प्रगतिशील, यथार्थवादी र मानवीय महाकाव्य हो । यसले पाठकलाई केवल सौन्दर्य अनुभूति होइन, जिम्मेवार चेतना, सङ्घर्षशील कर्म र न्यायपूर्ण भविष्यप्रतिको प्रतिबद्धता प्रदान गर्दछ ।

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।

# लमतन्न चट्टान



❖ रञ्जुश्री पराजुली

मधुम्न रमाउँने मान्छे भएर होला समय र परिस्थितिले वेलामौकामा घुम्ने मौका जुराइदिँदो रहेछ। आफ्नो बसाइ प्रायः अमेरिकामा हुने भएकोले योपटक अर्थात् २०२५ सालको क्रिसमस पर्व लुजियाना राज्यमा बिताउने मौका मिल्यो । लुजियाना अमेरिको ४८ औं राज्य पर्दो रहेछ। लुजियाना म बसेको राज्य टेक्ससबाट करिब साढे दुई घण्टा उडेर पुग्नपर्ने रहेछ। यो बिदा मनाउने क्रममा हाम्रो टोलीमा तीन परिवारका ११ जना, सात वर्षदेखि ७७ वर्षसम्मका व्यक्तिहरू थियौं । समय केटाकेटीहरूको बिदाको वेलाको मौका पार्नु थियो । चुरिफुरी गरेर रमाउँने उनीहरू नै हुन्थे । नयाँ ठाउँमा पुगेपछि त्यहाँका प्रसिद्ध ठाउँहरू घुम्ने, त्यहाँको नाम चलेको खाना खाने, मन लागेको कुरा उनीहरूको बजेटभित्र पारेर मात्र किन्ने गरेर रमाउने गर्थे । टेक्ससभित्र नै पनि एक दिने घुमाइ गरेर हेर्न र घुम्नपर्ने ठाउँहरू प्रशस्त थिए । पहिले त्यतै घुम्ने अनि लुजियाना जाने भन्ने सल्लाहअनुसार हाम्रो घुमाइ नजिकैको 'फेड्रीस्वर्ग' सहर घुम्न जाने भन्ने भयो। यो सहरको काउन्टी (नगरपालिका) गिलाइपर भन्ने ठाउँ रहेछ। फेड्रीक्सबर्गमा पहिले जर्मनहरू आएर बसेका रहेछन् । उनीहरूले नै यो सहरको विकास गरेका रहेछन् । यहाँ सबै कुरा जर्मनकै जस्तो पाइन्छ। घरको बनोट, सहरबजार आदि । जर्मन स्टाइलका वाइनरी, रेस्टुरेन्टहरू, त्यहाँ पाइने खानेकुरा सबै जर्मनी किसिम, तिनका नाम पनि जर्मनी नै। सहरबजारको बनोट पनि पुरानो जर्मनको झझल्को दिने खालको रहेछ। म आफू जर्मन नगएको र त्यताको बनोट, स्थानीय खाना नखाएकोले देखेको र सुनेको कुरा यहाँ पाठकहरूलाई बताएको मात्र हो । 'फेला परेको वेलादेखि नै यो सहरमा प्रायः सबै जर्मन भाषा बोल्थे रे । अहिले पनि प्रायः केही परिवार आफ्नो घरभित्र जर्मन भाषा नै बोल्छन् रे' भन्ने त्यहाँ सुनियो। जर्मन हेरिटेज, स्थानीय तर जर्मनको जस्तो वाइनहरू, वाइनरी (रक्सी बनाउने ठाउँ), पुराना ऐतिहासिक सहरहरू, इनच्यान्टेड रक (यसको बारेमा म पछि भन्छु) पनि यहाँ छ । त्यहाँ पुगेर मात्र मैले थाहा पाएको अर्को महत्त्वको कुरा अमेरिकाका पूर्वराष्ट्रपति लिन्डन बी जोन्सनको जन्मथलो पनि यहीं रहेछ। अर्को एकजना राष्ट्रपति पनि यहीं जन्मेका रे। लिन्डन बी जोन्सन प्रायः त्यतै बस्न मनपराउँथे रे भन्ने पनि सुनियो । उनको नाममा त्यहाँ ठुलो पार्क, सङ्ग्रहालय आदि पनि छ। हामीले भ्याएसम्म घुम्यौं, डुल्यौं । जर्मनी खाना, आइसक्रिम पनि स्वाद लिएर चाख्तै र चाट्दै रमायौं।

फेड्रिग्सबर्ग सहरबाट बिस माइल पर 'इनचान्टेड रक्स' भन्ने ठाउँ छ। त्यो एउटा ठुलो एउटै चट्टानले बनेको ठाउँ हो। हज्जारौं वर्षदेखि

यो चट्टान लमतन्न पसारिएर रहेको छ। प्राचीन समयमा कोमान्चा, टोन्कावाबा, मागाना नामका आदिवासीहरू त्यहाँ बस्दथे । यी अमेरिकन इन्डियन आदिवासीहरू एकआपसमा लडाइँ गर्थे । एकपटक एउटा जातिकी आदिवासी राजकुमारीले आफ्नो जातिका एक झुन्ड आदिवासीलाई अर्को जातिले मारेको देखिछन्। यो देखेर उनी आफू पनि त्यहीँबाट हामफालेर आत्महत्या गरिछन् रे । त्यसैले त्यो ठाउँलाई ' हन्टेड प्लेस' पनि भनिदो रहेछ। (यो जानकारी गुगलद्वारा प्राप्त भएको हो) यो लमतन्न चट्टानवरिपरि गुफा पनि छन्। हाइकिङ र बाइकिङ गर्ने बाटो पनि छुट्याएको छ । बिच बिचमा कसरी उक्ले, कताबाट उक्लिए कति हिँडिन्छ भनेर लेखेर झुन्ड्याएका जानकारी र सचेतता पाटी देखिन्छ । चारैतिरबाट सुरक्षा अपनाएर पर्यटकलाई सचेतता दिएको भेटिन्छ। समयको क्रममा त्यो जाति विभिन्न ठाउँमा विस्थापित भए पनि यदाकदा आफूहरूलाई त्यो आदिबासीको सन्तान-दरसन्तान हौं भन्दै त्यहाँ घुम्न आउँछन् रे भन्ने कुरा पनि सुनियो । प्रक्रिया पुऱ्याएर त्यहाँभित्र घुम्न एकपछि अर्को गौंडो पार गर्दै जाँदा ठाउँ ठाउँमा लेखेर झुन्ड्याएको बोर्डबाट धेरै कुरा थाहा पाइन्छ।

इनच्यान्टेड रक घुम्न भित्र पस्नको लागि केही प्रक्रिया पूरा गर्नुपर्दो रहेछ । सर्वप्रथम त तोकेको ठाउँमा पैसा तिरेर गाडी कति समयको लागि राख्ने हो त्यसको भाडा तिरेर रसिद लिनुपर्ने रहेछ। त्यसपछि पार्क पस्नलाई लाइन लागेर पूरा शरीर स्क्यान गरेर तोकेको शुल्क तिरेर भित्र पस्नुपर्ने रहेछ। ज्येष्ठ नागरिक र १२ वर्षका केटाकेटीको टिकट शुल्क कम लाग्दो रहेछ । त्यता भित्र पार्कवरिपरि साइक्लिङ गर्नेहरूले लगेको साइकलको पनि चार्ज तिर्नुपर्ने रहेछ। एक ढिक्को चट्टान उक्लनको लागि पहिले लामो भऱ्याङको खुड्किला ओर्लनुपर्छ। ढुङ्गाको भऱ्याङको खुड्किला पनि फराकिलो छ। दायाँबायाँ समाउने बार थिएन। म बिस्तारै होस गरेर ओर्लन थालेँ। अरूले मलाई 'तपाईँ सक्नुहुन्न' भन्दै थिए। म भने 'जति सक्छु उक्लन्छु, नसके फर्कन्छु' भन्ने सोचेर अगाडि बढेँ । आँट नगर्नेहरू माथि नै बेन्चमा बसे । अमेरिकामा त्यस्ता पार्कहरूमा पर्यटकहरूलाई सजिलो होस् भनेर ठाउँ ठाउँमा बस्ने बेन्चहरू, बाथरुम, खानेकुरा बेच्ने फुड ट्रक आदि राख्ने गरेको हुन्छ। ढुङ्गाको भऱ्याङ ओर्लिएपछि एउटा सानो पानीको खोल्सो पनि पार गर्नुपर्छ। बिच बिचमा ढुङ्गा भएकाले जुत्ता नफुकालिकन सजिलैसँग खोल्सो तरेर आफ्ना मान्छे पछ्याउँदै उक्लन थालेँ। म सुस्ताउँदै, अड्दै कम्मरमा हात लगाएर अड्दै उभिएको माथिबाट फर्कँदै गरेको एउटा टोलीले देखेको रहेछ। नजिकै आएपछि आफ्नै पिके कलेजमा पढाउँदाकी दौंतरी साथीकी छोरी र उनको परिवार रहेछ। अडेर कुराकानी भयो । अमेरिकाको त्यस्तो अनकन्टार ठाउँमा पुग्दा पनि नेपालीसँग भेट हुँदा धेरै खुसी लाग्यो। उनले 'अन्टी तपाईँ माथिसम्म उक्लन सक्नुहुन्न। हामीसँगै फर्किनुहोस्' भनिन्। मैले 'जति सक्छु त्यति उक्लेर फर्कन्छु' भन्दै उक्लिएँ। आधा जति पुगेपछि म थाकेँ । अरू उक्लने आँट आएन । ठुलो ढुङ्गा ओर्लन पर्दा नसकेर जोकोहीलाई पनि हात बढाएर सहयोग माग्दा खुसीसाथ मद्दत गर्दा रहेछन् । मलाई मद्दत गरे । तल झरिसकेपछि बेन्चमा माथि उक्लिएका आफ्नाहरूलाई कुरेर


बस्दा अर्को एउटा नेपाली टोलीसँग पनि भेट भयो। उनीहरू आपसमा नेपाली बोलेको सुनें तर कुराकानी भएन। त्यसैबिच हाम्रो टोलीकै सानी पाँच वर्षकी नानी बुबाको हात समाउन छोडेर आफैं दौडिएकी रे कता पुगिछ्न् कता ? अनि त पुलिसलाई खबर गरेपछि खोज्ने सर्च टिम तुरुन्त आइपुगेर नानीको नाम हुलिया सबै लिएर तदारुकताका साथ खोजी कार्यमा लागे।

सबैतिर कडा सुरक्षा भएको संसारकै अति विकसित देश अमेरिकाको लागि यो खोजी कार्य ठुलो थिएन। सानीनानीका बुबाआमाको लागि भने चिन्ताजनक नै थियो। चट्टानवरिपरि साना साना हरियाली थुम्काथुम्की थिए। त्यहाँ मृगका बथान बसेका हुन्थे। त्यति मात्र नभई अरू साना लोखर्के र त्यस्तै अरू साना जन्तुहरू पनि थिए तर भगवान्को कृपाले नानी सकुशल फेला परिन्। हाम्रो टोलीलाई त्यही नै ठुलो उपलब्धि भयो। सबैजना चट्टानबाट तल झरेपछि एक ठाउँमा बसेर सल्लाह गरेअनुसार उहाँहरू सानएन्टोनियो सहरबाट आउनुभएको थियो। लुजियाना स्टेट घुम्ने कार्यक्रम छोट्याएर पाँच घन्टा लामो ड्राइभ गरेर अरू सबै प्रोग्राम क्यान्सल गरेर फर्किनुभयो। हामी भोलिपल्ट बिहान छ बजेको उडानको तयारी गर्नेतिर लाग्यौं।

इनच्यान्टेड रकबाट फर्कंदा फेरि एकपटक फेर्डक्सबर्ग घुमेर त्यहाँको क्रिस्मस लाइटहरू हेरेर बेलुकाको डिनर पनि त्यहीं खाने भनेर घुम्नतिर लाग्यौं। क्रिस्मसट्रीको जर्मनमा पहिलो सुरु हुँदाको नमुना त्यहाँ जस्ताकोतस्तै राखिएको थियो अनि रुखमा सजाइएका रङ्गिचङ्गी बत्तीहरू पनि त्यस्तै नै ओरिजन ढङ्गको रे। घुम्यौं, तस्बिर खिच्यौं अनि त्यताको घुमाइ छोट्याएर त्यहाँबाट फर्कियौं।

**❑ कविता**

## गुलेली



**❖ गोपालकुमार मैनाली**

बजार जाँदै गर्दा
मैले छोरालाई सोधें,
'बाबु केही ल्याइदिनुपर्छ ?'
छोराले भन्यो,
'गुलेली र मट्याङ्ग्रा ल्याइदिनू बाबा।'
जिज्ञासु भावमा मैले सोधें,
'किन र छोरा ?'
उसले भन्यो,
'जलेको सिंहदरबारमा
कालो काग बस्यो
त्यसलाई धपाउन।'

*काठमाडौं।*

# साहित्यमा सक्रिय हुँदा : साहित्यिक पत्रकारिता



❖ प्रा.डा.बन्धु कोइराला 'खेकोब'

आज फर्केर हेर्छु साहित्यिक पत्रिकाको इतिहास । यो धेरै लामो छ नेपाली पत्रकारिताको इतिहासमा तर निश्चित रूपमा यसमा दुःखको कुरा छ। वि.सं.१९५५ सालमा प्रकाशित भएको सुधा सागरको कुनै अभिलेख हामीसँग छैन। उही इतिहास मात्रै। साहित्यलाई कलालाई वा सङ्गीतलाई नै पनि अनुत्पादक मानिने हाम्रो समाज। राजनीतिले थिचिएको। कुनै समयको सामन्ती सोच पीछडिएको समाज र चेतनाविहीन नेपाली जनता। अन्धविश्वास, रुढि, कुरीतिबाट आक्रान्त हामी।

सन्दर्भ पत्रकारिता नै हो त्यसमा पनि साहित्यिक पत्रकारिता, साहित्य लेखन आज मोती युगभन्दा अथवा भनौं हस्तलिखित अनि लिथोप्रिन्ट, ग्याली कम्पोज गरेर निकालिने पत्रिकाभन्दा धेरै अघि बढेर रेडियो, टिभी हुँदै आमसञ्चार अझ अनलाइन पत्रकारितामा साहित्यिक पत्रकारिता पुगेको छ । मैले ५० वर्षअगाडि साहित्यिक पत्रकारिता सुरु गर्दा अथवा सम्पादन गर्दा प्रकाशन गर्दाको अवस्था र आजको अवस्था कति फरक छ फर्केर हेर्न मन लाग्छ। निश्चित रूपमा यो उपेक्षित छ र एउटा स्वान्त सुखाय चलाएको वा प्रकाशित भएको पत्रकारिताको रूपमा साहित्यिक सम्पादकहरू र पत्रकारहरू सम्मानित हुने अवस्था राष्ट्रले, सत्ताले, सरकारले दिएको छैन; स्वयम् पत्रकार हरूले पनि त्यस्तो जिम्मेवारीपूर्ण रूपमा काम गरेका छैनन् अर्थात् त्यस्तो वातावरण छैन। यो अवस्थामा पनि हामी साहित्यिक पत्रकारितालाई संरक्षण सम्बर्धन गर्न भनेर हिँडिरहेका छौँ कारण यो एउटा साहित्यका निम्ति, साहित्य विकासका निम्ति, जनजागरणका निम्ति महत्त्वपूर्ण पक्ष हो । संवेदनायुक्त र शाश्वत मानवीय अनुभूति र जागरणको चेतनावाहक पनि । साहित्यकारहरू खाउन् नखाउन्, लाउन् नलाउन् आफ्नै प्रकारले दुःखकष्ट गरेर यो कर्ममा लागेका छन् । कुनै चेतनशील समाजमा गएर हेऱ्यो भने अन्य पत्रकार वा विधागत पत्रकारको बदलामा साहित्यिक पत्रकारहरूको ओज निन्याउरोजस्तो देखिन्छ त्यो आर्थिक दृष्टिकोणले होला, राज्यले उपेक्षा गरेको कारणले होला तर साहित्यिक पत्रकारहरू चाहिँ खरानीभित्रको गरम आगोजस्तो मन, आत्मा र मस्तिष्क दरिलो बनाएर बसिरहेका हुन्छन्। हो, त्यो आगोले छोपिएको हुन्छ, यो लेख्दा म यही महसुस गरिरहेको छु। मभित्र विभिन्न प्रकारका अनुभव र अनुभूति छन् तर ती छोटो स्थानमा प्रकट गर्नसक्ने स्थिति छैन, सबभन्दा ठुलो कुरा समय र स्थानकै कुरा हो। पत्रिकाले धेरै स्पेस दिँदैन।

अब त मेरो उमेर पनि आठ दशक छुने वेला भयो । मलाई पनि धेरै समय लेख्नसक्ने वा लेखाउनसक्ने स्थिति कहाँ छ र ! एउटा त वृद्धत्वतर्फको उर्ध्वयात्रा अर्कोतर्फ आफ्नै कमजोरी; खास गरेर स्मृतिगत ... । डराई डराई यो लेख तयार गरिरहेको छु। लाग्छ आजको

सुपरफास्ट जमानामा यो लेख सम्पादकले कति पढ्छन् र पाठकले कति अनि यसको उपयोगिता के र कति ! तर मेरो मनले त्यो मान्दैन, थोरै भए पनि आफूले व्यहोरेको तत्कालीन साहित्यिक पत्रिकाको उपेक्षित अवस्था र आर्तनादलाई केही शब्दमा भए पनि अभिव्यक्त गर्नु आवश्यकता हो भन्ने लाग्छ । 'गोरखा भारत जीवन' मोतीराम भट्टको हुटहुटीमा प्रकाशित भएको आजसम्म पनि नभेटिएको प्रसङ्गले पीडा हुन्छ र भरपर्दो किसिमले साहित्यिक पत्रपत्रिकामा प्रकाशित लेखनको एउटा सूची पनि प्रकाशन गर्ननसकेको कुराले आफूलाई एक पाठकको नाताले चिन्ता पनि लाग्छ र केवल यति मात्र भन्न मन लाग्छ, 'साहित्यिक पत्रकारिता सुरक्षित रहोस् र यसका आजसम्मका उपलब्धिलाई सुरक्षण गर्न सकियोस् ।'


यसै सन्दर्भमा मैले सम्झेका र मलाई भन्न मन लागेका केही कुरा टिपोट गर्न गइरहेको छु । आज विद्युतीय सञ्चार माध्यमका विविध पक्ष छापा पत्रकारिताबाट अघि बढ्दै रेडियो, टिभी, अनलाइनसम्म आइपुग्दा त्यही साहित्यिक पत्रकारिताको कुरा गरिरहन कति उपयुक्त छ भन्ने पनि कुरा आउन सक्छ तर मानव सभ्यताको विकासक्रममा आजलाई लिएर हिजोलाई फर्केर नहेर्नु किमार्थ उपयोगी हुँदैन भन्ने पनि मैले ठानेको छु । १७ वर्षको उमेरमा महेन्द्र कलेज धरानमा अध्ययन गरी काठमाडौँमा प्रवेश गरेपछि लालपन्थी धरानको शब्दमा खरानी अर्थात् वाम चेतना लिएर आउँदा काठमाडौँको अनुभूति निकै फरक विशाल सहर काठमाडौँ अझ उपत्यका एक प्रकारले हराइँने तर एउटा आफ्नै सूर १९ बर्से लक्काजबान ! २०२७ सालको कुरा हो, कीर्तिपुरमा जसको युनियन हुन्थ्यो त्यसले देउराली पत्रिका प्रकाशन गर्थ्यो । साहित्यमा रुचि राख्ने म सम्पादक बन्न पुगेँ । अखिलको युनियन थियो । स्वभावतः सम्पादक बनियो प्रथमपटक । अनुभव थिएन तर हुटहुटी थियो । शरीरमा रगत उम्लेको असङ्गत समाजप्रति असन्तुष्टि विद्रोहको चेतना कतै बोकूँ टोकूँजस्तो । काठमाडौँमा बाहिरबाट आएका व्यक्तिहरूको स्वभाव काठमाडौँवासीभन्दा पक्कै फरक हुन्थ्यो एक अर्थमा पाखे भनिने ।

स्वतन्त्रता थियो पढ्ने अनि विद्यार्थी सङ्गठनमा आफ्नो रुचि र हैसियतअनुसार संलग्न हुने । धरानमा वाम गुरुहरूले भरिदिएको विस्तारवादी भारत र साम्राज्यवादी अमेरिकाप्रतिको विरोधको भावना सशस्त्र मूलतः बहुल विचारभन्दा पनि वाम विचारमा एकनिष्ठता अझ वैचारिक दृष्टिकोणले तात्कालीन माओवाद अर्थात् चीनको सांस्कृतिक अभियानप्रतिको रुझान मार्क्स, लेनिन र माओप्रतिको एउटा अगाध निष्ठा र विश्वास पनि । यही क्रममा पुस्तकालय, पुस्तक पसल चाहार्ने अनि साथीहरूसँग अन्तर्क्रिया पनि विभिन्न जिल्ला वा अञ्चलका विद्यार्थी सम्पर्क मञ्चहरू पनि प्रयोगका माध्यम । क्रान्तिकारी विद्रोही कविता, कथा, लेख, सम्पादकीय लेख्ने, पढ्ने देउरालीको सम्पादनको क्रम थियो । सबै क्रान्तिकारी विद्रोही रचना प्राप्त गरियो र अतिथि लेखकहरूको लेख पनि अनि सम्पादनका कुरा भए । सम्पादकीयको कुरा सम्झन्छु- सम्पादकीयमा तारानाथ शर्मालाई वामपन्थी/प्रगतिवादी विचारधारालाई प्रतिकार गरेकोमा त्यसैको बारेमा सम्पादकीय लेखेको ।

यही क्रममा विस्तारै विश्वविद्यालयको/ कीर्तिपुरको आफ्नो अध्ययन समाप्त हुने वेला हुँदै थियो । गन्तव्य पत्रकारिता वा शिक्षण के हो भन्ने कुरामा कुनै निश्चित विचार आइसकेको

थिएन, केही गर्नुपर्छ भन्नेसम्मको उत्साह चाहिँ थियो नै । यही क्रममा फुर्सदिलो समय केही साथीहरू मिलेर साहित्यिक सङ्गठन खोल्ने कुरा उठ्यो । कस्तो सङ्गठन ? नाम दिइयो- ‘नौलो नेपाली साहित्य परिषद्’ अनि त्यसमा सिद्धिचरण श्रेष्ठ, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, बल्लभमणि दाहाल, टिआर विश्वकर्मा, खगेन्द्र सङ्ग्रौला, कुमार कार्की, मदन हिमांशी, हेमन्त गौचन, गङ्गाराज राईजस्ता समेत व्यक्तिहरूको उपस्थितिमा एउटा सामयिक सङ्कलन/साहित्यिक सङ्कलन निकाल्ने भन्ने कुरामा सहमति भयो । फुर्सदिलो म, उत्कण्ठा मेरै बढी त्यसैले संयोजकको रूपमा मैले जिम्मा लिनुपर्‍यो, लिएँ अनि सामग्री सङ्कलनको सुरुवात गरेँ ।

सामग्री/लेख, कविता समालोचना निकाल्नेसन्दर्भमा वामपन्थी हुनुपर्छ भन्ने हाम्रो धारणा आत्मसात् गर्दै सबैले रचना खोज्ने कुरा भयो । मैले अलि उत्सुकतासाथ रचना माग्न सुरु गरेँ । साथीहरू त्यति सक्रिय भएनछन् अनि मैले मागेका रचनाहरू जब लेखकहरू भेटिन्थे भेट्ने थलो उही न्युरोड पिपलको बोट, सोध्थे खै तपाईंहरूको पत्रिका निस्कने कहिले ? साथीहरूसँग भेटेँ । आफूले रचना सङ्कलन गरेको कुरा बताएँ । सागरबाहेक अरूले त्यति उत्सुकता नदेखाएजस्तो महसुस भयो । जे पर्ला भनेर प्रेसमा पत्रिका छाप्न दिएँ । सामयिक सङ्कलन, यो सामयिक सङ्कलन प्रकाशन गर्न ४-५ महिना लाग्यो । अनुभव थिएन । सम्पादक, प्रकाशक म स्वयम् रहेँ । निमित्त नौलो नेपाली साहित्यिक परिवार काठमाडौँको निम्ति युनिभर्सल प्रेस गङ्गापथमा छापियो । यसमा सम्पादकीयमा प्रगतिवादको वकालत र प्रगतिवादीइतर साहित्यको निषेध गरिएको थियो र पहिलो अङ्कैमा समालोचना अङ्क दोस्रो अङ्कमा निकाल्ने कुरा लेखेको थियो किनकि मलाई समालोचना विधामै आफूलाई रुचि थियो । पहिलो अङ्कमा प्राप्त रचना दोस्रो तेस्रो अङ्कमा प्रकाशित गर्दै जाने भन्ने कुरा पनि उल्लेख गरिएको थियो । कवि सिद्धिचरणको कविता अथवा पूर्णप्रसाद ब्राह्मणका कविताजस्ता पुराना लेखकका कविता त समावेश गरियो नै; देवीप्रसाद किसान, टिआर विश्वकर्मा, श्यामप्रसाद शर्माका पनि कविता र लेख, निबन्ध; गोविन्द भट्टको वैज्ञानिक दृष्टिकोण अति चर्चित लेख निबन्ध बन्नपुग्यो । खास गरेर मोदनाथ प्रश्रितको ‘ विपी कोइरालाको सुम्निमा कोइरालाकै जीवन दर्शनको पृष्ठभूमिमा’ भन्ने समालोचना विचारउत्तेजक रह्यो र गोविन्द भट्टको लेखले उपल्लो तहमा चर्चा पनि पायो । पत्रिकाले आफूलाई विशिष्ट प्रगतिवादी चिनाउन प्यालेस्टाइन मुक्ति मोर्चाको सैनिकहित र जाँपलशास्र्त्रको मान्छेको अवस्थितिलगायत रचनाले आफूलाई दरोखरो उभ्याउने काम गर्‍यो । यो पत्रिका सामयिक सङ्कलन थियो ।



यसरी सामयिक सङ्कलन निकाल्दाको अवस्थामा विभिन्न चुनौतीहरू थिए। चुनौतीको बिचमा पनि प्रेसलाई भनसुन गरी लामो समयसम्म सम्पर्क गरेर पत्रिका मुद्रण गर्ने काम भयो तर यसमा व्यावधान अञ्चलाधिस कार्यालयमा पास गर्नुपर्ने, कति पत्रिका त पासै नहुने, कैयौँ पृष्ठ च्यातिनुपर्ने र कैयौँ पृष्ठमा कालो दल्नुपर्नेजस्ता कुराहरू पनि समस्याको रूपमा देखा परे। यसै उद्देश्यले हामीले एउटा भेला गरी साहित्यिक पत्रकार समिति गठन गऱ्यौँ जसमा नेपाल साहित्यिक पत्रकार सङ्घ गठनको लागि एउटा कमिटी तयार भयो र त्यो कमिटीले साहित्यिक पत्रकार समितिको माध्यमबाट साहित्यिक पत्रपत्रिकालाई निर्बाध दर्ता गर्ने र तिनीहरूलाई आवश्यक सरसहयोग दिलाउन उपयुक्त कदम चाल्ने कुरामा सहमति भयो। जसअनुसार खेम कोइराला बन्धु अध्यक्ष नौलो नेपाली, रामचन्द्र भट्टराई उपाध्यक्ष, सुस्केरा; नृपेन्द्र पुरुष यादी सचिव, प्रपात; मुकुन्दनाथ निराशा सहसचिव, नयाँ घुम्ती; बालकृष्ण नेवा कोषाध्यक्ष, सिनेमा र संकल्प; योगेशराज उपाध्याय सदस्य, आकृति; रामशरण न्यौपाने सदस्य, हंश; खेम दाहाल सदस्य, पुर्बेली धुन भएको एक समिति तयार गरियो जसको काम नेपाल पत्रकार सङ्घसँग समेत समन्वय राख्दै उनीहरूको समेत सक्रिय समर्थनमा साहित्यिक पत्रिका दर्ता खुलाउने कार्यमा समिति अघि बढ्यो। यही क्रममा २०२९ सालमा नौलो नेपालीसमेत साहित्यिक पत्रिकालाई दर्ता रजिस्ट्रेसन गर्न निकै खुकुलो बनाइयो। यही सन्दर्भमा पत्रिकालाई अझ व्यवस्थित गर्न महानन्द सापकोटा र बालकृष्ण पोखरेल थपिएको प्रसङ्ग छँदै छ।

साहित्यिक पत्रकार समितिले यसपछि विभिन्न प्रकारका साहित्यसँग सम्बन्धित कामहरू गर्ने जमर्को गऱ्यो। विभिन्न गोष्ठी, समारोह, अन्तर्क्रिया, सङ्गठनको स्थायित्वको लागि स्थायी विधान तयार गर्ने यसअघि नै साहित्यिक पत्रकारलाई दर्ता गर्नको लागि विशेष वातावरण तयार गरिदिने त्यस वेलाका पत्रकार सङ्घका हर्ताकर्ता सभापति भइसकेका वा सभापति मणिराज उपाध्याय, गोपालदास श्रेष्ठ, मदनमणि दीक्षित, गोविन्द वियोगी, गोकर्णदेव पाण्डे, बालमुकुन्द पाण्डेजस्ता तात्कालीन सरकारले पत्याएका व्यक्तिहरूको सहयोग निसन्देह स्मरणीय छ।

यसैबिच यस संस्थाका अध्यक्ष, उपाध्यक्ष र एक दुई सदस्य बढी चिनियाँ सांस्कृतिक क्रान्तिप्रति आबद्ध भए अर्थात् तात्कालीन अवस्थाको माओवादी भए भन्ने धारणाले समेत काम गरेर यस पत्रकार समितिको समानान्तर संस्था बनाउनको लागि भवानी घिमिरे र नृपेन्द्र पुरुषलगायत केही व्यक्ति जुर्मुराए। फलतः बिस्तारै उनीहरूले साहित्यिक पत्रकार सङ्घ नामक संस्था खोले। हामीले हाम्रा सचिव नृपेन्द्र पुरुष नै भवानी समूहमा मिसिइसकेको अवस्थामा साहित्यिक पत्रकार समितिजस्तो विशुद्ध संस्थालाई राजनीतिक स्वरूपमा सञ्चालन गर्न चाहेनौँ, फलतः उनीहरूको संस्था साहित्यिक पत्रकार सङ्घ स्थापना भएको केही महिनापछाडि हामी स्वतः निस्क्रिए भयौँ। त्यो समिति पनि विभिन्न समयमा सक्रिय निस्क्रिय हुँदै गयो र २०५३ सालतिर प्रशासनबाट पुनः स्वीकृत लिने अवस्थामा पुगेको तथ्य छँदै छ। साहित्यिक पत्रकार सङ्घले केही काम गऱ्यो किनभने उनीहरूसँग लामो अवधि प्राप्त भयो र सकारात्मक पक्षलाई लिनै पर्छ जसले

साहित्यको विकासमा निकै काम गऱ्यो। सोही क्रममा साहित्यिक पत्रकार सङ्घले एक जग्गा पनि डोनेसनमा प्राप्त गऱ्यो र त्यसमा केकस्तो गतिविधि सञ्चालन भएको छ ? त्यो जग्गामा भवन बन्यो बनेन आधिकारिक रूपमा अहिले जानकारी मलाई चाहिँ छैन। हामी साहित्यिक पत्रकार समिति खोल्दा पत्रिकाका सम्पादक मात्र त्यसमा सदस्य हुन्थ्यौँ पछि साहित्यिक पत्रकार सङ्घ नामक संस्थाले साहित्यिक पत्रकार वा सम्पादक कसलाई प्रतिनिधित्व गऱ्यो त्यो मेरो जानकारीमा रहने कुरा भएन तर मैले नौलो नेपाली रिमाल अङ्क, कला अङ्क, वातावरण अङ्क, स्वास्थ्य अङ्कसम्म प्रकाशन गरेँ, सम्पादन गर्न पाएँ यो अहिले झलझली सम्झन्छु। ती दिन।

ती दिन, ती रात, त्यो बिहान-बेलुकाको खटाइ कम्ती मुस्किल हुँदैनथ्यो पत्रिका प्रकाशन गर्न, त्यसको लागि सामाग्री सङ्कलन, सम्पादन अनि सबभन्दा गारो काम मुद्रण कागजको अभाव र बिक्रीवितरणका समस्या त छँदै थिए। झोलामा बोकेर हिँड्ने अनि उपहार दिने यस्तै। पत्रिकाको मूल्य सामान्यतया एक रुपैयाँ हुन्थ्यो। लगभग ६० पृष्ठ कहिले बढी पनि। एक अङ्कबाहेक नौलो नेपाली दुई कलरमा छापिने गरिन्थ्यो। रातो रङ र हिमालको टाकुरामा हलो बोकेको एउटा व्यक्ति अलग्ग विम्ब मोदनाथ प्रश्रितको आवरणकला यो कहिल्यै छुटेन त्यसको विम्ब आज पनि म सम्झन्छु। साहित्यिक पत्रकार हुनु भनेको दुःख बेसाउनु न हो, न ग्राहक कोही हुनु न कसैले विज्ञापन दिनु, रहर र लहड यस्तै।

तर एउटा मजाको कुरा के थियो भने देशका विभिन्न सहरमा पठाइने पत्रिका सबभन्दा ठुलो कुरा त चौध अञ्चल पचहत्तर जिल्लाबाट आउने राजनीतिप्रति रुचि राख्नेले समेत पत्रिकाको अगाडिको कभर हेर्ने भित्र सम्पादकको नाम र विषयसूची पनि पढने, कतिले त आफूलाई चाहिएको कुरा पिपलको बोटैमा पढ्ने अथवा पुस्तकालयमा पढ्ने। यसैबाट एउटा सम्पादकको रूपमा ती वेला चिनिएको व्यक्ति एउटा लाभ नै भन्नुपर्छ। अनुभव हो त्यो वेलामा तीन धारका पत्रिकाहरू हुन्थे -एउटा वामपन्थ, दोस्रो डेमोक्रेट भनिने र तेस्रो चाहिँ पञ्चायतसमर्थित। हामी प्रगतिवादी भनिने ठानिने पत्रिकाहरू देशभक्तिपूर्ण सामाग्री केन्द्रित भएर आवश्यक रचना सङ्कलन गर्ने अनि समाजका विसङ्गति, असन्तोषलाई प्रतिनिधित्व गर्दै विद्रोह र क्रान्तिका फिलुङ्गो उतार्ने प्रकारका प्रतीक, बिम्ब भएका रचनाहरू सम्पादन तथा प्रकाशन गर्ने हामी सामान्यतया नारा दिने रचना रोज्दैनथ्यौँ कारण एकातिर साहित्यमा सौन्दर्य पक्षको कुरा आउँथ्यो अर्कोतर्फ साहित्य शाश्वत हुनुपर्छ युगीन सत्यको सँगसँगै भन्ने हाम्रो धारणा। त्यसैले हामीले प्रगति पक्षीय साहित्यकारका लेखरचनालाई पाइला चाली चाली सम्पादन प्रकाशन गर्नुपर्दथ्यो कारण त प्रस्टै छ मुद्रित भइसकेपछि अञ्चलाधिस कार्यालयबाट पास नगरी पत्रिका बाहिर ल्याउन पाइँदैनथ्यो। अहिले सम्झन्छु भीमनिधि तिवारी, वासु पासाजस्ता लेखकहरू पनि अञ्चलाधिस कार्यालयमा थिए र कहिलेकाहीँ उनीहरू अलि सरल सहज रूपमा प्रस्तुत भइदिँदा धेरै कालो पोत्नुनपर्ने र च्यात्नुनपर्ने स्थिति देखा परेको प्रसङ्ग पनि सम्झन्छु।

मैले नौलो नेपाली, सेवा र शोधखोज तीनवटा पत्रिकाको आफ्नै प्रयासमा सम्पादन तथा प्रकाशनको कार्य सुरु गरेँ। निकै लामो

समयसम्म द्वन्द्व भएको नौलो नेपालीलाई २०६९ सालमा पुनः प्रकाशन गर्ने जमर्को पनि गरेँ । विविध कारणले पाँच अङ्क प्रकाशन भएर त्यो बन्द भएको सन्दर्भ छ । किन हामी साहित्यिक पत्रिकालाई दिगो गर्नसक्दैनौँ ? के यो रहर लहड मात्र हो ? किन योजनाबद्ध रूपमा दीर्घकालीन रूपमा प्रकाशित हुनसक्दैन ? यो प्रश्न चाँहि आज टडकारो रूपमा देखा परेको छ । केही साथीहरू वा कुनै समूहले निकालेको पत्रिकाको त कुरा छँदै छ, साझा प्रकाशनको गरिमा पत्रिकालाई पनि यहाँ सान्दर्भित गर्नसकिन्छ । जम्मामा साहित्यिक सम्पादक वा पत्रकार हुनु र साहित्यिक पत्रिकालाई दिगो स्तरीय रूपमा चलाउनु एउटा चुनौतीपूर्ण कुरा भएको छ ।

आज साहित्यिक पत्रिकाहरू अर्कै प्रकारले चुनौतीमा छन् यद्यपि प्रविधिले गर्दा मुद्रणमा सुविधा छ । हिजोजस्तो ग्याली ग्यालीबाट अक्षर छान्दै कम्पोज गर्नुपर्ने मिहीन कठिन र ढिलो काम आज पर्दैन । कम्प्युटरले त्यो सहज गराइदिएको छ । मुद्रणको सुविधा त कति कति, विद्युतको पनि हो, आर्थिक समस्या छ आज नै पनि बिक्रीवितरण र विज्ञापनका कुरा पनि । आज प्रविधिले गर्दा साहित्यिक रचनाहरू विभिन्न आमसञ्चारका माध्यमहरूबाट प्राप्त हुने स्थिति छ । भनौँ साहित्य प्रकाशन गर्न गारो छैन तर के साहित्य लेखनको स्तर बढेको छ ? विविधता अवश्य आएको नै छ तर त्यसले युगीन सत्य र शास्वततालाई कति बोकेको छ भन्ने प्रश्न उठेको सन्दर्भ छ । यी विभिन्न कुरालाई चिर्नु आजको चुनौती हो, भलै हिजोकोजस्तो अभिव्यक्ति स्वतन्त्रताको अंकुश आज छैन । शाश्वत र उपयोगी साहित्यको कति सृजना गरेका छन् भन्ने प्रश्न जीवित छ ।

अन्त्यमा नेपाली साहित्यिक पत्रकार सङ्घले साहित्यिक पत्रपत्रिकाको सुविधाको लागि, विकासका लागि मात्र होइन साहित्यकै विकासका लागि २०६३ देखि केही न केही काम गर्दै आएको छ तर त्यसले गरेको काममा के सन्तुष्ट हुनसकिन्छ भन्ने प्रश्न छ । आज हिजोको अवस्था छैन । मोफसलको साहित्य र साहित्यिक पत्रकारिता कुन स्तरको छ भन्ने कुरा पनि मूल्याङ्कन गर्नुपर्ने अवस्था छ । निश्चित रूपमा चुनौती धेरै छन्, अवसर पनि धेरै छन् र एउटा बिर्सनै नहुने कुरा के हो भने नेपाली पत्रकारिताको इतिहास साहित्यिक पत्रकारिताबाट सुरु भएको हो र साहित्यको विकासमा समाचारपत्रहरूको पनि त्यत्तिकै योगदान छ । आज त आमसञ्चारका विभिन्न माध्यमको पनि । प्रश्न उठ्छ आमसञ्चारका विभिन्न माध्यममा प्रकाशित भएका साहित्यिक रचनालाई साहित्य मान्ने कुराको एउटा सन्दर्भ सँगसँगै आमसञ्चार माध्यममा काम गर्ने पत्रकारलाई साहित्यिक पत्रकार कति मान्ने भन्ने यो छलफलकै प्रश्न होला । जम्मा कुरा त्यसले साहित्यको उत्थान विकास गर्नुपर्छ, शाश्वत र युगीन साहित्य सृजना गर्नुपर्छ, विकृति आउन दिनुहुँदैन ।



*आवरण कला : मोदनाथ प्रश्रित*

# 'फ्ल्यासब्याक' कथामा उत्पीडन सिद्धान्तको प्रभाव

❖ उपप्राध्यापक महेन्द्र भण्डारी

**सारसङ्क्षेप**

*प्रस्तुत लेख 'फ्ल्यासब्याक' कथामा प्रसिद्ध दार्शनिक पाउलो फ्रेयरद्वारा प्रतिपादित उत्पीडन सिद्धान्तको पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक ढाँचामा संरचित यस लेखमा सोद्देश्यमूलक नमुनाछनोट विधिको प्रयोग गरी कृतिबाट तथ्य सङ्कलन गरिएको छ । निगमनात्मक विधि अपनाइएको यस लेखमा फ्रेयरद्वारा प्रतिपादित उत्पीडन सिद्धान्तलाई सैद्धान्तिक आधार बनाइएको छ । प्रस्तुत कथामा मोरङको चिसाङ खोलाआसपासमा बस्ने सतार, राजवंशी, धिमालजस्ता विपन्न जाति र समुदायमा पहाडे समुदायका जिम्मावालहरूले गरेको अन्याय, अत्याचार, शोषण र दमनको कहालीलाग्दो वास्तविकता देखाइएको छ । यस लेखमा उक्त समुदायमध्येको सबैभन्दा विपन्न सतारसमुदायमा जिम्मावालले गरेको उत्पीडन, शोषण, दमन, अन्याय र अत्याचारको सन्दर्भलाई फ्रेयरद्वारा प्रतिपादित उत्पीडन सिछान्तका सन्दर्भबाट हेरिएको छ । यसबाट कथामा फ्रेयरले प्रतिपादन गरेको उत्पीडन सिद्धान्तअन्तर्गतको उत्पीडित वर्गको समूह निर्माण, उत्पीडक वर्गको समूह निर्माण, उत्पीडनको संस्कृति निर्माण, उत्पीडितको संस्कृति निर्माण, उत्पीडनको राजनीतिक आवरण र निर्माण, विभाजन र शासन तथा उत्पीडित वर्गमा विद्रोही चेतनाजस्ता मान्यताको प्रभाव परेको छ भन्ने निष्कर्ष निकालिएको छ । यहाँ पहाडे समुदायका 'जिम्मावाल'हरूले गाउँका सोझासादा अशिक्षित वर्गमा तत्कालीन व्यवस्थाको प्रहरी प्रशासन, न्यायालयका न्यायाधिसहरू र गाउँका पञ्चहरू मिलेर वैधानिक र व्यवस्थित रूपले चरम उत्पीडन गरेको निष्कर्ष निकालिएको छ । यसरी गरिएको चरम उत्पीडनबाट 'ऊ' पात्रजस्ता व्यक्तिमा विद्रोही तथा प्रतिरोधी चेतनाको विकास भएको हो भन्ने निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *उत्पीडन, फ्ल्यासब्याक, कथा, प्रभुत्वशाली, जिम्मावाल ।*

## विषयपरिचय

सिद्धान्त पाउलो फ्रेयर (पाउलो रेग्लुस नेभेर फ्रेयर, १९२१- १९९७) द्वारा प्रतिपादित दार्शनिक मान्यता हो । फ्रेयरले प्रतिपादन गरेको उत्पीडनको सिद्धान्त कालमार्क्स र एङ्गेल्सको मान्यतामा आधारित रहेको छ । फ्रेयरले समाजका उत्पीडित वर्ग र उत्पीडक वर्गको दुईखाले चेतना र शिक्षा हुने उल्लेख गरेका छन् । (Freire, २००५, ए.४५) उत्पीडन सिद्धान्त सन् १९६८ मा प्रतिपादित सिद्धान्त हो । यसले समाजका प्रभुत्वशाली वर्गले विपन्न वर्गमाथि गर्ने उत्पीडन, उनीहरूले उत्पीडनका क्रममा गर्ने अपराध, उत्पीडनपछि प्रभुत्ववादी सत्ताका उत्पीडनका विभिन्न चरण तथा शृङ्खलाहरू

हुन्छन् र उत्पीडित वर्ग चाहिँ प्रभुत्वशाली वर्गको उत्पीडनको सिकार भएर बस्छ र ऊ त्यसबाट मुक्ति वा स्वतन्त्रता खोज्न पनि डराउँछ (Freire, २००५, ऐ.५०) भन्ने मान्यता प्रस्तुत गरेका छन् । 'फ्ल्यासब्याक' कथा यादवप्रकाश लामिछानेको संयोग कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । २०८० सालमा प्रकाशित यस कथासङ्ग्रहमा १२ वटा कथाहरू रहेका छन् । ती बारवटा कथामध्ये 'फ्ल्यासब्याक' कथा २०७६ आश्विनमा शब्दाङ्कुर साहित्यिक मासिक पत्रिकामा पहिलोपटक प्रकाशित भएको थियो । नेपाली आख्यान क्षेत्रमा २०७० को दशकमा आएर कथा लेख्ने कथाकार लामिछाने प्रगतिवादी धाराका कथाकार हुन् । कथामा नेपालमा प्रजातन्त्र पुनर्वाहालीदेखि सङ्घीय गणतान्त्रिक व्यवस्थामा आइपुग्दा निम्न वर्गीय समुदायले अझै सामन्ती व्यवस्थाबाट दमन, शोषण र उत्पीडन भोग्नुपरेको र उनीहरूको जीवन अहिलेसम्म पनि उठ्ननसकेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत लेखमा नेपालको पूर्वी तराईको मोरङ जिल्लाको चिसाङ खोलाआसपासमा बसोवास गर्ने निम्न वर्गीय मजदुर, हलिया तथा किसानबस्तीमा भोजपुरतिरबाट झरेका सामन्त 'जिम्मावाल'हरूको चरम शोषणको शृङ्खला र त्यसबाट उत्पीडित वर्गमा पर्नगएको पीडाको स्वरलाई देखाउने प्रयत्न गरिएको छ । प्रस्तुत लेखमा 'फ्ल्यासब्याक' कथामा पाउलो फ्रेयरको उत्पीडन सिद्धान्तको प्रभाव केकस्तो परेको छ भन्ने मुख्य समस्याको समाधान खोज्ने उद्देश्य राखिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन दस्ताबेजको विश्लेषणमा आधारित गुणात्मक ढाँचाको अध्ययन हो । यस लेखमा 'फ्ल्यासब्याक' कथाको तथ्य प्रस्तुत गरी ती कथांशहरूको उत्पीडन सिद्धान्तका आधारमा समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । प्रस्तुत अध्ययनमा अनुसन्धानका विभिन्न ढाँचासँग सम्बन्धित पक्षमध्ये सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा 'फ्ल्यासब्याक' कथामा उत्पीडन सिद्धान्तको प्रयोगको पहिचान गरिएको छ । प्रस्तुत अध्ययनमा 'फ्ल्यासब्याक' कथा र त्यसमा उत्पीडन सिद्धान्तको अध्ययनका लागि त्यससँग सम्बन्धित तथ्य भौतिक तथा विद्युतीय माध्यमका कृति तथा लेखबाट सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका दुबै प्रकारका सामग्रीको प्रयोग गरिएको छ । प्रस्तुत लेखमा शिक्षाशास्त्री तथा दार्शनिक पाउलो फ्रेयरले स्थापना गरेको उत्पीडन सिद्धान्तलाई सैद्धान्तिक पर्याधार मानी त्यसकै आधारमा प्रस्तुत कथाको अध्ययन गरिएको छ । यसका लागि विश्लेष्य कथाकबाट साक्ष्य दिने र त्यसलाई तथ्यद्वारा समीक्षात्मक विश्लेषण गरी निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

उत्पीडन (oppressed) पाउलो फ्रेयरको शैक्षिक दार्शनिक मान्यता हो । यो एउटा निमुखाहरूको बलियो आबाज पनि हो । (Themes and Key, ऐ.२०२२) फ्रेयरले ब्राजिलका कट्टरपन्थी शिक्षकहरूलाई साक्षरताको अवधारणा, अधिकारको क्षेत्र, प्रश्नात्मक ढाँचाको शिक्षाको सबाल र मानवमुक्तिको विषयमा व्याख्यान दिने क्रममा उत्पीडनको धारणा प्रस्तुत गरेका हुन् ।(Abbott, and Badley, २०१९, April ८)) फ्रेयरका

अनुसार समाजका सम्पन्न वर्ग र विपन्न वर्गका गरी दुईखाले चेतना हुन्छन् । सम्पन्न वर्गमा एक किसिमको प्रभुत्ववादी चेतना हुन्छ । प्रभुत्ववादी सत्ताले समाज र दुनियाँलाई दमन गर्ने र उनीहरूमा हुनलागेको परिवर्तनलाई रोक्ने प्रयत्न गर्दछ। (Freire, २००५, ऐ.५० ) ऊ सधैँ परम्परित, रूढिवादी कट्टरपन्थको अनुयायी हुन्छ र विपन्न वर्गले गरेको मानवमुक्तिका सबै प्रयासलाई रोक्ने प्रयास गर्दछ । (Themes and Key, २०२२)

फ्रेयरका अनुसार सबै उत्पीडित वर्गका मानिसहरूको एउटै इच्छा परम्परादेखिको लामो उत्पीडनको शृङ्खलाबाट मुक्ति पाउनु हुन्छ । उनीहरू हरक्षण, हरपल उत्पीडनको चक्रबाट मुक्ति पाउन खोज्दछन् । (Freire, २००५, ऐ.७६) तर त्यसका विरुद्ध सम्पन्न वर्गले उनीहरूलाई जीवनमा कहिल्यै उठ्न नसक्नेगरी उत्पीडन गरिरहेको हुन्छ । (Freire, २००५, ऐ.४७) प्रभुत्वशाली सत्ताले उत्पीडितहरूमाथि हदैसम्मको शोषण र हिंसा पनि गर्दछ । (Darder, २०१८, ऐ. ४) सामन्ती सत्ताको आठ चरण उत्पीडन शृङ्खला हुन्छ।

सर्वप्रथम उत्पीडक सामन्ती व्यवस्थाले आफूलाई अरू विपन्न वर्गबाट छुट्टै देखाउन आर्थिक रूपले सम्पन्न र विपन्न, शिक्षाका आधारमा शिक्षित र अशिक्षित, भूगोलको आधारमा सुगम र दुर्गम, बसाइका आधारमा सहरिया र गाउँले, लिङ्गका आधारमा विकलाङ्ग र साङ्ग आदि विभिन्न ससाना वर्गमा विभाजन गर्दछ र आफूलाई धनी, शिक्षित, सहरिया, पुरुष र साङ्ग ठान्दछ । (Freire, २००५, ऐ.७७) यसरी समाजलाई विभिन्न वैचारिक समूहमा विभाजन गर्ने उत्पीडनको पहिलो चरण हो । सम्पन्न वर्गले दोस्रो चरणमा उत्पीडनको संस्कृति निर्माण गर्दछ । उसले तेस्रो चरणमा उत्पीडनको राजनीतिक आवरण निर्माण गर्दछ । चौथो चरणमा उत्पीडकहरूले सर्वहारा वर्गलाई गर्ने विभाजनयुक्त व्यवहार गर्दछन् । पाँचौँ चरणमा विपन्न वर्गलाई विभाजन गर्छ र ससाना समूहमा शासन गर्ने गर्दछ । छैटौँ चरणमा सांस्कृतिक आक्रमण गर्दछ, सातौँ चरणमा कट्टरपन्थी शासनलाई निरन्तरता दिन्छ भने आठौँ चरणमा पीडित वर्गमा विद्रोही चेतना जागृत हुन्छ।

## छलफल तथा विश्लेषण

प्रस्तुत लेखमा 'फ्ल्यासब्याक' कथामा उत्पीडित वर्गको समूह निर्माण, उत्पीडनको समूह निर्माण, उत्पीडनको संस्कृति निर्माण, उत्पीडितको संस्कृति निर्माण, उत्पीडनको राजनीतिक आवरण, विभाजन र शासन तथा विद्रोहको बीजारोपण र विद्रोहजस्ता उपशीर्षकमा आधारित भई तथ्यको विश्लेषण गरिएको छ।

### 'फ्ल्यासब्याक' कथामा उत्पीडित वर्गको समूह निर्माण

प्रस्तुत कथा नेपालको पूर्वी तराई क्षेत्रको मोरङ जिल्लाको उत्तरपूर्वी क्षेत्रमा पर्ने ग्रामीण क्षेत्रको परिवेशमा आधारित रहेको छ। आर्थिक र सामाजिक रूपमा त्यतिमाथि उठ्नसकेको ग्रामीण क्षेत्रका मानिसहरूमा बाहिरबाट देख्दा अत्यन्त सहिष्णुता र सहभाव रहेको छ। सामान्य सिँचाइको सुविधा भएको हाटबजारको पनि सामान्य पहुँच भएको झोराभित्र सतार, झाँगड, ताजपुरिया र राजवंशीहरूको बसोवास रहेको यस गाउँमा आर्थिक तथा सामाजिक राजनीतिक

पहुँचका दृष्टिबाट पिछडा भएर बसोवास रहेको छ । शिक्षा तथा चेतनाका हिसाबले पनि ती समुदाय नेपालको प्रभुत्वशाली सत्ताभन्दा निकै छाढा छन् । फ्रेयरका अनुसार मूल रूपमा उत्पीडक वर्गले गरिब अझै गरिब होउन् र धनी अझै धनी हुँदै जाउन् भन्ने ठान्दछ र यसले गरिबलाई कहिल्यै उठ्न दिँदैन (Agbo, २०२१, ऐ. १७) यस कथाले नेपालका आर्थिक रूपले विपन्न भएका र पीछडिएका समुदायको वास्तविकतालाई महत्त्व दिएको छ । सामान्यतया यस कथाका अधिकांश पात्रहरू कतै न कतै कुनै न कुनै रूपमा उत्पीडनमा परेको देखिन्छ। कथामा रैथाने र पहाडी गरी दुईखाले समाज देखिन्छ। त्यसमा पनि "बसाइँसराइबाट आएका पहाडे मूलका क्षेत्री, बाहुन र भुटानबाट डिपाइट भएका मगर, गुरुङ, तामाङ, राई, लिम्बूको कतै गुजमुज्ज र कतै छरिएर रहेको छरिएको बस्ती" -लामिछाने, २०८०, पृ.१) भएको सन्दर्भले चिसान खोला छेउका बस्तीका धेरैजसो मानिसहरू पनि यसभन्दा पहिला नै विभिन्न प्रकारका उत्पीडनबाट उत्पीडित भइसकेको देखिन्छ। त्यस क्षेत्रमा पहिला कतै न कतैबाट बसाइँ सरेर आउने समुदाय रहेको र पछि त्यहाँ आइसकेपछि उनीहरू एउटा उत्पीडित समुदायको वा सर्वहारा वर्गको समुदाय र संस्कृति निर्माणतिर अग्रसर भएको देखिन्छ । यस गाउँमा भएका अधिकांश मानिसहरूको वर्गीय आचरण मिल्दोजुल्दो छ त्यसैले "उनीहरूमा पारस्परिकता, सहयोगको भावना व्यवहारबाट प्रकटित भएको देख्नसकिन्छ ।" (लामिछाने, २०८०, पृ॰१) यस कथाका धेरैजसो पात्रहरू नेपाली राजनीतिक, आर्थिक तथा सांस्कृतिक रूपमा पिछडा वर्गका रूपमा रहेका छन्।

कथाका अधिकांश पात्रहरू बहुल-संस्कृतिमा बाँचेका छन् । फरक जाति, फरक भाषा, फरक रहनसहनको पृष्ठभूमिबाट आएका पहाडे र फरक फरक पृष्ठभूमिबाट रैथाने सतार, राजवंशी र झाँगड आदि जातका मानिसहरूले एउटा फरक किसिमको उत्पीडित वर्गको समाज निर्माण गरेका छन् । कथाका सबै पात्रहरूको मूल रूपमा एउटै उत्पीडनको महापीडाको भय भएकाले उनीहरूबिच भावनात्मक एकता भएको हो । कथाका उत्पीडित समुदायका पात्रहरूलाई सामान्य रूपले जीवन निर्वाह गर्नसक्ने स्थिति मात्र छ । अधियाँ बटिया गर्ने तथा खेतीकिसानी गरेर नै तिनले जीवन गुजारा गर्ने गरेका छन्। कथामा ती पात्रबिचमा उत्पीडनगत भय नहुने र आर्थिक रूपले एउटा जाति र समुदाय पनि सम्पन्न भएको भए उनीहरूबिचमा यस किसिमको समूह निर्माण हुन सक्दैन थियो । उत्पीडनको सिद्धान्तले सामान्यतया उत्पीडित समुदायका मानिसहरू जोसुकै जुनसुकै भए पनि उत्पीडनको भयकै कारणले एकजुट हुन्छन् र उनीहरू छुट्टै समाज र संस्कृतिको निर्माण गर्दछन् (Freire, २००५, ऐ.६१) भन्ने धारणाअनुसार यस कथामा पनि स्थानीय उत्पीडित समुदायले आफ्नो छुट्टै संस्कार र संस्कृतिवरण गर्दै छरछिमेकमा रहेका पहाडी मूलका छिमेकीलाई समेत विश्वास जित्न सफल देखिन्छन् (लामिछाने, २०८०, पृ॰१) यस कथाका अधिकांश उत्पीडित समुदायका मानिसहरू गरिबीको उत्पीडन छल्न र जीविकोपार्जन गर्नका लागि त्यस क्षेत्रमा आएको देखिन्छ । उनीहरू संधैँका लागि आर्थिक विपन्नताको उत्पीडनमा परेका छन् । त्यसमध्येका सतार समुदाय आर्थिक,

शैक्षिक, राजनीतिक र सांस्कृतिक रूपमा अरू प्रभुत्वशाली समुदायबाट झनै पीडित रहेका छन् । "अलि अलि आफ्नो र पाए अरूको जग्गाजमिनमा खेती गर्ने र मुसा, सर्प सिकार गर्ने अनि जङ्गलबाट गिट्ठा, भ्यागुर ल्याएर रमाएर खाने उनीहरूको दिनचर्या लोभलाग्दो नै छ ।" (लामिछाने, २०८०, पृ•१) यस कथामा गाउँका सबै मानिसहरूको कथाव्यथा र पीडा एउटै किसिमको रहेको र सबैजना एउटै उत्पीडनको महाभयबाट त्रसित रहेको देखिन्छ।

**उत्पीडनको समूह निर्माण**

उत्पीडितभन्दा उत्पीडकको समूह सानो तर ज्यादै शक्तिशाली हुन्छ। पाउलो फ्रेयरका अनुसार सामन्ती तथा प्रभुत्वशाली समुदायले पनि आफ्नो समूह निर्माण गर्दछ (Freire, २००५, ऐ. ५६) । उसले आफ्नो वर्गको अस्तित्व रक्षाका लागि समूह निर्माण गर्दछ । समूहले सहरमा भन्दा गाउँमा आफ्नो प्रभुत्वशाली सत्ता निर्माण गर्छ। गाउँमा शैक्षिक चेतनाको स्तर कमजोर हुने भएकाले ग्रामीण क्षेत्रमा उत्पीडक समूह वा सामन्ती सत्ता बलियो भएर जान्छ। ग्रामीण क्षेत्रमा रहेको प्रभुत्वशाली सत्ता यति बलियो हुन्छ कि यसका विरुद्ध कोही पनि बोल्न सक्दैनन् । यस्तो सामन्ती सत्ताका नाइकेहरू माथिल्लो सत्ता वा शक्तिबाट पालित हुन्छन् । (Freire, २००५, ऐ.५७) । यस्तो परम्परा युगौँदेखि चल्दै आएको हो र हालको बिसौँ शताब्दीमा पनि सामन्तवादी विचार ती प्रभुत्वशाली वर्गको मस्तिष्कबाट जानसकेको छैन । (Lindsay, २०१४, July) । त्यसैले उत्पीडनको समूह कैयौँ समयसम्म पनि रहिरहन सक्छ। यस कथामा पनि तत्कालीन पञ्चायती निरङ्कुश शासनव्यवस्थाले निर्माण गरेको 'जिम्मावाल'हरूले नै सामन्ती उत्पीडनको चक्र चलाएका छन्। 'जिम्मावाल' नै एउटा समूहको रूपमा रहेको छ। गाउँमा 'जिम्मावाल' रहने र निम्न वर्गका किसान, मजदुर, हलिया, गोठाला, ज्यामी आदिबाट चर्को कुत उठाउने, कुत तिर्न नसकेपछि ऋणको पासोमा पारेर सोझासादा गाउँलेलाई नै उठीबास लखाउने गरेका छन् । कथामा "केही विराटनगर र केही धरान धनकुटा भोजपुरतिरका 'जिम्मावाल'हरू" (लामिछाने, २०८०, पृ.२) नै पीडकहरूको समूह निर्माण गरेका छन् । 'जिम्मावाल'हरूको मुख्य काम गरिब, निमुखा तथा विपन्न वर्गमाथि शोषण र दमन गर्ने रहेको छ । फ्रेयरका अनुसार सङ्ख्यात्मक रूपमा उत्पीडकहरूको थोरै नै समूह हुन्छ, उनीहरू गाउँबाट शोषण गरेर थुपारेको सम्पत्ति सहर, बजार, बैङ्क, सेयर, जुवाखाना र राजनीतिमा लगाउँछन् (Freire, २००५, ऐ.६०) प्रस्तुत कथामा पनि गाउँ गाउँका सामन्तहरू सहर पसेका छन् र सहरमा हैकम नचल्ने भएपछि फेरि गाउँतिर फर्केका छन्। फ्रेयरका अनुसार सामन्तीसत्ताका अनेक अङ्गका बहुरूप हुन्छन् । उसले अनेक अनेक प्रपञ्च चालिरहन्छ। (Freire, २००५, ऐ.५८) प्रस्तुत कथामा पनि पहाडी समुदायको 'जिम्मावाल'हरूले अनेक अनेक प्रपञ्च गरेर शोषण गरिरहेका छन्। यसरी प्रस्तुत कथामा उत्पीडित र उत्पीडक, शोषित र शोषक वर्गका दुई थरी समूह निर्माण भएका छन्।

**उत्पीडनको संस्कृति निर्माण**

उत्पीडनको एउटा संस्कृति हुन्छ। प्रभुत्वशाली वर्ग र उत्पीडित वर्ग दुवैको संस्कृति छुट्टाछुट्टै हुन्छ। उत्पीडनको सबैभन्दा

सजिलो उपाय संस्कृतिलाई बनाएको हुन्छ । (Leopando, २०१७, ऐ.५०) प्रभुत्वशाली वर्गको संस्कृतिले संस्कृतिभित्रै विभेद, भिन्नता, उच्च र नीच, पाप र पुण्यको अवधारणा जन्माउँछ । श्रमिक वर्गको संस्कृतिमा भने श्रम, सहयोग, दयामाया र प्रेम हुन्छ ।(Freire, २०१८, ऐ.३८ ) प्रभुत्वशाली संस्कृतिले साना र अल्पसङ्ख्यक, अशिक्षित तथा पिछडा वर्गको संस्कृतिमा आक्रमण गर्छ र उसले त्यसलाई विकृत रूपमा प्रयोग गर्दछ। (Freire, २०१८, ऐ.४०) यसरी प्रभुत्वशाली संस्कृतिले श्रमिक वर्गको संस्कृतिमा हमला गरेको श्रमिक वर्गलाई पत्तै हुँदैन । जब प्रभुत्वशाली वर्गले श्रमिक वर्गको संस्कृतिमा आक्रमण गरेर तहसनहस पार्छ, त्यसपछि श्रमिक वर्गमाथि अत्याचार गर्न थाल्छ । त्यस्तो अत्याचारमा श्रमिक वर्गले प्रतिपाद गर्नसक्दैन।

प्रस्तुत कथामा पनि प्रभुत्वशाली पहाडी वर्गको एउटा संस्कृति रहेको र उसले गाउँको मुसहर बस्तीमा संस्कृतिको आक्रमण गरेको छ। प्रभुत्वशाली संस्कृतिले रैथाने किसानहरूको परम्परामा रहेको 'रक्सी खाने' संस्कृतिलाई उत्पीडनको मुख्य हतियार बनाएको छ। प्रस्तुत कथामा उत्पीडनको संस्कृति सन्दर्भ यसरी प्रस्तुत गरिएको छ :

रैथाने किसानहरूमा रहेको जाँडरक्सीको कुलतमा लाग्दाको फाइदा उठाएर टाठाबाठा पहाडेहरूले केही सस्तोमा र केही किर्ते गरी घरबार उठाएका नमिठा घटना पनि ताजै छन् । बिसौँ बिगा जमिन हुने व्यक्ति एक दशकपछि नाङ्गो भएर जसले जग्गा किन्यो उसैकहाँ हलीगोठालो बस्नुपरेको बाध्यता पनि पेचिलो नै छ । गोठालो बसेको परिवार पनि छ । (लामिछाने, २०८०, पृ.२)

प्रस्तुत कथामा मजदुर वर्गको संस्कृतिभित्रको सतार समुदायमा परम्परादेखि नै 'रक्सी खाने' चलन रहेको अवस्थामा पहाडे समुदायका प्रभुत्वशाली 'जिम्मावाल'हरूले उनीहरूलाई रक्सी खान हौस्याइरहे । जिम्मावालले रक्सीकै माध्यमबाट सतारजस्ता संस्कृति भएकाहरूको मूलधन जग्गाजमिनमाथि हैकम जमाएको सन्दर्भ यहाँ यसरी प्रस्तुत गरिएको छः

यो सब चेतनाको कमीले गर्ने हो, यसरी जग्गा पहाडी मूलका मान्छेको भए । डबल बनाउँथ्यो तर सुदूरभविष्य देख्न पनि सकेनन् र यसो गर्नुहुँदैन भन्ने भन्दा एकबारको जुनी ता हो नि मोज गर्नुपर्छ भन्दै एक दुई सय दिँदै थप्दै अब अलिकति जग्गा नै देऊ न त भनी फकाई फुल्याई गरेर झिटीझामटी बनाउनेहरू पनि समाजमा नै छन्। पाँच, दश, पन्ध्र कट्ठा गर्दै बिगाबिगा झ्वाम्म पार्नेहरूले पनि के नै उन्नति गरेका छन् र ? जालसाँजीको पनि हद हुन्छ नि। मान्छेको जात न हो। एउटा हेप्ने, दाब्ने, सताउने र अर्को निम्छरो बन्ने। (लामिछाने, २०८०, ३)

विभिन्न साक्ष्यद्वारा हेर्दा प्रस्तुत कथामा प्रभुत्वशाली संस्कृतिले मजदुर वा निम्नवर्गमाथि उत्पीडन गर्न संस्कृतिको सहारा लिएको छ। यहाँ प्रभुत्वशाली संस्कृति उत्पीडित सतार समुदायको 'रक्सी खाने' संस्कृतिको सहाराबाट उनीहरूमाथि उत्पीडन गरेको छ । त्यसमाथि प्रभुत्वशाली 'जिम्मावाल'हरूले सयौँ विवाह जग्गा हडपेर मजदुर किसानजस्ता निम्छरा वर्गको अस्तित्वमाथि धावा बोलेको छ।

## उत्पीडितको संस्कृति निर्माण

प्रस्तुत कथामा उत्पीडनको संस्कृतिसँगसँगै उत्पीडितहरूको संस्कृति निर्माण भएको देखिन्छ । फ्रेयरका अनुसार उत्पीडक वा प्रभुत्वशाली वर्गले निम्नवर्गका मानिसलाई सांस्कृतिक हमला नगरुन्जेल निम्नवर्गका मानिसहरूको एउटा संस्कृति अथवा एउटा अवस्था रहेको हुन्छ । सांस्कृतिक हमलापछि भने उत्पीडितहरूको संस्कृति रक्षात्मक हुन्छ वा लोप हुने अवस्थामा पुग्छ । (Freire, २००५, ऐ.६०) प्रस्तुत कथामा पनि पहाडे 'जिम्मावाल'हरूको सांस्कृतिक हमला हुनुभन्दा पहिला सतार राजवंशीलगायतका समुदायको बहुलसंस्कृति रहेको देखिन्छ । चिसान खोलानजिकका गाउँमा रहेका सतारहरू, झाँगड र राजवंशीहरूको आआफ्नै संस्कृति रहेको छ। "बस्तीको उत्तरपट्टि झाँगडहरू ससाना झुप्राहरू बनाएर खेतीकिसानीमा व्यस्त देखिन्छन् । छुट्टै संस्कार र संस्कृति वर्णन गर्दै छिमेकमा रहेका पहाडे मूलका छिमेकीलाई समेत विश्वास जित्न सफल देखिन्छन् भने यसको केही उत्तर राजवंशीहरूको घना बस्ती छ ।" (लामिछाने, २०८०, पृ.१) कथामा प्रभुत्वशाली पहाडे 'जिम्मावाल' संस्कृतिले सतार, राजवंशी र झाँगडहरूको संस्कृतिमा एकैचोटी आक्रमण गरेपछि उनीहरू छिन्नभिन्न भएका हुन्छन् । उत्पीडकहरूसामु उनीहरू केही पनि गर्ननसक्ने अवस्थामा पुगेका हुन्छन् । यहाँ "सानो माछालाई ठुलो माछाले खान्छ" (लामिछाने, २०८०, पृ.३) भन्ने सन्दर्भद्वारा प्रभुत्वशाली संस्कृतिले विपन्न पिछडा वर्गको संस्कृतिमा चरम उत्पीडन गरेको सन्दर्भ प्रस्तुत गरिएको छ।

## उत्पीडनको राजनीतिक आवरण

उत्पीडन सिद्धान्तका अनुसार उत्पीडनको तेस्रो चरण राजनीतिक आवरण निर्माण हो । पाउलो फ्रेयरका अनुसार उत्पीडकहरूले आफ्नो शक्ति र प्रभुत्व अझ बिस्तार गर्न संस्कृतिसँगै राजनीतिक आवरण निर्माण गर्दछन् । (Freire, २००५, ७१ ) राजनीतिका माध्यमबाट विपन्न वा पिछडा वर्गमाथि शासन वा प्रभुत्व कायम गर्न सजिलो हुने भएकाले उनीहरूले राजनीतिक आवरण निर्माण गरेका हुन्छन् । (Leopando, २०१७, ऐ.२३) देशको कानुन, नीति र शासन व्यवस्था पनि राजनीतिमै निर्भर हुने भएकाले प्रभुत्वशाली बुर्जुवा वर्गले गर्नुपर्ने अपराध वा उत्पीडनलाई वैधानिकता दिन राजनीतिको सहारा लिएको हुन्छ। (Kirylo, and Boyd, २०१९, ऐ.२) राजनीतिकै माध्यमबाट मजदुर वा श्रमिक वर्ग सधैँ बुर्जुवा वर्गको अपराधको उत्पीडनमा पर्दछ । उत्पीडित वर्गले राजनैतिक माध्यमबाट सम्पूर्ण अपराधको सञ्चालन वा कडीहरू निर्माण गरेको हुन्छ । (Hitchcock, १९९२, ऐ.२६) त्यस अपराधीले सम्पूर्ण पुलिस, फौजदारी न्यायव्यवस्था, जासुसहरू, न्यायाधिसहरू, जल्लादहरू, अभिनिर्णय मण्डलका सदस्यहरू आदिका पूरै सदस्यहरूको सिर्जना गर्दछ । (मास्के र पौडेल २०६३, पृ. १४८)

प्रस्तुत कथामा पहाडी 'जिम्मावाल'हरू पञ्चायती राजनीतिक शासनव्यवस्था वा आवरणमा निर्माण भएका छन् । पञ्चायती शासनव्यवस्थामा गाउँको शासन गर्ने जिम्मा तिनै 'जिम्मावाल'हरूमा रहेको हुन्छ। त्यसवेला ती 'जिम्मावाल'हरूले जस्तोसुकै अपराध गरे पनि क्षम्य हुन्थ्यो तर मजदुर वा श्रमिक वर्गले

कहिल्यै न्याय पाउँदैनथे । बरु उल्टै पीडितले नै चरम सजाय पाउने र घरबारविहीन हुनुपर्ने अवस्था कथामा प्रस्तुत गरिएको छ। प्रस्तुत कथाको 'ऊ' पात्र 'जस्तापातावाला घरवाला' 'जिम्मावाल'को सिकार भएको छ। 'जस्तापातावाला घरवाला'ले राजनीतिक आवरणमा सतार समुदायको 'ऊ' पात्रको परिवारमा उत्पीडनको राज चलाएको छ। यहाँ 'जस्तापातावाला' गाउँको अपराधीका रूपमा रहेको छ । उसका विरुद्धमा गाउँका कोही पनि बोल्नसक्ने अवस्थामा छैनन् । राजनीतिक आवरणकै आधारमा प्रभुत्वशाली वर्ग कति शक्तिशाली भएको छ भन्ने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ।

'त्यो छ नि उसको पश्चिमतिरको' 'जस्तापातावाला' घर देखाउँदै भन्यो,

'अँ भन न ।' 'त्यो धेरै पापी छ । बहुत खराब आदमी छ। अपराधी छ।' 'कसरी नि ? के भयो ? मेरो जिज्ञासा थियो ।' 'हामी त गरिब आदमी छ । हुजुर ! हाम्रो घरबार उठाइदिन्छ यसले' (लामिछाने, २०८०, पृ.४)

राजनीतिकै आवरणमा 'जिम्मावाल' जस्ता पातावालाले गाउँमा अपराधको भयानक चक्र चलाएको छ। यसलाई मान्छे मार्नु सामान्य भएको छ, हत्या र लुटपाट दिनचर्या भएको छ त्यसैले त घरबार उठाइदिन सक्ने हैसियत भएको छ। 'जिम्मावाल'हरूले राजनीतिकै आडमा रहेर अरूको ज्यान लिने, इज्जतमाथि धावा बोल्ने र गाउँबाट सर्वस्वहरणसहित लखेट्ने गरेको सन्दर्भ पनि यहाँ प्रस्तुत भएको छ। कथामा 'जिम्मावाल' 'जस्तापातावाला'का विरुद्धमा र उसका अपराधका विरुद्धमा कोही पनि बोल्न र चल्न नसकेको अवस्था रहेको सन्दर्भ यहाँ यसरी प्रस्तुत गरिएको छ :

"इज्जतको सबाल छ हजुर, हामी गरिब आदमी न छ। कसले साथ दिन्छ र ? ऊसँग टकापैसा छ ठुलो आदमी साथमा छ। अड्डाअदालत छ। पुलिस छ न ! सबै उसैकै न छ।" (लामिछाने, २०८०, पृ.५) 'जिम्मावाल' पञ्चायती राजनीतिक शासन प्रणालीको एउटा पद हो। त्यसमा पनि प्रभुत्वशाली समूह पहाडी 'जिम्मावाल'हरूले राजनीतिकै आवरणमा हत्या, हिंसा, बलात्कार र उत्पीडनको साम्राज्य चलाएका छन् । कथामा 'जस्तापातावाला' 'जिम्मावाल'ले 'ऊ' पात्रकी स्वास्नी, छोरी र बुहारीको अस्तित्वमा धावा बोलेको छ । सामान्यतया किसान मजदुरजस्ता विपन्न वर्गमा 'इज्जतको डर' हुने भएकाले 'जिम्मावाल'ले पनि इज्जतको डरले उसको मुख खोल्दैन भनेर नै बलात्कारको उत्पीडन गरेको हुन्छ। अर्को पक्षमा 'जिम्मावाल'को पहुँचमा अड्डा, अदालत, प्रहरी, पैसा सबैथोकका हतियारहरू मजबुत भएकाले पनि उसले उत्पीडन गरेको हो।

कथामा 'ऊ' पात्रका घरका सबै महिलाहरू 'जस्तापातावाला'को बलात्कारको सिकार भएका छन् । पहिलोपटक उसले 'ऊ' पात्रकी स्वास्नीलाई बलात्कारको प्रयास गरेको छ । त्यसलाई आफ्नै आँखाले देखेपछि 'ऊ' पात्रले फरुवाले आक्रमण गर्नखोज्दा जस्तापातावाला मकानको पछाडिबाट भाग्छ । अर्को दिन 'ऊ' पात्रका सबै परिवार बजार गएको वेलामा छोरीलाई बलात्कार गर्छ । 'ऊ' पात्र आफ्नी श्रीमती र छोरी बलात्कारको सिकार भएपछि एक किसिमको मानसिक उत्पीडनमा पर्दछ।

फ्रेयरका अनुसार सामन्तहरूले वर्गीय उत्पीडनकै लागि सम्पूर्ण व्यवस्था मिलाएका

हुन्छन् । उनीहरूको राजनीतिक व्यवस्था बडो व्यवस्थित र बलियो हुन्छ । (Hitchcock, १९९२, ऐ. २८) उनीहरूले त्यसलाई प्रत्यक्ष प्रमाणद्वारा पुष्टि गर्न प्रहरी, कानुन, न्यायाधिस, जम्दार र गाउँले निर्णयकर्ताहरूको व्यवस्था गरेको हुन्छ । (Freire, २००५, ऐ.७४) यस कथामा पनि 'जस्तापातावाला' 'जिम्मावाल'हरूले गाउँमा पञ्चेतीको व्यवस्था गरेको छ । पञ्चेतीमा गाउँका पाँचजना पञ्चायतका सदस्यहरू भएको पञ्च भलादमीहरू (जिम्मावाल, डिट्टा, तालुकदार, सुबेदार आदि) रहने र न्यायनिरूपण गर्ने स्थल हो । यस स्थलमा तालुकदारहरूले आफूलाई जस्तो चाहियो त्यस्तै न्याय निर्माण गर्दथे । यस्तो न्याय पञ्चेतीका विरुद्धमा कहिल्यै हुँदैनथ्यो । कथामा पनि पञ्चेतीबाट न्याय पाएर उत्पीडनबाट मुक्ति पाउनेभन्दा पनि झनै ज्यादा उत्पीडित भएको पाइन्छ। त्यसलाई यसरी भनिएको छ :

'ना ! हुँदैन, झन् हल्लागुल्ला भई हाल्छन् अनि सब बरवाद भइ लिन्छ ।' 'भन्न सक्दैन त्यस्तो कुरा हामी दुःखी आदमी छ। उसले नै झुटा मुद्दा लगाइदिन्छ' (लामिछाने, २०८०, पृ.५)

कथामा 'ऊ' पात्र उत्पीडनबाट मानसिक रूपमै विचलित भएको छ। घरमा स्वास्नी र छोरीसमेत बलात्कार हुँदा 'ऊ' पात्रजस्ता निमुखा र उत्पीडित वर्ग आफूमाथिको उत्पीडन व्यक्त गर्नसक्ने अवस्थामा हुँदैनन्। कथामा यदि न्यायालय, पुलिस, प्रशासन आदिले स्वतन्त्र रूपमा कार्य गर्थे भने 'ऊ' पात्र बोल्नसक्ने अवस्था हुन्थ्यो तर यहाँ त्यस्तो अवस्था नै रहेन । बरु उल्टै 'जस्तापातावाला'कै पक्षमा न्यायालय, पुलिस, प्रशासन आदि भएकाले 'ऊ' पात्रले दोहोरो, तेहेरो उत्पीडन भोग्नुपरेको छ। यहाँ 'जिम्मावाल'ले उत्पीडनका सारा संयन्त्रहरू तयार पारेको छ। यसका लागि उसले तत्कालीन राजनीतिक तथा शासन व्यवस्थाका रूपमा रहेको पञ्चायती व्यवस्थालाई आफ्नो मूल हतियार बनाएको छ। 'ऊ' पात्र कुनै राजनीतिक दल वा संस्थासँग आबद्ध छैन। त्यसैले पनि ऊ भन्छ, "इज्जतको सबाल छ हुजुर, हामी गरिब आदमी न छ! कसले साथ दिन्छ र ? ऊसँग टकापैसा छ। आदमी साथमा छ, अड्डाअदालत छ, पुलिस छ न। सबै उसकै न छ, हामी दुःखी आदमी छ, उसले नै झुटा मुद्दा लगाइदिन्छ" (लामिछाने, २०८०, पृ. ५)

प्रस्तुत कथामा 'ऊ' पात्रले जस्तै गाउँका अरू कैयौँले 'जस्तापातावाला' जस्तै 'जिम्मावाल'हरूबाट चरम उत्पीडन भोगिसकेकाले 'ऊ' पात्रले पनि डराएको हो त्यसैले पनि आफूमाथिको उत्पीडनको व्यथा कोही कसैलाई भन्न सक्दैन, भनिहालेमा पनि हालको भन्दा भयानक र बर्बर उत्पीडन भोग्नुपर्छ भन्ने मानसिक भय छ। प्रस्तुत कथामा नेपालमा २०१७ सालदेखि २०४७ सालसम्म चलेको पञ्चायती व्यवस्थाले जन्माएको र त्यसले गरेको उत्पीडनको विकराल रूप प्रस्तुत गरिएको छ। त्यस वेला विपन्न वर्गका मानिसले कहिल्यै न्याय नपाउने सधैँ धापिएर, लखेटिएर, थिचिएर, मिचिएर र उत्पीडित भएर बाँच्नुपर्ने अवस्थालाई कथामा प्रस्तुत गरिएको छ। गरिब, निमुखा वर्गका मानिसलाई चरम शोषण, अन्याय, अत्याचार गर्ने र यदि कसैले आफूमाथि भएको शोषण, अन्याय, अत्याचारको विषयमा भन्यो भने पनि उल्टै उनीहरूलाई झुटा मुद्दा लगाउने,

जेल हाल्ने वा सर्वस्व हरणसहित गाउँनिकाला गर्ने वा गाउँमा बसे पनि आफ्नो दास, हली वा गोठालो बनाएर राख्ने व्यवस्था रहेको छ। पञ्चायती शासन व्यवस्थामा विपन्न वर्ग ज्यादै नै पीडित हुनुपरेको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ।

कथामा 'ऊ' पात्र आफ्नी स्वास्नी र छोरी मात्र होइन बुहारीमाथि पनि 'जस्तापातावाला' 'जिम्मावाल'ले बलात्कार प्रयास गरेपछि झनै बढी उत्पीडनको मानसिक भयबाट आक्रान्त भएको छ। यहाँ सामन्त 'जिम्मावाल'हरूले 'ऊ' पात्रको परिवारमाथि एकपछि अर्को आक्रमणको प्रयास गरेको छ। गाउँका महिलाहरूमाथि बलात्कारको भयानक दुश्चक्र चलाएको छ। त्यस समुदायका महिलाहरू पनि घर, खेत, खला जहाँसुकै जहिल्यै पनि बलात्कारको सिकार हुनपुगेकाले त्यहाँका महिलाहरू झनै उत्पीडित भएका छन्। कथामा 'ऊ' पात्र आफ्ना परिवारमाथि भएको बलात्कारको पीडालाई यसरी व्यक्त गर्दछ, "त्यति मात्र होइन एक दिन दोपहरमा हाम्रो बुहारी छ न; हो, बिरामी भएर मकानमा एक्लै थियो बिजन उखाड्देऊ न बहु भन्दै मकानभित्रै पसेछ, फेरि हातपात गर्ने कोसिस गरेछ! बहुले कराएपछि ऊ भागेछ" (लामिछाने, २०८०, पृ.६) यहाँ विपन्न वर्गका घर घरमा दिनदाहाडै पस्ने, छोरी चेलीको अस्मिता लुट्ने गरेको उत्पीडनमा 'ऊ' पात्र परेको छ। यहाँ गाउँका नारीहरू बलात्कारको उत्पीडनमा परेका छन् भने पुरुषहरू धनसम्पत्ति तथा आफ्नो ज्यानमाथि हुने आक्रमणको उत्पीडनमा परेका छन्। यसरी गरिब, निमुखा वर्गका मानिसहरू भयानक मानसिक उत्पीडनमा पर्नुपरेको कारण राजनीतिक आवरण नै हो। यही राजनीतिका आवरणबाट गाउँ गाउँमा 'जिम्मावाल'हरूले अनेक प्रकारका उत्पीडनहरूको सन्दर्भ यस कथामा बलियो रूपमा प्रस्तुत गरिएको छ। यस कथामा पञ्चायती शासनव्यवस्था कति क्रूर रहेको थियो भन्ने पनि उदाङ्गो पारिएको छ।

**विभाजन र शासन**

प्रस्तुत कथामा 'जिम्मावाल' 'जस्तापातावाला' प्रभुत्वाशाली वर्गले गरिब, निमुखा, विपन्न वर्गको एकतालाई विभाजन गरी उनीहरूमाथि बर्बर अपराध र शासन गरेको देखिन्छ। फ्रेयरका अनुसार प्रभुत्वशाली वर्गले एकताको सूत्रमा बाँधिएर आआफ्नो संस्कृतिमा रमाइरहेका समुदायमा राजनीतिक तथा सांस्कृतिक हतियार प्रयोग गरी विभाजन गर्दछ र उनीहरूमाथि बर्बर शासन गर्दछ। (Hitchcock, १९९२, ऐ.१३२ )

प्रस्तुत कथामा बलात्कारको चक्रव्युहबाट भयाक्रान्त भएको 'ऊ' पात्रको परिवारलाई मुद्दामामिला आदिको संयन्त्रबाट 'जस्तापातावाला' 'जिम्मावाल'ले शासन गरेको छ। गरिबलाई उत्पीडन गर्ने सबैभन्दा बलियो हतियार इज्जत, ऋण र मुद्दा हो। (Hitchcock, १९९२, ऐ. १७) प्रस्तुत कथामा पनि 'ऊ' पात्रजस्ता गरिब, निमुखा वर्गका पात्रलाई इज्जतको डर देखाई झुट्टा ऋण बोकाएर र झुटा मुद्दा लगाई अनेक मानसिक उत्पीडन गरेको देखिन्छ। यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

'त्यसै बस्यौ त त्यस्तो हुँदा पनि ?' 'बसेन चौकी गयो नि', 'अनि के भयो त ?' 'पैसा खाइदियो र उसैको कुरा मानिलियो ।' 'तिम्रो कुरा सुनेन पुलिसले ।' 'कहाँ सुन्छ हामी

गरिब आदमी छ न । कागज गराइलियो र फर्काइदियो ।' (लामिछाने, २०८०, पृ. ६)

प्रस्तुत कथामा राज्यका प्रहरीप्रशासनले पनि शोषक सामन्त वा 'जिम्मावाल'कै पक्षमा काम गरेको र उत्पीडितलाई पीडामाथि झन् थप पीडा दिने 'जिम्मावाल'को अत्याचारलाई वैधानिक र झनै व्यवस्थित बनाउने काम गरेको छ। यसबाट 'जिम्मावाल'सामु प्रहरी प्रशासन पनि निरीह बनेको सन्दर्भ प्रस्तुत गरिएको छ। पैसामा अदालत किन्नसकिन्छ भने सामन्तवादी चिन्तनलाई 'ऊ' पात्रमाथि प्रहरीले उल्टै कागज गराइदिएको सन्दर्भबाट पुष्टि हुन्छ । प्रस्तुत कथामा 'जिम्मावाल'ले 'ऊ' पात्रजस्ता निमुखा वर्गमाथि अत्याचार र अपराधी शासन गरेको छ। प्रस्तुत कथामा 'ऊ' पात्र 'जिम्मावाल'हरूको एकपछि अर्को उत्पीडनको भयानक शृङ्खलाको चक्रमा परेको छ। प्रहरीको सहयोगमा झुट्टा कागज बनाएर 'जिम्मावाल'ले वैधानिक रूपमा गाउँमा अत्याचारको शासन गरेको छ। 'जिम्मावाल'ले विशेष गरेर अशिक्षित सोझासादा गाउँलेहरूमाथि लुकेर शासन गरेको छ। प्रत्यक्ष रूपमा हेर्दा 'जिम्मावाल' एउटा राजनीतिक पद मात्र भए पनि उनीहरूले नै गाउँका प्रहरी, अड्डा, अदालत चलाएको सन्दर्भ पुलिस लगाएर झुटा कागज गराएको सन्दर्भबाट पुष्टि हुन्छ।

प्रस्तुत कथाको 'जिम्मावाल'ले झुट्टा कागजको हतियारमार्फत मुद्दाको सहारा लिएर 'ऊ' पात्रमाथि थप उत्पीडन गरेको सन्दर्भ यहाँ देखाइएको छ। फ्रेयरका अनुसार अशिक्षित निम्नवर्गका मानिसहरूका लागि मुद्दा, अदालत, कानुनका दस्तावेज, वकिल, बहसजस्ता कुराहरू 'एउटा अर्को काल'का रूपमा उपस्थित हुन्छन्। मुद्दामा हुने छलछाम, असत्यलाई सत्य बनाउने तजबिज र धनखर्चजस्ता विषय त गरिबका लागि मृत्युभन्दा पनि कष्टकर हुन्छ। (Hitchcock, १९९२, ऐ.४३) प्रस्तुत कथामा पनि 'ऊ' पात्रजस्ता गरिबका लागि मृत्युभन्दा पनि कष्टकर मानिएको झुट्टा मुद्दाको सहाराले 'जिम्मावाल'ले भयानकको उत्पीडन दिएको छ। 'जिम्मावाल'ले वास्तविक गरिबहरूको पीडा र व्यथा थाहा पाएरै उनीहरूको मनोविज्ञान पहिचान गरेरै यसरी झुटा मुद्दाको सहारा लिएको पाइन्छ। झुट्टा मुद्दा लगाउने र उनीहरूलाई मुद्दा हारेपछि ती गरिबहरूको घर तथा जग्गाजमिन आफ्नो नाममा गर्ने प्रवृत्तिलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

'कस्तो कागज ?' 'के मालुम ?' थोरै पढेलिखेको आदमी हो र हामी ?' दु वर्षपछि अदालतमा मुद्दा दिएर ऋण लिएको तिर्न सकेन भनेर अनि हाम्रो त्यो छ नि पूर्वपश्चिमवाला दुटा सरी ? लफडा गरिलियो नि !' 'के जग्गा हडप्ने कोसिस गर्‍यो ?' 'हो, त्यसको किता उल्लेख गरेर कागज गराइदिएको रहेछ। अनि म्यादभित्र साउँब्याज तिर्नसकेन भनेर दाबी गरिदियो र मुद्दा हारिलियो हामीले । दु बिगावाला त्यसै खाइलियो । हाम्रो कुरा हाकिमले पनि सुनेन । उनीहरू मिलिलियो हाम्रो यो बिजोग भइहाल्यो । अनि सबै जग्गाजमिन त्यसरी नै जोडेको छ त्यसले ।' (लामिछाने, २०८०, ६)

माथिको सन्दर्भद्वारा हेर्दा 'जिम्मावाल'ले गरिबहरूमाथि चरम अत्याचार र उत्पीडन गर्ने वैधानिक वा कानुनी माध्यम अदालतलाई बनाएको देखिन्छ । अदालतको हाकिम पनि पञ्चायती 'जिम्मावाल'को एउटा अंश भएकाले सबै मिलेर गरिबलाई मुद्दा हराएको देखिन्छ। 'जिम्मावाल'को उत्पीडनको अन्तिम

लक्ष्य गरिबहरूको जायजेथा सम्पत्ति नै हडप्नु पनि रहेको देखिन्छ । 'जिम्मावाल' आफैं बलात्कार गर्ने र बलात्कारको उजुरी दिन प्रहरीकहाँ जाँदा प्रहरीकै मिलेमतोमा उल्टै कागज गराउने र प्रहरीले पनि 'ऊ' पात्रलाई नै थप उत्पीडन गरेको देखाएको छ। त्यसैगरी प्रहरीबाटै उत्पीडनमा परिसकेको 'ऊ' पात्र अदालतको हाकिमबाट झन् बढी उत्पीडनमा परेको छ। 'जिम्मावाल'ले गरिबहरूलाई शोषण र उत्पीडन गर्ने यो प्रक्रिया निकै व्यवस्थित रहेको छ । त्यसैले त 'जस्तावातावाला'ले "सबै जग्गाजमिन त्यसरी नै जोडिलिएको छ।" (लामिछाने, २०८०, पृ.६) यसरी हेर्दा प्रस्तुत कथामा 'ऊ' पात्र 'जिम्मावाल'बाट मात्र नभई प्रहरी र अदालतबाट समेत एकैचोटि उत्पीडनमा परेको छ त्यसैले पनि उसमा एक किसिमको उत्पीडनजनित आवेग उत्पन्न भएको छ।

प्रस्तुत कथामा समाजमा सङ्गठित रूपमा सामन्तवादी पञ्चायती शासन व्यवस्थाका कारण गरिब किसानका पक्षमा बोल्ने कोही पनि मानिस नभएको, भएका मानिसहरू पनि गरिबका पक्षमा नलागी धनीहरूकै पक्षमा लागेर 'ऊ' पात्रजस्ता गरिबलाई झनै चरम अन्याय र अत्याचार गरेको सन्दर्भ यसरी प्रस्तुत गरिएको छ :

'हँ हजुर ! कसले गरिब किसानको कुरा सुन्ने ? हाम्रोजस्तो धेरै आदमीलाई यसै गरिलिएको छ। कसले बोल्छ उसको विरोधमा ? सब फसिहाल्छ ।' 'जिल्लाको साबहरू पनि दारु र लोकल मुर्गाको लोभमा फसिहाल्छ न !' (लामिछाने, २०८०,पृ.७)

यसरी हेर्दा 'जिम्मावाल'हरू वा पञ्चायती शासनव्यवस्थामा जस्तासुकै अन्याय, अत्याचार गरे पनि गरिबहरूले सहेर बस्नुपर्ने र सामन्तका हिमायती 'साबहरू' चरम भ्रष्टाचारमा रहेको सन्दर्भ पनि माथिको साक्ष्यबाट पुष्टि हुन्छ । साथै यहाँ दारु र लोकल मुर्गाको लोभमा न्याय र सुशासन पनि समाप्त भएको सन्दर्भ देखाइएको छ । पञ्चायती शासकहरूले एउटाले मात्र नभई पाइलैपिच्छे, गौडैपिच्छे 'ऊ' पात्रजस्ता व्यक्तिलाई उत्पीडन गरेको देखाइएको छ।

## विद्रोहको विजारोपण र विद्रोह

प्रस्तुत कथामा पञ्चायती शासनव्यवस्थाका 'जिम्मावाल'हरूको चरम उत्पीडनबाट 'ऊ' पात्रमा बिस्तारै विद्रोही भाव जागृत भएको देखाइएको छ। फ्रेयरका अनुसार प्रभुत्वशाली वर्गको चारैतिरको उत्पीडन वा शोषण र दमनका कारणले उत्पीडित वर्गमा उत्पीडनजनित आवेग र विद्रोही भाव उत्पन्न हुन्छ । (Freire, २०१८, ऐ. ६८) कथामा उत्पीडनजनित आवेगकै कारण एक किसिमको प्रतिरोधी भावना सिर्जना भएको छ । यसै आवेगले ऊ भन्छ, "यसलाई माथा भाटैभाटाले माथा माथामा हिर्काउने कोही छैन हजुर ।" (लामिछाने, २०८०, पृ.६) यसरी आफूभित्र आवेग र उत्पीडनका विरुद्ध विद्रोही चेतना जागृत हुँदाहुँदै पनि 'ऊ' पात्र शिक्षा वा चेतनाको अभावका कारण कुनै पनि विद्रोह गरिहाल्न सक्दैन । फ्रेयरका अनुसार मजदुर वा किसान वर्गले प्रभुत्वशाली सत्ताको विरुद्धमा विद्रोह गर्ननसक्नुको मूलकारण अशिक्षा हो । शोषित उत्पीडित वर्गमा विद्रोही चेतना जागृत गराउन अनिवार्य रूपमा उत्पीडितहरूको छुट्टै शिक्षा आवश्यक हुन्छ । (Freire, २००५, ऐ.८८) उनीहरूको अन्तरहृदयको आबाज, उनीहरूको सामाजिक, सांस्कृतिक र राजनीतिक मुक्तिका लागि चेतना वा विद्रोह अनिवार्य हुन्छ । (Kirylo and Boyd, २०१९, ऐ.२)

प्रस्तुत कथामा 'जस्तापातावाला'को अत्याचार र चरम उत्पीडन खप्न नसकेर 'ऊ' पात्रमा झन झन् विद्रोही चेतना बढ्दै गएको छ। उसलाई आफ्ना श्रीमती, छोरी र बुहारीको अस्मिता लुटेको र झुटा मुद्दा लगाएर जग्गा जमिन हडपेकोमा विद्रोही भाव जागृत भएको छ। 'ऊ' पात्र चारैतिरको उत्पीडनमा परेकाले उसमा स्वाभाविक रूपमा विद्रोही भावना प्रकट भएको छ। त्यसलाई कथामा यसरी व्यक्त गरिएको छ :

'हामीलाई त लागेको छ, हजुर एक दिन एक दिन त्यसलाई सिध्याउँछ, हजुर।' 'धत् यस्तो गर्नुहुँदैन, यो त नराम्रो काम हो नि ?' मैले भनेँ। 'के जान्छ हामी बुढा भइसक्यो बरु थानामा गएर बस्छ न।' 'यसलाई तँ।' 'हाम्रो परिवारमाथि आइलाग्ने, छोरीमाथि नराम्रो काम गर्ने, बुहारीमाथि आँखा लगाइलिने ! हामी टोलबासी होइन ?' (लामिछाने २०७०, ७)

प्रस्तुत कथामा पुरातन परम्परावादी सामन्ती सत्ताका विरुद्धमा कोही पनि व्यक्ति चुइक्क बोल्नसमेत नसकेको अवस्थामा 'ऊ' पात्र एउटा अशिक्षित किसान भए पनि विद्रोह गर्ने आँट गरेको छ। उसलाई आफूजस्तै सबै गाउँलेलाई चरम उत्पीडन गरेको सामन्ती व्यवस्थाका विरुद्ध आबाज बोल्नसक्ने अवस्था त्यही उत्पीडनले नै बनाएको छ। 'म' पात्रले पटक पटक सम्झाउँदा पनि 'ऊ' पात्र रोकिने र पछि हट्ने पक्षमा छैन। टोलछिमेकमा मानिसहरू सबै 'दारु र लोकल मुर्गाको लोभमा' बेचिएपछि 'ऊ' पात्रमा झनै उत्पीडनजनित विद्रोह जागृत भएको छ। 'ऊ' पात्र भन्छ, "धेरै रिस उठेको छ, सकाउँछ, एक दिन त्यो पापी छ।" (लामिछाने, २०८०, ८)

प्रस्तुत कथाको 'ऊ' पात्रमा उत्पीडनजनित मानसिक अभिघात पनि छ त्यसैले पनि आफ्नो अभिघातलाई पूर्ति गर्ने र उत्पीडनजनित क्षतिलाई पूर्ति गर्न पनि उसले विद्रोह गरेको छ। 'ऊ' पात्रले आफूलाई भन्दा आफ्नो इज्जत र सम्पत्ति सकिएको कारणले पनि विद्रोही बनाएको छ र प्रतिशोध गर्ने निष्कर्षमा पुगेको छ।

पञ्चायतकालदेखि गाउँ गाउँमा फैलिएर बसेको परम्परावादी उत्पीडक सामन्ती सत्ताका विरुद्धमा 'ऊ' पात्रले जुन एउटा विद्रोह आँटेको छ, यो तत्कालीन समयमा देखिएका किसानहरूमा आएको जागृति हो। उसलाई अब 'जिम्मावाल'लाई समाप्त नपारेसम्म आफ्नो अस्तित्व कायम हुनसक्दैन भन्ने चेतना प्राप्त भएको छ।

**निष्कर्ष**

यादवप्रकाश लामिछानेको 'फ्ल्यासब्याक' कथामा पाउलो फ्रेयरको उत्पीडन सिद्धान्तको प्रभाव परेको छ। यस कथामा फ्रेयरले स्थापना गरेको उत्पीडन सिद्धान्तका धेरै पक्षको प्रभाव रहेको छ। यस कथामा फ्रेयरले प्रतिपादन गरेको सिद्धान्तअन्तर्गतको उत्पीडित वर्गको समूह निर्माण, उत्पीडक वर्गको समूह निर्माण, उत्पीडनको संस्कृति निर्माण, उत्पीडितको संस्कृति निर्माण, उत्पीडनको राजनीतिक आवरण र निर्माण, विभाजन र शासन तथा उत्पीडित वर्गमा विद्रोही चेतनाजस्ता मान्यताको प्रभाव परेको देखिन्छ। प्रस्तुत कथामा उत्पीडक वा शोषक वर्गको रूपमा पहाडे समुदायका 'जिम्मावाल'हरू रहेका र 'ऊ' पात्रजस्ता सतार, झाँगड, राजवंशी र गरिब पहाडी मूलका मानिसहरू उत्पीडित वर्गका रूपमा रहेको देखाइएको छ। त्यसमा

पनि अझ गाउँका सोझासादा अशिक्षित वर्गमा 'जिम्माबाल'हरूले एउटा वैधानिक र व्यवस्थित रूपले चरम उत्पीडन गरेको देखाइएको छ। कथामा 'ऊ' पात्रको परिवार सबैभन्दा बढी उत्पीडनको सिकार भएको छ। उसकी श्रीमती, छोरी र बुहारी बलात्कृत भएका छन् भने 'ऊ' पात्रलाई 'जिम्माबाल'हरूले चरम मानसिक यातना दिने र सम्पत्ति हडप्ने, पुलिस प्रशासन लगाएर डर देखाउने, झुटा मुद्दा लगाई कागज गराउने, झुटा कागजको सहारामा झुटा मुद्दामामिला लगाउने गरेकाले 'ऊ' पात्र चरम उत्पीडनमा परेको छ। प्रस्तुत कथामा पञ्चायती शासनव्यवस्थामा नेपालको पूर्वी तराई क्षेत्रमा हुने प्रभुत्वशाली वर्गले गरिब, निमुखा वर्गमा गरेको अत्याचार, अन्यायजनित वा उत्पीडनजनित विद्रोही भाव अङ्कुरित हुँदै गएको सन्दर्भ पनि देखाइएको छ। यसरी हेर्दा लामिछानेको प्रस्तुत 'फ्ल्यासब्याक' कथामा उत्पीडन सिद्धान्तको बलियो प्रभाव परेको र उत्पीडन सिद्धान्तको सफल प्रयोग गरिएको उत्कृष्ट कथाका रूपमा रहको छ।

*नेपाल संस्कृत विश्वविद्यालय, जनता विद्यापीठ,*
*बिजौरी, दाङ*

**सन्दर्भसामग्रीसूची :**

Abbott, Diana and Badley, Ken -2019, April _ Pedagogy of the Oppressed Fifty Years On M A Review Essay Ú doi 10.1177/2056997119837927

Agbo, Joshua (2021) Bessie Head and the Trauma of Exile Identity and Alienation in Southern African Fiction. Routledge . https: doi.org.10.4324/9781003154402

Darder, Antonia (2018) The Student Guide to Freires Pedagogy of the Oppressed. Bloomsbury.

Freire, Paulo (2005), PEDAGOGY of the OPPRESSED. 30th anniversary Translated by Myra Bergman Ramos, The Continuum International Publishing Group Inc https:envs.ucsc.edu. internships.internship.readings.freire pedagogy of theoppressed.pdf

Freire, Paulo (2018)= Pedagogy of the Oppressed: 5th Anniversary Edition. Bloomsbury.

Hitchcock, Peter (1992) . Dialogics of the Oppressed. University Press

Kirylo, James D. and Boyd, Drick (2019). Paulo Freire: His Faith, Spirituality, and Theology. Rotterdam.

Leopando, Irwin (2017). A Pedagogy of Faith : The Theological Vision of Paulo Freire. Bloomsbury.

Lindsay, Oberhausen (2014), July. Lindsay Oberhausen Empowering the Oppr Empowering the Oppressed in 20th Centur essed in 20th Century Liter y Literature through Magical Realism https:uknowledge.uky.edu. cgi.viewcontent.cgi.article.1183 & contextÖkaleidoscope

Themes and Key, Colors (2022) Pedagogy of the Oppressed: Preface Summary & Analysis. https.www.litcharts.com.lit. pedagogy of the oppressed.preface

लामिछाने, यादवप्रकाश (२०८०). संयोग कथासङ्ग्रह. विद्यार्थी पुस्तक भण्डार।

मास्के, राजेन्द्र र पौडेल, सूर्यप्रकाश (२०६३). साहित्य र कला. मू.ले. मार्क्स र एङ्गेल, विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

*hammroastro@gmail.com*

# प्रश्नशुल्क !



❖ कुसुम ज्ञवाली

ललितपुरको चर्चित स्कुलको गेटमा आज अभिभावकहरूको भिड अलि बढी नै आक्रामक थियो। हात हातमा स्कुलले पठाएको एउटा अतिरिक्त प्रश्नशुल्कको बिल थियो । "यो त अति भयो ! भर्ना शुल्क, परीक्षा शुल्क, खेलकुद शुल्क त तिरिएकै थियो अब यो 'प्रश्न-शुल्क' भनेर किन तिर्नुपर्ने ?", एक मध्यमवर्गीय महिला अभिभावकले आक्रोश पोखिन् । "अँ त नि ! लुट्न पनि सीमा हुन्छ नि", अर्का एक युवा अभिभावकले थपे, "परीक्षा शुल्कभित्रै प्रश्नशुल्क पर्दैन ? के अब प्रश्नको पनि छुट्टै शुल्क ? केको लखनउ लुट हो यो ?" भिड बिस्तारै 'प्रिन्सिपल'को कार्यकक्षतिर सोझियो। त्यहाँ पुग्दा प्रिन्सिपल शान्त र सतर्क मुद्रामा केही कागजपत्र पल्टाउँदै थिए । भिड देख्नेबित्तिकै उनले चस्मा ठिक पारे र भने, "मलाई थाहा छ, तपाईंहरू यो नयाँ शुल्कको बारेमा आउनुभएको होला ।" 'हो' एक जुझारु युवतीले टेबल ठोक्दै भनिन्, "के हो यो 'प्रश्नशुल्क ?' याद गर्नोस् यहाँ नयाँ सरकारको पालो हो, लुट्न पाइँदैन अब यसरी ।'

प्रिन्सिपलले लामो सुस्केरा हाले । उनको अनुहारमा आक्रोश होइन, एउटा गहिरो विवशता झल्कियो । उनले इसाराले सबैलाई बस्न भने र मधुरो स्वरमा बोल्नथाले । "हेर्नुस्, मलाई पनि यो शुल्क थप्न मन पटक्कै थिएन तर अहिलेको परिस्थिति नितान्त फरक छ। तपाईंहरूलाई थाहै छ, बजारमा अहिले कस्तो डरको खेती भइरहेको छ! सत्ता र शक्तिको विरुद्धमा कसैले एउटा प्रश्न उठायो भने कि त उसको चरित्रहत्या गरिन्छ, कि त उसलाई साइबरसेलका 'डन'हरूले खेदेर मानसिक रोगी बनाउँछन्। 'त्यसको र यो स्कुलको बिलको के सम्बन्ध ?' महिला अभिभावकले बिचैमा कुरा काटिन् । 'सम्बन्ध छ', प्रिन्सिपलले गम्भीर हुँदै भने, "पहिले पहिले प्रश्नपत्र तयार पार्न हामीलाई सजिलो हुन्थ्यो । यहीँका विद्वान् र शिक्षकहरूले निर्धक्कसँग तार्किक प्रश्नहरू बनाउँथे तर अहिले देशमा प्रश्न गर्ने मान्छेहरू नै छैनन् सहरमा ! जो बाँकी छन्, उनीहरू 'प्रश्न' सोध्न डराउँछन् । यही डरले यहाँका मान्छेको प्रश्न गर्ने क्षमता नै मऱ्यो ।"

कोठामा सन्नाटा छायो । प्रिन्सिपलले अगाडि थपे, "परीक्षा लिनका लागि त प्रश्न चाहियो नै । तर सहरमा कोही प्रश्न गर्न तयार छैनन् त्यसैले हामीले निकै मिहिनेत गरेर ती पुराना 'हक्की' मान्छेहरू खोज्यौं, जो अहिले यो शक्तिशाली नयाँ सरकारको सहर छोडेर विदेश पलायन भइसकेका छन् ! ती वैदेशिक रोजगारीमा गएका बौद्धिकहरूलाई उतैबाट प्रश्न सोध्न लगाउँदा पारिश्रमिक पनि उतैको अनुसार दिनुपऱ्यो, खर्च निकै बढी लाग्यो ।" प्रिन्सिपलले सबैको अनुहारमा हेर्दै जोड दिँदै फेरि भने, "सहरमा प्रश्न गर्ने आँट भएका मान्छेहरू नभएपछि बाहिरबाट प्रश्न आयात गर्दा महङ्गो त हुने नै भयो नि, होइन र ?" अब कसैसँग कुनै 'प्रश्न' बाँकी थिएन !

*क्यालगरी, क्यानडा ।*



❖ पदम दाहाल

# पुराना पातहरू

प्रत्येक वसन्तको उपस्थितिअगावै
झर्ने गर्छन् पुराना पातहरू
र नयाँ बल्लरीमा रमाउन थाल्छन्
नवीन आँकुराका जमातहरू
जहाँ रूपान्तरणले मुस्कुराउँछ बिहानी
र थपिन्छन् आँगनी र सिकुवामा
नवस्वागतका द्वारहरू।

अतीतहरू घाटमा बिल्छन्
कोही माटोमा
प्रतीतहरू रातमा मिल्छन्
कि बाटो-दोबाटोमा
तर खै को रहन्छ र सदाबहार ?
केवल अवतार मात्र बाँकी रहन्छन्
न सधैं एकैनासको जबानी हुन्छ
न एकै अवस्था र अभिमान रहन्छ
फरक यत्ति हो
हरेक बागवानी प्रकृतिकै अधीनस्थ भइरहन्छ।

कोही घामद्वारा चर्किन्छन्
कोही आँधीबेहेरीद्वारा लर्किन्छन्
जे भए पनि सहिरहने विवशता भने रहिरहन्छ
जे परोस् थापिएर पर्खिरहन्छन्
भाग्न मिल्दैन असिनापानीको डर छ भनेर
थाम्दैन लटरम्म फलले पनि
आमदानीको भर छ भनेर।

छिप्पिएझैं लाग्छन् वटवृक्ष र मुनाहरू
सप्रिएझैं लाग्छन्
बैंस साट्ने युवा र यौवनाहरू
तर आलोपालो ऋतु नै पिच्छे
छिप्पँदैपिच्छे रित्तिँदै गर्छन् चाहनाहरू
प्रत्येकले भोगिरहेछन् नियति
स्विकारिरहेछन् विवशता र विसर्जनहरू
हरेक पुराना पातहरू लाग्छन् किनारा
बनाएर बिराना आफूलाई
जोडिन्छन् ती उत्सर्जनतिर।

*मादी न.पा.६, सङ्खुवासभा*
*हाल : लोकन्थली, भक्तपुर।*

# लकिरको फकिर !



❖ **कात्यायन**

"छेउबाट छेउ नै ..." ऊ चिच्यायो।
उसको नजिक गएर मैले सोधेँ, "के भनेको ?"
ऊ गम्भीर भयो, "अर्थहीन।"
म उत्सुक भएँ, "मेरो प्रश्न कि, तिम्रो अर्थ ?"
सायद, ऊ लयमा थियो, "यो समय, यो युग, यो गुजुल्टो।"
सायद, उसले भनेजस्तै म अर्थहीन र बेसुरमा ...

घोत्लेँ ! उसलाई नियालेँ ! मभित्र चियाएँ !
र भाग्दै थिएँ, जे देखेँ र जे अनुभूत गरेँ।
भाग्दै गरेको मलाई उसले च्याप्प कठालो समात्यो र थचार्‍यो।
"भागेको किन ?" ऊ रन्किएर हपार्‍यो मलाई।
म मौन !
खाउँलाजस्तै गरेर कारुणिक अनुहार पार्‍यो, "मुनाहरू ढलेको देख्यौ ?"
म मौन !
रौद्र रूप पारेर उतर्सियो, "ढोडहरू जल्दाको आगो ताप्यौ ?"
म मौन !
सायद, उसले बुझेन क्यारे मेरो मौनव्रत ! उल्टै सोध्यो मलाई, "अपार सम्पत्ति र त्यो सम्पत्तिले नि सल्काउन नसक्ने चिसो चुल्हो थाहा छ ?"
मैले दायाँबायाँ शिर हल्लाएँ। उसले बुझ्यो क्यारे; मैले नबुझेका कुराहरू...

सुस्केरा हाल्यो उसले, "त्यो निभेको चुल्हो पेटभित्र सल्काएर हिँड्ने समाजका पर्‍यौ तिमी पनि !"
समाजजस्तै मौन नै रहेँ म !
मेरो कठालो छाड्यो र भुतभुतायो, "छेउ न टुप्पोको फुर्कोझैँ, लकिरको फकिर ! तिमीजस्ता परजीवीहरू !"

*चाबहिल, काठमाडौँ - ७*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

*– शब्द-संयोजन परिवार*



❖ कुमार काफ्ले

## सम्पदा संरक्षण

"लल ल बाबुहरू ! त्यसरी मूर्तिमाथि चढ्नुहुँदैन । झर झर लु छिटो ..." मन्दिरअगाडिका सिंहका मूर्तिमाथि चढेका केटाकेटीहरूलाई सम्झाउँदै गणेशमानले भने। केटाकेटी फुत्रुकफुत्रुक ओर्लिए। उसलाई ती केटाकेटीहरूलाई सम्झाइबुझाइ गर्न मन लाग्यो । "तिमीहरू कोसँग आएका हौ ?" "ममीसँग आएका..." भन्दै तिनीहरूले आफ्ना आमातिर देखाए।

"ए ए ल सुन, यी मन्दिर, मूर्ति हाम्रा सम्पत्ति हुन् । यिनलाई जोगाएर राख्नुपर्छ, जथाभावी फोहोर गर्नुहुँदैन, बुझ्यौ ?" उनीहरूले बुझ्यौं भनेर टाउको हल्लाए। "ल मसँग आओ एकछिन्, लु यसरी यहाँ वरिपरिका प्लास्टिक र पानीका बोतलहरू टिपेर डस्टबिनमा हालौं।"

गणेशमानसँगै सबै मिलेर सरसफाइको काम गरे । सेल्फी खिच्दै गरेका अभिभावक आएर बच्चालाई कराउन थाले, "लौ हेर हेर, फोहोर खेलेका ! बदमास बच्चाहरू !" "फोहोर खेलेका होइन क्या मामु, फोहोर सफा चाहिँ गरेका, उः त्यहाँ हेर्नू न हामीले कति फोहोर टिपेर डस्टबिनमा हाल्यौं।"

"खुब गरेछौ ! फोहोर छोएर। लु हात धोओ।" "त्यसरी नकराउनू न बच्चाहरूलाई, बच्चालाई सानैदेखि आफ्नोवरपरका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ भनेर सिकाउनुपर्छ नि ।" गणेशमानले बच्चाका आमालाई सम्झाउँदै भन्यो।

"आ ! हामीले मात्रै गरेर के हुन्छ र ! दुनियाँले फोहोर गर्छन्, टिपेर के साध्य !" "त्यसो होइन नि, सम्पदाले हाम्रो इतिहास, संस्कृति र पहिचानलाई बचाउँछ। अनि भावी पुस्तालाई हाम्रो धरोहरको ज्ञान पनि दिन्छ।" "अनि हामीले मात्रै गरेर हुन्छ त ? सबले गर्नुपर्‍यो नि !"

ऊ मुसुक्क मुस्कुरायो र भन्यो, "सबै भनेको को हो ? तपाईं, म र हामीजस्तै मिलेर बन्ने होइन र सबै ?"

---

## सम्पदा

"होइन ए मङ्गलेश्वर, तिम्रो अरू कामधन्दा छैन क्या हो ! सधैं यता मन्दिरतिर देख्छु त ।" पुण्यरामले हेयको दृष्टिले हेर्दै उसलाई भनेको थियो । न्यातपोल मन्दिरको पेटीमा छरिएका प्लास्टिक र पानीको बोतल टिप्दै थियो मङ्गलेश्वर । मन्दिरको गजुरमा घामको पहेँलो किरण टिलिक्क टल्किरहेको थियो।

"होइन पुण्यरामजी ! के गरेको देख्नुभयो र तपाईंले ? काम त गरिराखेको छु नि म" भन्यो र सिंहको प्रतिमामा चढ्न खोज्ने युवकलाई "ओई भाइ ! के बदमासी गरेको ! त्यसमा चढ्नुहुँदैन भन्ने थाहा छैन ?" भन्दै सम्झाउन थाल्यो।

"हुन्देऊ न, तिम्रो के जान्छ ! चढोस्, रमाइलो गरोस् ..." पुण्यराम उदार देखिन खोज्यो। "के रे के रे ! आफ्नै आँखाअगाडि मठमन्दिरमा फोहोर गर्दा, उपद्रो गर्दा टुलुटुलु हेरेर बस्नु ?" के भन्नुभएको तपाईंले ? मङ्गलेश्वरले मुखभरिको जबाफ फर्कायो ?

"अनि के यसको संरक्षण गर्ने ठेक्का ले'र राखेका छौ तिमीले ? सरकार छ त !" पुण्यराम अझै गलेन। दत्तात्रयतिर जाँदै मङ्गलेश्वरले जबाफ दियो, "सरकार भनेको को हो ? जनता नै सचेत नभए सरकारले के गर्छ ?"

❑ कविता



❖ आर. एल. श्रमजीवी

# भगवान् आँखा नदेऊ


संसारभरि सबै प्राणीका आँखा छन्
सबैले आफ्नै आँखाले देख्ने हो
यो संसार ।

गधाले गधाकै आँखाले हेर्छ
कुकुरले कुकुरकै आँखाले हेर्छ
बाँदरले बाँदरकै आँखाले हेर्छ
हात्तीले हात्तीकै आँखाले हेर्छ
बाघले बाघकै आँखाले हेर्छ
स्यालले स्यालकै आँखाले हेर्छ
बोकाले बोकाकै आँखाले हेर्छ
गिद्धले गिद्धकै आँखाले हेर्छ
चिलले चिलकै आँखाले हेर्छ
बाजले बाजकै आँखाले हेर्छ
कौवाले कौवाकै आँखाले हेर्छ
परेवाले परेवाकै आँखाले हेर्छ
मयूरले मयूरकै आँखाले हेर्छ
छेपारोले छेपारोकै आँखाले हेर्छ
सर्पले सर्पकै आँखाले हेर्छ
जुकाले जुकाकै आँखाले हेर्छ
जुम्राले जुम्राकै आँखाले हेर्छ
माछाले माछाकै आँखाले हेर्छ
गोहीले गोहीकै आँखाले हेर्छ
अजिङ्गरले अजिङ्गरकै आँखाले हेर्छ ।

जलचर, थलचर, उभयचर, नभचर
सबैका आँखा छन्
तर
मान्छेले मान्छेकै आँखाले किन हेर्दैन यो संसार ?
मान्छे प्रकृतिलाई बसमा पार्न खोज्छ
मानवता भुलेर युद्ध किन रोज्छ ?
सबै प्राणीको टाउको हुन्छ
दिमाग हुन्छ हुँदैन मलाई थाहा छैन
तर
दिमाग हुने मान्छे मानवता कै संहार किन गर्छ ?
कवि दुर्गालालले गीत नै लेखे
'फूलको आँखामा फूलै संसार
काँडाको आँखामा काँडै संसार !'

यो स्वार्थी दुनियाँमा
किन दिएका आँखा भगवान् ?
यदि तिमी छौ भने उत्तर देऊ
हरेक प्राणी तिम्रै सृष्टि हो भने
सबैलाई आँखा देऊ
तर
मान्छेलाई आँखा नदेऊ ।

*पाताललोक ।*



❖ कणाद महर्षि

# बैगुनी बैठक

कुकार्यका लामै तर छुद्र फेहरिस्त पसारेर
बयान फतफताउन थाकिएन
तर
सुकार्यका गुणगान, बखान वा सुवाच्यमा
एक शब्द पनि खर्च गरिएन!
छिद्र मात्र कोट्याएर
अवगुणका असरल्ल असन्तुष्टि ओकल्ने क्रम
चलिरहेको थियो बैगुनीहरूको बैठकमा!
अगाडिको टेबुलमा कुनै फाइल,
कागजपत्र, रजिस्टर वा नोटबुक
र कलम केही पनि थिएन
एजेन्डा वा कार्यसूची, विषय वा प्रसङ्ग
दिमागमा केही थियो त मात्र शून्य थियो
यद्यपि सामाजिक सञ्जालमा
समाहित हुने साधन/सामग्री भने
हरेकको हात हातमा थियो।
भान्साकोठाबाट आएको खारले सताएर
उपस्थित सबैले खकार्लानूजस्तो
वातावरण उब्जियो
र
एकै छिनमा सबैको अगाडि प्रस्तुत गरियो
प्लेट प्लेटमा रगत
प्लेट प्लेटमा पसिना
प्लेट प्लेटमा आँसु
स्वभावअनुसार प्रस्ताव गरिएर
जुटेको तयारीमा पस्किएको थियो
डढेको कुभिन्डोको तरकारी!
झोलमा मिसिएको थियो मुटुको मदिरा
कुभिन्डोकै पकौडा!
चौटामा मुछिएको थियो कलेजोको धतुरो
कुभिन्डोकै अचार!
स्वादमा साँधिएको थियो मृगौलाको भाङ
कसैको स्वर सुस्तरी फुस्कियो,
"कुभिन्डोले गर्भवतीलाई बैगुन गर्छ है!"
कसैले पनि भनेन
यो कसको बैठक थियो ?
निष्कर्ष निस्किएन
रिक्तता, तिक्तता र खिन्नता!
अवसान, अवसाद र आक्रोश!
मात्र प्रस्फुटन भयो।

*चाबेल, काठमाडौँ- ७*



❖ ध्रुवकृष्ण ताम्राकार

# विद्रोह

तिम्रो मौनताभित्र अझै
पीडा सल्किरहेको
मनभित्र आगोभन्दा पनि
तातो दन्किरहेको
म हेरिरहेछु
त्यो आक्रोशको खहरे
कुन वेला उर्लिन्छ ?
थाहा छैन त्यो आँसुको भेल
कुन वेला सुनामी भै कुर्लिन्छ ?
अति गर्नु अतिचार नगर्नु
पराकाष्ठाको पनि सीमा हुन्छ
सानो झिल्कोले पनि डढेलो लाग्छ
गुमानको शेखी पनि कुनै दिन झर्छ ।
आखिर मान्छेको स्वन्त्रता
निलो आकाशमा
किन धावा बोलिरहने
मान्छे सबै एकै भए
विभेदको रङ किन घोलिरहने
निष्ठा र आस्था ओढेको स्वाङ रच्ने
राक्षसी कर्ममा किन रमाइरहने ?
तिमी सही थियौ
तिम्रो विद्रोह सही थियो
मान्छे हुनुको अर्थ
स्वयम् परिभाषित गर्‍यौ
कसैको दमन असैह्य थियो
केवल सहेर बाँच्नु
न कुनै हल थियो
त्यसैले तिम्रो शालीन र शान्त स्वभाव पनि
अरिङ्गाल बनेकोमा कुनै आश्चर्य छैन
तिमीमा एकाएक आएको क्रान्ति चेत
परिवर्तनको लागि हो
सुनौला बद्‌लाबको लागि हो ।

*बनेपा ।*

## बजारमा कृति




| | |
|---|---|
| कृति | : यात्रा जिन्दगीको (भाग दुई) |
| विधा | : उपन्यास |
| लेखक | : महेशराज खरेल |
| प्रकाशक | : साझा प्रकाशन, ललितपुर । |
| मूल्य | : रु.६४०।– |
| प्रकाशन वर्ष | : २०८२ |

# चट्याङ, घाम र जून

❖ वासुदेव अधिकारी

मानव जीवनमा प्रकृतिको प्रतिच्छायाँ छ । सामान्यतया प्रकृति शान्त छ, सुरम्य छ अपवादमा ऊ विप्लवी पनि छ, रौद्र पनि । शान्त प्रकतिलाई हामी पुज्दैनौँ, त्यसबाट सिक्दैनौँ, हेप्छौँ तर रौद्र प्रकृति ? पुजिन्छ, स्मरणमा रहिरहन्छ । हामीले मानिआएका देवता पनि त्यस्तै हुन्, रौद्रवाला बढी पुजिने, शान्तवाला कम पुजिने, कम गनिने ! समाजमा हामी पनि बाङ्गो र नाङ्गो मानिसलाई बढी भाउ दिन्छौँ । सन्की सबको आँखामा हुने, सौम्यको त्यति मूल्य नहुने ! मुस्कुराइरहेको बुद्धभन्दा भैरव बढी पुजिन्छ, काल भैरवको त कुरै नगरौँ । कमलो घाम, रमाइलो दिनभन्दा चट्याङ, हुरी र हिउँ-असिनाको प्रकोपले हामीलाई ब्युँझाइरहन्छ । हामी रौद्र प्रकृति देखेर, त्यसको क्रूरताले प्रताडित भएपछि मात्र शान्त प्रकृतिको महत्त्व बुझ्छौँ । पुर्खाले त्यसै शान्तिको मन्त्र बनाएका होइनन्, जपेका होइनन् ।

मानवजीवन प्रकृतिको अनमोल उपहार हो । मानव सभ्यता ऐतिहासिक र अपरिमित सङ्घर्ष, ज्ञान, विवेक तथा अनुशासनको सङ्ग्रहालय हो । प्रत्येक मानव सम्भावनाको केन्द्र हो । प्रत्येक समाज इतिहासको जीवन्त धरोहर हो । जङ्गली युग पार गरेर अनेक हण्डर ठक्कर खाँदै आधुनिक युगमा आइपुगेको मानव समाज अनेक नियम, आचार र संहितामा बाँधिएको छ । अनुशासनमा बाँधिएकै कारण उसको जङ्गलीपन विलुप्त छ । कथंकदाचित् देखा परे ऐन, नियम, कानुन वा सामाजिक रीतिले उसलाई ललकार्छ, कायल गर्छ । अनुशासन सभ्यताको गीत हो । यो दिगो शान्तितर्फको सुदृढ पाइला हो । अनुशासित व्यक्तिले नै अरूको अस्तित्व स्विकार्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्था, सरकार, कानुन तथा संहिता त्यसैका निम्ति बनेका हुन् । संहिताले व्यक्तिलाई अराजक, अपराधी र स्वेच्छाचारी बन्नबाट रोक्छ । संहिता कसले बनाउने ? हामीले, हाम्रा जनप्रतिनिधिले । संहिता कसले पालन गर्ने ? हामीले, हाम्रो प्रतिनिधित्व गर्ने सरकारले । सरकार-सरकारलगायतका पक्ष मिलेर बन्ने अन्तर्राष्ट्रिय निकायले ।

राजनीतिक तथा सामाजिक क्षेत्रमा पटक पटक इस्यु उठान हुने गरेको छ, 'हाम्रो प्रतिनिधित्व गर्ने निर्वाचन प्रणालीले अपवादमा बाहेक सर्वथा ठिक पात्र छान्न जान्दैन ।' छ पनि त्यस्तै । असल पात्र र अभ्यास चाल पाउन कठिन ! समाजमा असल पात्र निर्माणको विधि पनि कमजोर । असल पात्रभन्दा खराब पात्र, अनुकूलभन्दा प्रतिकूल घटनाको तुँवालो देखा परिहाल्ने ! हामीले पनि भोगेकै होः निर्वाचनमा अनेक कारण राम्रा र उपयुक्त व्यक्तित्व छानिन कठिन छ । छानिए पनि ती अनेक परिबन्दका सिकार हुन्छन्, सधैँ राम्रो भइरहन सक्दैनन् । समयअनुसार राम्रो-नराम्रो, आवश्यक-अनावश्यक आदिको परिभाषा फेरिइरहन्छ । प्रतिनिधि छान्नेहरूका रूचि र आवश्यकताको प्राथमिकता पनि फेरिँदै जान्छ । लोकल होस् कि ग्लोबल, निर्वाचन प्रणालीले वेला वेला हावाव्यक्तित्वलाई काँधमा हाल्छ र देवता बनाउँछ । तिनको जरा न माटोमा हुन्छ न मनमा । सनक : तिनको ऊर्जा, आशीर्वाद :

तिनको आधार। त्यस्ता प्रतिनिधि वा शासकले नागरिक मर्म पढ्नसक्दैनन्। गर्जनु तिनको धर्म हुन्छ, कर्म हुन्छ भने उम्लिनु तिनको शान। सभ्य समाजमा, प्रजातान्त्रिक भनिने देशमा सन्की र नरसंहारकारी व्यक्ति पावरमा आउनु मानवीय मूल्यको घोरतम उपहास हो । ती मानव सभ्यताका कलङ्क हुन्।

प्रकृतिदोहनको कारण उष्ण बन्दै गएको वर्तमान विश्व बेठिक व्यक्तिहरू प्रभावशाली मुलुकको शासनसत्तामा बिराजमान भई अमानवीय कार्यमा उद्यत भएबापतको ज्वरोबाट थप प्रताडित छ। सन्किन्छ एउटा, दुःख पाउँछन् अरूले! बल्छ सलाइ, सल्किन्छ वन! खाक हुन्छ हरियाली। प्रभावशाली देशका शासक आफू र आफ्नो जनतामा मात्र प्राण हुने ठान्छन्। अहिले एकजोडी शासकको चर्तिकला हाम्रोसामु खडा छ। ती हुन् ः मिस्टर नेतान्याहु र डोनाल्ड ट्रम्प। ती दुबै शासक सनकका नमुना हुन्, उन्मादका पराकाष्ठा हुन् । तिनले देखाएको हर्कतको निन्दा गर्न संसारका कुनै पनि भाषामा उपलब्ध शब्द समर्थ छैनन् । विडम्बना, घरि घरि ती पात्र नोबेल शान्ति पुरस्कारको सूचीमा चढ्न खोज्छन् । आफ्नो मुलुक वा अन्यत्र भद्रगोल मच्चाएबापत शान्ति पुरस्कार खोज्ने, पाउने चलन त्यति अनौठो पनि होइन।

राजनीतिमा सामान्यतया निर्धा र वञ्चितहरू विद्रोही बन्छन् । राज्यले आफ्नो जायज माग सम्बोधन नगरे अधिकारका लागि उनीहरू चट्याङ हुन्छन्, बज्रिन्छन् । तिनले आबाज त लाउड गर्छन्, गर्छन्, पाए बम बोक्छन्, बारूद सल्काउन खोज्छन् तर सरकार ? संयमित हुनुपर्छ । ठुला देशका सरकार ? कमजोर देशलाई सघाउने, तिनलाई 'होस्टेमा हैँसे' गर्ने नै हुनुपर्छ अनि मात्र न्यायपूर्ण समाज सिर्जना हुन्छ, भातृत्व विश्वव्यापी हुनसक्छ । मानवता मलजल गर्ने विधि योभन्दा अरू हुनै सक्दैन । यही पदचापले नै मानव सभ्यता विकसित हुँदै जान्छ तर विडम्बना ! नेतन्याहु र ट्रम्प महोदय यसको ठिक विपरीत दिशामा छन् । तिनको शक्तिको उन्माद जानिनसक्नु छ । ट्रम्पलाई ग्रिनल्याण्ड चाहिएको छ, नेतान्याहुलाई पूरै प्यालेस्टाइन र लेवनान । तिनको सत्तोन्मादमा प्रज्ज्वलित आगोको तापमान अहिलेको मानव सभ्यताले सहन गर्नसक्ने खालको छैन । प्यालेस्टाइन जनताको लाश, आँसु र बस्तीको भग्नावशेष, आधारातमा भेनेजुएलाका राष्ट्रपति मुडुरो दम्पत्तिको छद्म चालको अपहरण, मध्यरातमा विनाकारण इरानका सर्वोच्च नेता खोमेनीलगायत उच्च पदस्थहरूको सामूहिक चिहान यसको जिउँदो प्रमाण हो । युद्धको असर लडाइँको भूगोलमा मात्र छैन । लडाइँको असरस्वरूप इन्धन आपूर्तिको अवरोध, तेलको हाहाकार तथा गरिबको चुलो निभ्दै निभ्दै गइरहेको अवस्था छ । घर घरमा युद्धको मिसाइल प्रवेश गरिरहेको छ । सिङ्गौजसो विश्व इन्धनआपूर्तिको प्रतिकूलता सिर्जित असर स्पर्श गरिरहेछ । के कोही सन्कीलाई विश्वभरको चुलो निभाउने अधिकार छ ? अरू देशका मानिस मार्दै हिँड्ने लाइसेन्स छ ?

यस युद्धको सेरोफेरोमा कैयौँ मुलुकका सरकारको घैँटामा घाम लाग्नथालेको छ । सन्की र हठी शासकविरूद्ध संसार ऐक्यबद्ध हुँदो छ । सन्की शासक र तिनका हर्कतविरूद्ध आफ्नै मुलुकका जनता तथा सांसद बुलन्द आबाजसहित मुखरित भइरहेका छन् । नर्थ एटलान्टिक सन्धि सङ्गठन (नाटो)का युरोपेली पक्ष सन्की युद्धको पिछलग्गु नहुने मनोविज्ञानमा छ । स्पेन, बेलायत, इटाली, हङ्गेरी,

टर्कीलगायतका देश सत्य र न्यायको पक्षमा उभिनसकेका छन् । अरबएकता घनिभूत हुन खोज्दै छ । इजरायली नरसंहारविरूद्ध मुख खोल्ने क्रम सुरु भइसक्यो ।

यतिखेर इरान आगोको मुस्लोमा पिल्सिएकोछ।अमेरिकी-इजरायलीआक्रमणको निसानामा सैनिक, गैरसैनिक दुबै परेका छन् । लडाइँको पहिलो खेपमा बालबालिका परे, दोस्रो खेपमा विश्वविद्यालय! इरान : मानव सभ्यताको पुरानो केन्द्र, विज्ञान, गणित र मानव अधिकार विकसित भएको भूमि । त्यसै दब्ने कुरै भएन । त्यहाँको दुला दुलाबाट मिसाइल प्रकट भइरहेका छन् । अन्यायी युद्धको न्यायपूर्ण प्रतिकार हुन्छ, सजगतापूर्ण प्रतिरोध हुन्छ । त्यो भइरहेको छ । इरानी सैन्य तथा जनताले अन्यायपूर्वक लादिएको तथा पाँच हजार वर्ष पुरानो सभ्यता नामेट पार्ने धम्कीसहितको अत्याधुनिक प्रविधिप्रयुक्त युद्धको कुशलतापूर्वक प्रतिवाद गरिरहेका छन् । तिनको तयारी, संयमता, कुशाग्रता र रणनीति लोभलाग्दो छ । अनि त संसारका न्यायप्रेमीहरूको ओठ ओठमा गुञ्जित छ, 'आइ लभ यु इरान ।' सलामयोग्य छ इरानी जनताको सङ्कल्प शक्ति । उता प्यालेस्टाइनी भूमि बम, बारूद र क्षेप्यास्त्रले अनपेक्षित रूपमा छिया छिया भएको छ । लडाइँको घानमा लेवनानसमेत लपेटिएको छ ।

इरानीहरूले गरेको युद्धप्रतिकारको क्रममा तेल अबिबलगायतका सहर जल्दै छन्, भत्किदै छन्, अमेरिकी अरब बेस धुलोपिठो हुँदै छ । अमेरिकी तथा इजरायली युद्धविमान गोली लागेको चराझैँ भुइँमा खस्दै छन्।दुबैतिरको आक्रमणको सिकार अरबक्षेत्रका तेलका खानी/उद्योग भएका छन् । युद्धमा तेलको अपव्यय, ढुवानी अवरोध, आकासिँदो मूल्य, आवागमनको मुख्य जलमार्ग 'स्टेट अफ हर्मुज'उपरको प्रभुत्व युद्धको नयाँ विषय बन्नपुगेको छ । अमेरिका-इजरायललाई इरान सिध्याउनु छ, तेलका स्रोत कब्जा गर्नु छ । इरानलाई जसरी पनि सिद्धिनबाट जोगिनु छ । जोगिने कसरी ? अत्याधुनिक प्रविधिका क्षेप्यास्त्र तथा प्रतिरोधी इन्टरसेप्टर प्रहार, पूर्वाधार जोगाउन ज्यानको बाजी मारी मानव साङ्लोलगायतका शौर्यता र धैर्यताले । त्यो धैर्यता एवम् शौर्यता इरानी सैन्य तथा जनताले प्रदर्शन गरेका छन् । पश्चिम एसियाको जल, स्थल र आकाशभरि युद्धातङ्क कायम छ ।

युद्धको चुरो कुरा बुझेरै विश्व इरानी जनताको पक्षमा उभिएको छ । युरोप, अमेरिका, अफ्रिका तथा एसियाका प्रमुख सहरका बासिन्दाले त्यसै 'आइ लभ यु इरान' तथा 'फ्रि प्यालेस्टाइन'का नारा घन्काएका होइनन् । इजरायलमै 'नो मोर वार विथ इरान' नारा लागिरहेको छ । अमेरिकी संसद् तथा सडकमा युद्धविरोधी प्रदर्शन मात्र भएको छैन इजरायलले लतारेर पश्चिम एसियाको युद्धमा अमेरिकालाई मिसाएबापतको असन्तुष्टि अभिव्यक्त भइरहको छ । खासमा ४७ वर्षदेखि आर्थिक प्रतिबन्ध भोग्दै आएको इरानले अमेरिकाको केही बिगारेको थिएन । प्यालेस्टाइनी जनताको नरसंहार गरी लेवनान निल्न उद्यत नेतन्याहु सरकार त युद्ध अपराधी हो, हो । त्यसमा कुनै शङ्का छैन ।

पश्चिम एसियामा थोपरिएको युद्धको जरा केलाउँदा जताबाट पनि मिस्टर नेतान्याहुको क्रूर योजना, उल्क्याहट र अमानवीयता प्रमुखरूपमा दोषी देखिन्छ । जसले युद्ध सुरु गऱ्यो उसैलाई घाउचोटपटक बढी लाग्यो । लाग्नै पर्छ । त्यही देशका जनता घर छाडेर अन्यत्र जानुपऱ्यो ।

निर्धो ठानिएको इरान सशक्त देखिनु, त्यहाँका जनतामा अभूतपूर्व एकता कायम हुनु संसारका लागि नयाँ पाठ भएको छ । सधैँ हेप्ने मात्र बलियो हुनसक्दैन । उन्मादी नेतान्याहुले सन्की ट्रम्प महाशयलाई इरानी तेलका खानी कब्जा गर्ने लोभ देखाई साथमा लिए, घिसारे। पर्सियनजस्तो संसारकै विरल सभ्यताको केन्द्रमा तिनले गरेको यो अत्याचारउपर विश्व क्रुद्ध छ। यो इतिहासको असहनीय घाउ हो। ट्रम्प महोदयको इरानी सभ्यता मेटाउने धम्की संसारमा जीवित कुन प्राणीले सहन गर्नसक्ला ?

संसार जङ्गली युगमा फर्किसक्यो ? संसार एक सन्की नेताले राज गर्ने भइसक्यो ? कसैको सनकमा सभ्यताले आँखा चिम्लिनुपर्छ ? अनेक प्रश्नहरू उब्जिएका छन्। एक देशले अर्को देशका शासक मार्ने ? अर्को देशका बालक मार्ने ? युनिभर्सिटी ध्वस्त पार्ने ? अर्को देशका नागरिक मार्ने ? नरसंहार मच्चाउने ? मार्ने प्रजातान्त्रिक, मर्ने तानाशाह ? अहिलेसम्म पश्चिमा देशले गर्ने गरेको प्रजातन्त्रको परिभाषा र व्याख्या एकाएक पत्रु साबित भएको छ । अहिलको युद्ध क्रूर तानाशाह र व्यापारीको फ्युजन-चेतबाट सिर्जित भएकोमा कुनै सन्देश छैन।

पश्चिम एसियाको यो लडाइँ मानवताउपर बर्सिएको चट्याङ हो, विवेक र सभ्यताउपरको बज्रपात हो । यो अत्याचार हो, अन्तर्राष्ट्रिय कानुनको खुलेआम उल्लङ्घन हो। दुई बलिया अपराधीको गठबन्धनमा आयोजित नरसंहार हो । अन्तर्राष्ट्रिय कानुन केका लागि ? अन्तर्राष्ट्रिय न्यायालय केका लागि ? संयुक्त राष्ट्रसङ्घ केका लागि ? यो युद्ध अपराध र अपराधी विवेकभन्दा पर, मूल्यभन्दा पर हुन्छन् भन्ने कुराको दृष्टान्त हो। धिक्कार छ रक्तपिपासु शासक ! धिक्कार छ बलियालाई कानुन नलाग्ने परिपाटी !

प्रकृतिमा विपतसँगै नजिकमा घाम लाग्छ। जनजीवन शान्त पनि हुन्छ। अहिले त्यो सङ्केत पनि प्रकट भइरहेको छ। दुई सन्कीलाई विश्वले साथ नदिएपछि, इरानी जनताले संयमता कायम राखेपछि एउटा सन्की वेला वेला ध्वंशबाट पर हटेको, व्यापारिक मागको कचौरा बोकेर याचना गर्दै हिँडेजस्तो पनि देखिन्छ । सुखद संयोग, सकारात्मक सोच भएका धेरै मुलुकको कारण स्टेट अफ हर्मुज नियन्त्रणको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घमा अमेरिकाविरुद्ध भिटो लाग्यो । नपत्याउँदो मुलुक पाकिस्तानले युद्धविरामका लागि वार्ताको टेबलमा ल्याउन सक्यो । को कति बलियो ? को कति मानवीय ? भ्रम र सत्यका पर्दा खुल्दै छन्।

रह्यो जूनको सन्दर्भ । जून शीतल हुन्छ, महनीय हुन्छ । जूनको भूमिकामा केही देश उभिएका छन्। चीन, युरोप, एसिया तथा अफ्रिकाजस्ता केही देश यतिखेर इरान, प्यालेस्टाइन र लेवनानको शान्ति एवम् सार्वभौमिकताको पक्षमा खुल्दै छन्, बोल्दै छन्। चीनलगायतका देशले यस युद्धलाई अरू बिग्रिन नदिन निकै शान्त, सक्रिय, रणनीतिक र प्रभावकारी भूमिका खेलेका छ्न्। यो भूमिका र पृष्ठपोषणसमेतको कारण भष्म हुने डिलमा पुगेको पर्सियन सभ्यता आजका मितिसम्म जोगिएको हो।

सन्कीहरूलाई यो सुरम्य संसार तथा सभ्यता नाश गर्ने कुनै अधिकार छैन। विश्वका जागरूक नागरिकसँग स्वरमा स्वर मिलाई हामी पनि समवेत स्वरमा मुखरित बनौँ : 'आइ लभ यु इरान', 'सोलिडारिटी फर इरान', 'लङ लिभ सोभरिन प्यालेस्टाइन', 'आइ लभ यु लेवनान।'

*१० वैशाख २०८३*

# पुष्पपराग साहित्य प्रतिष्ठानद्वारा पुरस्कार तथा सम्मान अर्पण

२०८२ चैत्र २८ गते कौटिल्य ग्लोबल स्कुल, सुविधानगर, तीनकुने, काठमाडौँमा आयोजित विशेष समारोहमा 'पुष्पपराग साहित्य प्रतिष्ठान' भक्तपुरको दशौँ वार्षिक उत्सव समारोहमा विभिन्न तेरजना स्रष्टालाई पुरस्कार तथा सम्मान अर्पण गरियो र तीनजना स्रष्टालाई आजीवन सदस्यता प्रमाणपत्र समर्पण गरियो । प्रतिष्ठानका अध्यक्ष टी.एन.भट्ट 'विश्वामित्र'को सभापतित्वमा सम्पन्न उक्त समारोहका प्रमुख अतिथि डा.विष्णुविभु घिमिरे हुनुहुन्थ्यो भने विशेष अतिथिका रूपमा प्रतिष्ठानका संस्थापक अध्यक्ष डा.यज्ञेश्वर निरौला र बागमती प्रदेशकी माननीय सुना परियार उपस्थित हुनुहुन्थ्यो भने प्रतिष्ठानकी सदस्य राधिका पन्तले स्वागत गर्नुभएको थियो ।

पदम दाहालको संयोजकत्वमा चेवनचन्द्र बस्नेत र रचना दाहाल सदस्य रहेको स्रष्टा चयन समिति गठन गरिएको थियो भन्ने कुरा जानकारी गराइएको थियो भने समितिका संयोजक पदम दाहालले पुरस्कृत तथा सम्मानित हुनुहुने स्रष्टाहरूको व्यक्तित्व तथा कृतित्वसमेतका बारेमा सङ्क्षिप्तमा प्रकाश पार्नुभएको थियो ।

प्रतिष्ठानले स्थापना गरेको रु. १०,०००।- राशिको 'पुष्पपराग वर्ष सम्मान २०८२' वि.सं.२०११ वैशाख १ गते तारकेश्वर, काठमाडौँमा जन्मिनुभएका र ५० भन्दा बढी कृति प्रकाशित गराइसक्नुभएका हरिभक्त सिग्देललाई समर्पण गरिएको थियो । टी.एन.भट्टद्वारा स्थापना गरिएको रु.१०,०००।- राशिको 'पुष्पपराग-नीलगङ्गा भाषा-साहित्य पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०२४ कार्तिक २८ मा सिन्धुपाल्चोकमा जन्मिएर भाषासाहित्यका तीन दर्जनभन्दा बढी कृति प्रकाशित गराइसकेका महाकाव्यकार चन्द्रप्रसाद न्यौपानेलाई समर्पण गरिएको थियो । प्रेमकुमार राई परिक्षितद्वारा स्थापित रु.१०,०००।- राशिको 'पुष्पपराग-शुक्रमन्दिर लोकसाहित्य पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०१२ असार २७ गते सङ्खुवासभामा




जन्मिएका गायक, वाध्यवादक, लोकबाजासम्बन्धी एल्बम नै निकालेका अर्जुन चइनपुरेलाई समर्पण गरिएको थियो । चेवनचन्द्र बस्नेतद्वारा स्थापित रु.१०,०००।- राशिको 'पुष्पपराग-चेवनचन्द्र बस्नेत कविता पुरस्कार तथा सम्मान२०८२'वि.सं.२०३३वैशाख७मादोलखामा जन्मिएर कविता, हाइकु, गीत, आख्यानको सिर्जना एवम् प्रकाशनका साथै गीति एल्बमसमेत प्रकाशित गरिसकेका भुवन सिवाकोटी 'चौघरे'लाई समर्पण गरिएको थियो ।

प्रजापति तिमिल्सिनाद्वारा स्थापित रु.१०,०००।- राशिको 'पुष्पपराग-पद्मावती गीत, सङ्गीत पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०१७ चैत्र १६ मा भक्तपुरमा जन्मिएर गीति एल्बम, गजल तथा मुक्तकसङ्ग्रह प्रकाशित गराएका सुवासचन्द्र ढुङ्गेललाई समर्पण गरिएको थियो । मनिषकुमार शर्माद्वारा स्थापित रु.२५,०००।- राशिको 'पुष्पपराग-आख्यान स्मृति पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०१८ असोज १९ मा नेपालगन्जमा जन्मिएर कविता, मुक्तक, कथासङ्ग्रह प्रकाशित गराइसकेका किरण पौडेल आचार्यलाई समर्पण गरिएको थियो । ढुण्डीराज पोखरेलद्वारा स्थापित रु.१०,०००।- राशिको पुष्पपराग-बालकुमार छन्द कविता पुरस्कार तथा सम्मान २०८२' खोटाङकी विद्या अनामिका तिवारीलाई वाचित कवितामध्येबाट सम्मानित गरिएको थियो । इन्दिरा चापागाईँद्वारा स्थापितरु.१०,०००।-राशिको'पुष्पपराग-मेखमाया खगेन्द्र स्मृति पुरस्कार तथा सम्मान (आख्यान) २०८२' वि.सं.२०१३ साउन १ मा भक्तपुरमा जन्मिएर कथा, कविता, नाटक, अनुसन्धानमा क्रियाशील स्रष्टा राममणि ढुङ्गेललाई समर्पण

गरिएको थियो।

सुना परियारद्वारा छोरीको स्मृतिमा स्थापित रु.१०,०००।- राशिको 'पुष्पपराग-सफलता स्मृति पुरस्कार (महिला) २०८२' द्वारा वि.सं.२०१० जेठ १० मा खोटाङमा जन्मिएर बालसाहित्यका आठओटा कृति प्रकाशित गराइसकेकी निर्मला बराललाई समर्पण गरिएको थियो । प्रतिष्ठान आफैँले स्थापना गरेको 'पुष्पपराग भाषा साहित्य मानार्थ सम्मान २०८२' भोजपुरमा जन्मिएर भाषा र साहित्यका लेखन तथा सम्पादन गरी ९३ भन्दा बढी कृति प्रकाशित गराइसकेका हरिमञ्जुश्रीलाई सम्मानित गरिएको थियो। प्रतिष्ठानले नै स्थापना गरेको 'पुष्पपराग नियमित कवितावाचन साहित्य सम्मान २०८२' वि.सं.२०३१ पुस १४ मा आछाममा जन्मिएका एम.पी.पाण्डेलाई सम्मानित गरिएको थियो। भुवन तथा सुनिता सिवाकोटीद्वारा स्थापित रु.५,०००।- राशिको 'पुष्पपराग-कृष्णलाल-गोपिनी सिवाकोटी स्मृति बहुप्रतिभा पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०२५ वैशाख ३० मा खोटाङमा जन्मिएर कविता, गीत, गजल, नाटक, गीति एल्बम प्रकाशित गराइसकेका प्रेमकुमार राई परिक्षित'लाई सम्मानित गरिएको थियो । विन्दु अधिकारी ढकालद्वारा स्थापित रु. १०,५००।- राशिको 'पुष्पपराग-अक्सिजन कवि बालकृष्ण लक्ष्मी अधिकारी धनकुटे पुरस्कार तथा सम्मान २०८२' वि.सं.२०१८ वैशाख १५ मा ओखलढुङ्गा जिल्लाको माम्खामा जन्मिएर कविता, निबन्ध, समालोचना लेखन, साहित्यिक पत्रिका सम्पादन, साहित्यिक संस्था सञ्चालनका क्षेत्रमा क्रियाशील रमेश पोखरेललाई सम्मानित गरिएको थियो । प्रतिष्ठानकै तर्फबाट 'पुष्पपराग विशेष सम्मान २०८२' वि.सं.२०४२ सालमा पर्वतमा जन्मिएका नारायण काफ्लेलाई सम्मानित गरिएको थियो।

उल्लिखित सबै पुरस्कार तथा सम्मान प्रमुख अतिथि, सभाध्यक्ष तथा पुरस्कार रकम संस्थापकले संयुक्त रूपमा समर्पण गर्नुभएको थियो । प्रतिष्ठानका संस्थापक अध्यक्ष डा. यज्ञेश्वर निरौलाले सम्मानित सबै स्रष्टालाई बधाई दिनुभएको थियो भने सम्मानित व्यक्तित्वहरूका तर्फबाट हरिभक्त सिग्देल र निर्मला बरालले आआफ्नो धारणा राख्दै धन्यवाद दिनुभएको थियो । यसरी नै सुना परियार र डा.विष्णुविभु घिमिरेले पनि आआआफ्नो धारणा राख्नुभएको थियो।

# साहित्य सन्ध्याको ४७५ औँ शृङ्खला सम्पन्न

साहित्य सन्ध्याको ४७५ औँ शृृ ला २०८३ वैशाख ५ गते आर.आर. क्याम्पस प्रदर्शनी मार्ग, काठमाडौँमा सम्पन्न भयो। उक्त शृृ लामा प्रमुख अतिथि तथा परिचर्चाकारका रूपमा इतिहासकार प्रा. दीनेशराज पन्त उपस्थित हुनुहुन्थ्यो भने विषय 'नववर्ष मनाउने परम्परा, प्रचलन र सन्देश' रहेको थियो।

सो अवसरमा ओमप्रसाद कोइराला, मुक्तिनाथ आचार्य, लक्ष्मण तिमिल्सिना, ब्रह्मप्रिय प्रेमस्वरूप, डा.मनोज जोशी, पोषरमण चापागाईँ, डा.विजय सुब्बा, अविकेशर ओली, महेशराज खरेल, कृष्ण बाउसे, नन्दु उप्रेती, दिल पौडेल, प्रशान्त खरेल, अमर दीप सुनुवार, ललित बस्नेत 'भिमाली', वासुदेव अधिकारी पाँचथर, बलराम विष्ट, नर्मदेश्वरी सत्याल, यदुनाथ वसन्तपुरे, देबु लुइटेल, डा.गोविन्दप्रसाद आचार्य, प्रिन्स प्रमोद, दिनेशराज खरेल, विन्दु अधिकारी ढकाल, गोपालकुमार मैनाली र राम विनयले नववर्ष, पर्यावरण तथा सामाजिक-राजनैतिक चिन्तन समेटिएका रचना वाचित भएका थिए। वाचित रचनामाथि उपप्रा. डा.विनोद मन्जनले समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यक्रमको उद्घोषण गोपालकुमार मैनालीले गर्नुभएको थियो।

साहित्य सन्ध्याका अध्यक्ष राम विनयले विगत चार दशकभन्दा बढी समयदेखि मासिक रूपमा सञ्चालित साहित्य सन्ध्या साहित्यप्रेमीको साझा ऊर्जाको केन्द्र रहेको बताउँदै उपस्थित सबैप्रति आभार प्रकट गर्नुभएको थियो।

# उत्तरआधुनिकतावादले विखण्डन, विघटन हुँदै अर्थहीन पार्ने र निराशा ल्याउने काम गरेको पाइन्छ



❖ प्रा.डा.रमेशप्रसाद भट्टराई

'प्रगतिवाद र उत्तरआधुनिकतावाद'जस्तो समसामयिक विषयमा साहित्य सन्ध्याको यो विशेष समारोहमा बहस हुनु सकारात्मक पक्ष हो । प्रगतिवाद र उत्तरआधुनिकतावाद दुबै दर्शन हुन् । मध्ययुगपछि पश्चिममा पुनर्जागरणको काल आयो। ग्यालिलियोहरूले परम्परागत मान्यताका विरुद्धमा सूर्य होइन पृथ्वी चाहिँ घुम्छ भन्ने ज्ञाननिर्माणको मान्यता अघि सारे। अर्थात् त्यो समयमा युरोपमा युरोपादेवी र एसियामा भूदेवीले रक्षा गरेका छन् भन्ने मान्यतालाई विज्ञानका नयाँ चेतनाले तोड्दै गए । विभिन्न विद्वानले प्रतिपादन गरेका दर्शनले सामन्ती दृष्टिकोणलाई कमजोर बनाए। तर्क, ज्ञान मुख्य कुरा हो भन्ने मान्यता अनि स्वतन्त्रता, समानता र भातृत्वका आधारमा हेर्ने दृष्टिकोण कार्लमार्क्ससम्म आइपुग्दा प्रतिपादन भयो। संसारको उत्पत्तिदेखि किकासससम्मका कुरामा विज्ञान जोडिन थाल्यो। वर्गसँग जोड्ने अर्थतन्त्रको जगका आधारमा पुँजीवादी संसार र सर्वहारा वर्गीय संसार स्पष्ट छुट्टिए । मार्क्सवादले संसारलाई प्रभाव पार्ने काम गरेको वा हलचल नै ल्याइदिएका कारण मार्क्सवादका विरुद्धमा विभिन्न वादहरू देखा परे, विभिन्न विचारहरूले प्राथमिकता पाए, महान् विचार संसारमा लागू हुन्छ भन्ने मान्यता स्थापित गर्ने प्रयत्न भए। मार्क्सवादको प्रभावले पुँजीवाद पछि पर्दै गयो र त्यसको रक्षाका लागि किन्सको अर्थशास्त्रले केन्द्रीय उत्पादनपद्धतिले मात्र पुँजीवाद अगाडि बढ्छ भन्ने मान्यता स्थापित गर्ने प्रयत्न गर्‍यो । विस्तारै पुँजीको विकेन्द्रीकरण बहुराष्ट्रिय कम्पनीमार्फत गर्नथालियो। सन १९६० देखि विभिन्न ठाउँमा हिप्पी आन्दोलन, हङ्ग्री आन्दोलन, कालाहरूको आन्दोलन, नारीवादी आन्दोलन सुरु भए र सन १९६८ मा फ्रान्समा ठुलो आन्दोलन भयो तर त्यो विफल भयो त्यसपछि भने सबैमा निराशा पैदा भयो । डेरिडा, लोतार, मेसिल फुकोजस्ता वामपन्थीहरू पनि निराश भए। फेरि ग्लोबल इकोनोमीमार्फत पुँजीवादलाई संसारमा पुऱ्याइयो, पुँजीवादी शोषणको रूप फेरियो, त्यसका लागि सञ्चारले महत्त्वपूर्ण सहयोग पुऱ्यायो।

मानवस्वास्थ्य र समाजलाई खराब गर्ने कुरा प्रचारित भयो अर्थात् भ्रमको वितरण भयो, फलस्वरूप उपभोक्ताको छनोट पनि फेरियो । सबैतिर विज्ञापनको एकछत्र स्वरूप देखियो ।

यसै समयमा क्यानडाको क्युबेक विश्वविद्यालयका प्राध्यापक लोतारले निर्देशित रूपमा सांस्कृतिक नीति बनाए । उनको 'उत्तरआधुनिक दसा' नामक किताव नै प्रकाशित भयो र त्यसलाई मार्क्सवादविरोधी परियोजना मानियो । त्यसअनुसार प्रगतिवादलगायत सबै दर्शनको समय सकियो भन्ने भ्रम छर्ने र टुक्रे इतिहासको थालनी गरी समाजलाई टुक्र्याउने, विच्छेद गर्ने अनि त्यसका लागि सञ्चारले सघाउने हदैसम्मका प्रयत्न भए । वर्ग भन्ने नै हुँदैन, पुरषबाहेकको नारीवाद आवश्यक, पहिचानवाद, जातीय विद्वेष ल्याउने, एकत्व हुननदिनेजस्ता अतिवादका माध्यमबाट मार्क्सवादको अस्वीकार गर्ने कार्यमा डेरिडाको अथक प्रयत्न रहेको देखिन्छ । विखण्डन, विघटन हुँदै अर्थहीन पार्ने र निराशा ल्याउने काम भएको पाइन्छ । मिसेल फुकोले त ज्ञान, सत्ता माथिबाट होइन तलबाट प्राप्त हुन्छ भन्ने, मार्क्सको अन्त्य भएको, आशाको अन्त्य भएको, गहिराइको अन्त्य भएको मात्र होइन निराशा नै प्रमुख कुरा हो भन्ने मान्यता स्थापना गर्ने प्रयत्न गरेका छन् । हरेक कुरालाई सतही रूपमा मात्र हेर्ने, सत्य भन्ने छँदै छैन भन्ने, जे मन लाग्छ त्यही लेख्ने हो भन्ने, जे पनि अर्थ लगाउन मिल्छ भन्ने, निष्कर्षविहीन पार्ने र साहित्यमा अराजकता सिर्जना गर्ने कार्यसमेत गरिएको छ। सन २००० सम्म आउँदा लेखनलाई सतही पार्ने प्रयत्न गरिएको भए पनि त्यसपछि भने उत्तरआधुनिकतावादको विरोध सुरु भएको छ। भर्चुअल संसारका कुरा, उत्तरमानवतावादका बहस प्रारम्भ भएका छन् । सन २०१८ मा चिलीका मन्त्रीले मानिस र वर्ग रहँदासम्म मार्क्सवाद रहन्छ भन्ने योङ कार्लमार्क्सको अवधारणा ल्याएका छन् । उनले मार्क्सवादले अहिलेको समयको समेत व्याख्या गरेको भन्ने दाबी गरेका छन् ।

मार्क्सवादको विद्रुपीकरण र असौन्दर्यीकरण गर्ने अनि सबै सबै क्षेत्रमा निराशा भर्ने काम उत्तरआधुतिकतावादले गरेको छ । साहित्यमा विधामिश्रण गर्ने र सबै सबै विषय साहित्य हुन् भन्ने मात्र होइन सम्पूर्ण समाप्त पार्ने काम गरिएको छ । हाम्रो मुलुकमा आइएनजिओहरूले र विश्वविद्यालयहरूले पाठ्यक्रममा समावेश गरेर उत्तरआधुतिकतावादलाई मलजल गर्ने काम भएको पाइन्छ । तर यथार्थमा मार्क्सवाद र उत्तरआधुतिकतावादका बारेमा समयसापेक्ष बहस अहिले झनै आवश्यक रहेको छ । पर्यावरण, प्रविधि, डाटासाइन्स र मानवचेतनाका सापेक्षतामा मार्क्सवादको समीक्षा पनि आवश्यक छ। मार्क्सवादी दृष्टिकोण आएदेखि नै यसका विरुद्धका धारहरू सक्रिय भएका हुन्। पुँजीवादीहरू अरूबाट पनि सिक्छन् र कार्यान्वयनमा ल्याउँछन् तर मार्क्सवादले अरूबाट ग्रहण गर्ननसकेको चाहिँ सत्य हो । आजको यो विशेष समारोहमा मेरा आफ्ना धारणा राख्ने अवसरले गौरवानुभूति भएको छ। म साहित्य सन्ध्यालाई हार्दिक धन्यवाद दिन्छु।

*-रमेश पोखरेल (प्रा.डा.रमेशप्रसाद भट्टराईले साहित्य सन्ध्याको ४७१ औँ विशेष समारोहमा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

# गणतन्त्र दिवस मनाऔँ, लोकतन्त्र सुदृढ बनाऔँ

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौँ,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौँ,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रबर्धन गरौँ,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔँ,
- राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔँ,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔँ,
- लोकतान्त्रिक मूल्य, मान्यता र मानवअधिकारको संरक्षण गरौँ ।

## गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।


नेपाल सरकार


**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१

म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

खोजी खोजी पढ्नुहोस्' ।